मानविकी तथा सामाजिक शास्त्र संकाय

नेपाली

एम. ए. नेपाली

पाठयक्रम

१९९९

पाठयक्रम विकास केन्द्र

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, *काठमाडौं*

नेपाल

Publisher:
Curriculum Development Centre
Tribhuvan University
Kirtipur, Kathmandu,
Nepal
Tel No 330856

© 1999 by CDC, TU All rights reserved

TEXT BOOK

First Edition

Kartic, 2056
October, 1999



Price Gunacc.

GIFT

Funded by:
Higher Education Pr ect
T.U.

Printers:

एम. ए. नेपाली

१९९९ देखि लागू गरिएको

डीनको कार्यालय
मानविकी तथा सामाजिकशास्त्र संकाय
त्रिभुवन विश्वविद्यालय
काठमाडौं, नेपाल

नेपाली विषयको स्नातकोत्तर तह (एम.ए.) को पाठ्यक्रम

१. पाठ्यक्रमको उद्देश्य

क) पाठ्यक्रमको तहगत उद्देश्य

नेपाली स्नातकोत्तर पाठ्यक्रमको तहगत उद्देश्य निम्नलिखित किसिमको उच्चस्तरीय जनशक्तिको उत्पादन गर्नु हुनेछ:

१) उच्च शिक्षाको क्षेत्रका विभिन्न शैक्षिक संस्थामा नेपाली विषयका शिक्षकका रूपमा प्राध्यापनकार्य गर्न सक्ने,

२) साहित्यिक पत्रपत्रिका र पुस्तकको सम्पादन गर्न सक्ने,

३) नेपाली साहित्यका विभिन्न विधा (गद्य र पद्य) मा स्तरीय रचना गर्न सक्ने,

४) नेपाली भाषा र लोकसाहित्यका विभिन्न पक्षको विवेचना र शोधका साथै नेपाली साहित्यका विभिन्न पक्षको विवेचना, समालोचना र शोधकार्य गर्न सक्ने,

५) नेपाली भाषा, वाङ्मय र साहित्यसंगसंबद्ध विभिन्न संस्थागत नेपाली विशेषज्ञका रूपमा काम गर्न सकने,

६) नेपाली विषयमा विद्यावारिधि उपाधिका निमित्त शोधकार्य गर्ने आधारभूत शैक्षिकपूर्वयोग्यता प्राप्त गर्न,

ख) पाठ्यक्रमको विषयगत उद्देश्य

उपर्युक्त तहगत उद्देश्य प्राप्त गर्ने सन्दर्भमा यस पाठ्यक्रमका विभिन्न पाठ्यांशको अध्ययनबाट विद्यार्थीहरू निम्नलिखित ज्ञान र क्षमता प्राप्त गर्न समर्थ हुनेछन्:

१) नेपाली भाषा, लोकसाहित्य र साहित्यका विभिन्न पक्ष वा विधाका सम्बन्धमा सर्वाङ्गीण ज्ञान प्राप्त गर्न र यसको प्रयोग गर्न,

२) नेपाली भाषा, लोकसाहित्य र साहित्यका ऐतिहासिक तथा सैद्धान्तिक पक्षको विस्तृत ज्ञान प्राप्त गरी त्यस आधारमा नेपाली भाषा र लोकसाहित्यको व्याख्या र विश्लेषणका साथै नेपाली साहित्यको व्याख्या, विश्लेषण र मूल्याङ्कनकार्य गर्न,

३) शोधविधिको ज्ञानका साथै खास गरी नेपाली भाषा र साहित्य तथा लोकसाहित्यसम्बन्धी शोधकार्य गर्न,

४) नेपाली साहित्यमा प्रतिविम्बित राष्ट्रिय र सामाजिक जीवनका बहुमुखी छवि र मानव-अन्त:करणका सूक्ष्मतम भावको आस्वादनद्वारा स्वस्थ, सन्तुलित र उच्चतम जीवन-संस्कारको अभिमुखीकरण प्राप्त गर्न,

५) नेपाली भाषा, लोकसाहित्य र साहित्यका विशेषज्ञका रूपमा समाजमा उत्तरदायित्व वहन गर्न र नेपाली भाषासाहित्यमा सृजनात्मक, समालोचनात्मक,अनुसन्धानात्मक, अनुवादसम्बन्धी, गतिविधिमा भूमिका खेल्न

६) नेपाली साहित्यसंग सन्दर्भित रूपमा विश्वसाहित्यबारे आधारभूत जानाकारी प्राप्त गर्न,

७) नाटक, रङ्गमञ्च र रङ्गकर्मीबारे आधारभूत ज्ञान र सीपसहित प्रयोगात्मक कार्यमा योगदान गर्न

२. नेपाली स्नातकोत्तर तहको प्रवेश योग्यता तथा भर्ना

त्रि. वि. वा मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा ३०० पूर्णाङ्कको नेपाली विषय लिई स्नातक तह उत्तीर्ण गरेका व्यक्ति विभागले तोकेको प्रक्रिया पूरा गरी नेपाली स्नातकोत्तर (एम्.ए.) तहमा प्रवेशयोग्य हुनेछन् ।

द्रष्टव्य: स्नातक तह उत्तीर्ण गरी त्रि.वि. द्वारा विदेशीहरूका लागि निर्धारण गरेको नेपाली विषयको तीन वर्षे डिप्लोमा उत्तीर्ण गरेका विदेशी छात्रहरू पनि विभागद्वारा तोकेको प्रक्रिया पूरा गरी यस तहमा प्रवेश गर्न सक्ने छन् ।

उपरोक्त बमोजिम प्रवेश योग्यता पुग्ने विद्यार्थीले विभागले संचालन गर्ने प्रवेश परीक्षामा सम्मिलित भई उत्तिर्ण हुनुपर्नेछ । प्रवेश परीक्षामा उत्तिर्ण विद्यार्थीहरुलाई प्रवेश परीक्षामा प्राप्त उत्कृष्टता अनुसार र विभागको क्षमता अनुसार भर्ना लिईने छ । प्रवेश परीक्षामा सम्मिलित नभएका र प्रवेश परीक्षामा प्राप्त गर्नुपर्ने न्यूनतम अंक समेत प्राप्त गर्न नसकेका विद्यार्थीहरुलाई भर्ना लिईने छैन ।

३. स्नातकोत्तर तहको नेपाली विषयको पाठ्यक्रमको रूपरेखा

नेपाली विषयको स्नातकोत्तर तह (एम.ए.) को पाठ्यक्रम

पहिलो वर्ष

पत्र	संकेताङ्क	विषय	पूर्णाङ्क
I	Nep.501	भाषा विज्ञान र नेपाली भाषा	१००
II	Nep.502	सिर्जना, शोधविधि र संस्कृतकाव्यशास्त्र	१००
III	Nep.503	पाश्चात्य समालोचनासिद्धान्त र नेपाली समालोचना	१००
IV	Nep.504	लोकसाहित्य, पूर्वआधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निबन्ध	१००
V	Nep.505	आधुनिक नेपाली नाटक र फुटकर कविता	१००

दोस्रो वर्ष

VI	Nep.506	आधुनिक नेपाली आख्यान	१००
VII	Nep.507	आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य	१००
VIII	Nep.508	नेपाली साहित्यको इतिहास तथा संस्कृत र पाश्चात्य साहित्यको रूपरेखा	१००

ऐच्छिक विशिष्टीकरण समूह मध्येको कुनै एक पत्र लिनुपर्ने			
IX	Nep.509-1	भाषिक अध्ययनपरम्परा र प्रमुख भाषिक संप्रदाय	१००
	Nep.509-2	संस्कृत काव्यशास्त्र र समालोचनापद्धति	
	Nep.509-3	पाश्चात्य साहित्यसिद्धान्त र समालोचनापद्धति	
	Nep.509-4	संस्कृत साहित्यको अध्ययन	
	Nep.509-5	एशियाली साहित्यको अध्ययन	
	Nep.509-6	पाश्चात्य साहित्यको अध्ययन	
	Nep.509-7	नाटककार बालकृष्ण सम र उनका नाट्यकृति	
	Nep.509-8	महाकवि लक्ष्मीप्रसाद देवकोटा र उनका कविताकृति	
	Nep.509-9	आख्यानकार विश्वेश्वरप्रसाद कोइराला र उनका आख्यानकृति	
	Nep.509-10	आख्यानकार भवानी भिक्षु र उनका आख्यानकृति	
	Nep.509-11	नाटककार विजय मल्ल र उनका नाट्यकृति	
	Nep.509-12	आख्यानकार पारिजात र उनका आख्यानकृति	

प्रायोगिक कार्यउन्मुख ऐच्छिक पत्रमध्येको कुनै एक पत्र लिनु पर्ने			
X	Nep.510-1	शोधपत्र (Thesis)	१००
	Nep.510-2	सिर्जनापत्र (Creative Writing)	
	Nep.510-3	भाषासाहित्य शिक्षण र शिक्षणअभ्यास	
	Nep510-4	नाट्यविज्ञान र रङ्गमञ्चप्रस्तुति	
	Nep.510-5	अनुवाद:सिद्धान्त प्रविधि र अध्ययनपत्र (Term-paper)	
	Nep.510-6	लोकसाहित्य र अध्ययनपत्र	
	Nep.510-7	तुलनात्मक साहित्यसिद्धान्त र अध्ययनपत्र	
	Nep.510-8	मनोविश्लेषणात्मक समालोचना र अध्ययनपत्र	
	Nep.510-9	मार्क्सवादी समालोचना र अध्ययनपत्र	
	Nep510-10	शैलीवैज्ञानिक समालोचना र अध्ययनपत्र	
	Nep.510-11	पाठालोचन र अध्ययनपत्र	

क) यो पाठ्यक्रम शैक्षिक सत्र वि.सं. २०५६/०५७ (सन् १९९९-२०००) देखि लागू हुने छ ।

ख) द्वैवार्षिक शैक्षिक सत्रअन्तर्गत यस पाठ्यक्रमको पढाइ हुनेछ । उपर्युक्त दुई वार्षिक शैक्षिक सत्रमध्ये पहिलो वार्षिक शैक्षिक सत्रमा यस पाठ्क्रमको प्रथम खण्डको पढाइ हुनेछ र दोस्रो वार्षिक शैक्षिक सत्रअन्तर्गत यस पाठ्यक्रमको द्वितीय खण्डको पढाइ हुनेछ ।

ग) यस पाठ्यक्रमअन्तर्गतका प्रत्येक खण्डमा पूर्णाङ्क १००/१०० का जम्मा पाँचपाँच पत्र रहने छन् र प्रथम खण्डमा पूर्णाङ्क ५०० र द्वितीय

खण्डमा पूर्णाङ्क ५०० गरी दुवै खण्ड मिलाएर नेपाली स्नातकोत्तर तहमा पूर्णाङ्क .१००० का जम्मा दश पत्र हुनेछन् ।

घ) यस पाठ्यक्रम अन्तर्गतका प्रथम खण्डका पाँचवटै पत्र (पहिलो, दोस्रो तेस्रो चौथो र पाँचौ पत्र) र द्वितीय खण्डका छैटौं, सातौं र आठौं पत्रलगायतका जम्मा आठ पत्र अनिवार्य हुनेछन् । यस पाठ्यक्रमका द्वितीय खण्डका नवौं र दसौं पत्र ऐच्छिक हुने छन् र नवौं पत्रबाट तोकिए बमोजिमको कुनै एक र दसौं पत्रबाट तोकिए बमोजिमको कुनै एक पाठ्यांश ऐच्छिक पत्रका रूपमा लिनुपर्नेछ । यस्ता ऐच्छिक पत्रहरू विभागद्वारा आफ्नो साधनस्रोत अनुसार निर्धारण गरिनेछन् ।

द्रष्टव्य:

(क) प्राइवेट विद्यार्थीहरूले दसौं पत्रको शोध, सिर्जना र अध्ययनपत्र संबन्धी कार्यमूलक लेखन विभागको अनुमति लिएर गर्नुपर्ने छ ।

(ख) नवौं र दसौं पत्रका रूपमा रहेका ऐच्छिक विषयहरूबाट नेपाली केन्द्रीय विभाग, कीर्तिपुर बाहिरका क्याम्पसमा अध्ययनरत नियमित विद्यार्थी र प्राइवेट विद्यार्थीहरूले देहायअनुसारका पाठ्यांश मात्र लिन पाउने छन्:

नियमित विद्यार्थीका लागि

नवौं पत्रबाट: **Nep. 509-4, 509-7, 509-8, 509-9, 509-10, 509-11, 509-12** पाठ्यांशहरू मात्र

दसौं पत्रबाट: **Nep. 510-1, 510-3, 510-5, 510-6** पाठ्यांशहरू मात्र

प्राइवेट विद्यार्थीका लागि

नवौं पत्रबाट: Nep. 509-4, 509-7, 509-8, 509-9, 509-10, 509-11, 509-12 पाठ्यांशहरू मात्र

दसौं पत्रबाट: Nep. 510-1, 510-5, 510-6 पाठ्यांशहरू मात्र

यदि कुनै क्याम्पसले नवौं र दसौं पत्रका अरू पाठ्यांशको पनि पठनपाठन गराउन चाहेमा नेपाली विषयसमितिको पूर्वअनुमति लिनु आवश्यक हुनेछ ।

४. उपर्युक्त दुवै खण्डका १० पत्रहरू यसप्रकार रहनेछन्:

(क) पहिलो वर्ष

पत्र	विषय	पूर्णाङ्क
पहिलो	भाषाविज्ञान र नेपाली भाषा	१००
दोस्रो	सिर्जना, शोधविधि र संस्कृतकाव्यशास्त्र	१००
तेस्रो	पाश्चात्य समालोचनासिद्धान्त र नेपाली समालोचना	१००
चौथो	लोकसाहित्य, पूर्वआधुनिक नेपालीसाहित्य र आधुनिक नेपाली निबन्ध	१००
पांचौ	आधुनिक नेपाली नाटक र फुटकर कविता	१००

(ख) दोस्रो वर्ष

छैटौं	आधुनिक नेपाली आख्यान	१००
सातौं	आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य	१००
आठौं	नेपाली साहित्यको इतिहास तथा संस्कृत र पाश्चात्य साहित्यको रूपरेखा	१००
नवौं	विशिष्टीकरण मूलक ऐच्छिक पत्र	१००

समूह १: भाषाविज्ञान

१: भाषिक अध्ययनपरम्परा र प्रमुख भाषिक संप्रदाय

समूह २: साहित्यसिद्धान्त

२) संस्कृत काव्यशास्त्र र समालोचनापद्धति

३) पाश्चात्य साहित्यसिद्धान्त र समालोचनापद्धति

समूह ३: विश्वसाहित्य

४) संस्कृत साहित्यको अध्ययन

५) एशियाली साहित्यको अध्ययन

६) पाश्चात्य साहित्यको अध्ययन

समूह ४: नेपाली साहित्य: प्रमुख स्रष्टापरक अध्ययन

७) नाटककार बालकृष्ण सम र उनका नाट्यकृति

८) महाकवि लक्ष्मीप्रसाद देवकोटा र उनका कविताकृति

९) आख्यानकार विश्वेश्वरप्रसाद कोइराला र उनका आख्यानकृति

१०) आख्यानकार भवानी भिक्षु र उनका आख्यानकृति

११) नाटककार विजय मल्ल र उनका नाट्यकृति

१२) आख्यानकार पारिजात र उनका आख्यानकृति

दसौं **प्रायोगिक कार्यउन्मुख ऐच्छिक पत्र १००**

समूह १: शोधपत्र (Thesis)

१) शोधपत्रलेखन

समूह २: सिर्जनापत्र (Creative Writing)

२) विधागत सिर्जनात्मक लेखन

समूह ३: शिक्षण

३) भाषासाहित्य शिक्षण र शिक्षणअभ्यास

समूह ४: नाट्यरङ्गमञ्च

४) नाट्यविज्ञान र रङ्गमञ्चप्रस्तुति

समूह ५: अनुवाद

५) अनुवाद सिद्धान्त, प्रविधि र अध्ययनपत्र

समूह ६: लोकसाहित्य

६) लोकसाहित्य र अध्ययनपत्र

समूह ७: समालोचना

७) तुलनात्मक साहित्यसिद्धान्त र अध्ययनपत्र

८) मनोविश्लेषणात्मक समालोचना र अध्ययनपत्र

९) मार्क्सवादी समालोचना र अध्ययनपत्र

१०) शैलीवैज्ञानिक समालोचना र अध्ययनपत्र

११) पाठालोचन र अध्ययनपत्र

५. परीक्षा प्रणाली तथा श्रेणी विभाजन

दुई वर्षको एम.ए. नेपाली विषयमा प्रत्येक वर्षको शैक्षिक सत्रको अन्त्यमा वार्षिक परीक्षा प्रणाली अनुसार त्रिभुवन विश्वविद्यालयले परीक्षा संचालन गर्नेछ । प्रत्येक वर्षको प्रत्येक पत्र (Course) को परीक्षामा न्यूनतम ४०% अंक प्राप्त गरी उत्तीर्ण हुने विद्यार्थीको कुल प्राप्ताकंको श्रेणी विभाजन निम्नानुसार हुनेछ ।

७५%	वा सोभन्दा बढी –	विशिष्ट श्रेणी
६०%	वा सोभन्दा बढी –	प्रथम श्रेणी
५०%	वा सोभन्दा बढी –	द्वितीय श्रेणी
४०%	वा सोभन्दा बढी –	तृतीय श्रेणी

पहिलो वर्ष

पत्र	संकेताङ्क	विषय	पूर्णाङ्क
I	Nep.501	भाषा विज्ञान र नेपाली भाषा	१००
II	Nep.502	सिर्जना, शोधविधि र संस्कृतकाव्यशास्त्र	१००
III	Nep.503	पाश्चात्य समालोचनासिद्धान्त र नेपाली समालोचना	१००
IV	Nep.504	लोकसाहित्य, पूर्वआधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निबन्ध	१००
V	Nep.505	आधुनिक नेपाली नाटक र फुटकर कविता	१००

भाषाविज्ञान र नेपाली भाषा

Nep.501

पहिलो पत्र
पूर्णाङ्क: १००
वार्षिक पाठ्यभार १५०
(पाठघण्टा: ५)

१. पाठ्यांश परिचय

भाषाविज्ञानको सिद्धान्त र नेपाली भाषाको अध्ययन

२. पाठ्यांशको उद्देश्य

यस पाठ्यांशको अध्ययनबाट विद्यार्थीहरूले निम्नलिखित ज्ञान र क्षमताको विकास गर्न समर्थ हुनेछन्:

(क) भाषाविज्ञानको परिचयका साथै यसका प्रकारहरूबारे जानकारी प्राप्त गर्न,

(ख) ध्वनिविज्ञान र वर्णविज्ञानको सैद्धान्तिक ज्ञानका साथै नेपाली भाषाका ध्वनि र वर्णहरूको वर्णन गर्न,

(ग) रूपवैज्ञानिक सिद्धान्तको परिचयका साथै नेपाली रूपतत्वबारे जानकारी प्राप्त गर्न,

(घ) वाक्यविज्ञानको परिचयका साथै नेपाली वाक्यतत्वबारेका आधारभूत पक्षको विवेचना गर्न,

(ङ) अर्थविज्ञानसंबन्धी विभिन्न सैद्धान्तिक अवधारणाहरूबारे जानकारी प्राप्त गर्न,

(च) ऐतिहासिक तथा तुलनात्मक भाषाविज्ञानका मूल सैद्धान्तिक मान्यताका साथै नेपालमा बोलिने भाषाहरूको पारिवारिक तथा प्रकारगत वर्गीकरण गर्न ,

(छ) आर्थिकपरिवर्तनका कारण र प्रक्रियाबारे जानकारी प्राप्त गर्न ।

३. एकाइविभाजन

एकाइ क)	भाषा र भाषाविज्ञान	(पा.घ. ०½,	वार्षिक कक्षा १५)
एकाइ ख)	ध्वनिविज्ञान र वर्णविज्ञान	(पा.घ. ०¾,	वार्षिक कक्षा २३)
एकाइ ग)	व्याकरण: रूपविज्ञान	(पा.घ. ०½,	वार्षिक कक्षा १५)
एकाइ घ)	व्याकरण: वाक्यविज्ञान	(पा.घ. १¼,	वार्षिक कक्षा ३७)
एकाइ ङ)	अर्थविज्ञान	(पा.घ. ०¾,	वार्षिक कक्षा २२)
एकाइ च)	ऐतिहासिक तथा तुलनात्मक भाषाविज्ञान	(पा.घ.०¾,	वार्षिक कक्षा २३)
एकाइ छ)	भाषिक परिवर्तन	(पा.घ. ०½,	वार्षिक कक्षा १५)

४. पाठ्यवस्तुविवरण

एकाइ क) भाषा र भाषाविज्ञान

१) भाषाको परिभाषा र भाषाको वैज्ञानिक अध्ययनका रूपमा भाषाविज्ञान

२) भाषिकाविज्ञान, भाषाका क्षेत्रीय भेदहरू, नेपालीका क्षेत्रीय भाषिका

३) समाजभाषाविज्ञान, भाषाका सामाजिक भेदहरू, भाषानीति र योजनाहरू

४) भाषाका शैली तथा प्रयोजनपरक भेदहरू

५) लेखनपद्धतिको उद्‌भव र विकास

६) भाषिक सञ्चारप्रणाली
७) साङ्केतिक भाषा र नेपाली साङ्केतिक भाषा
८) प्रायोगिक भाषाविज्ञान, मनोभाषाविज्ञान, भाषाशिक्षण, अनुवादविज्ञान, कोशविज्ञान, कम्प्युटर भाषाविज्ञान तथा शैलीविज्ञानको परिचय

एकाइ ख) ध्वनिविज्ञान र वर्णविज्ञान

१) ध्वनिअवयव र तिनका कार्य
२) ध्वनिहरूको परिचय र विभाजन
३) लय, सुर, मात्रा र बलाघातको परिचय
४) अन्तर्राष्ट्रिय ध्वनितात्त्विक वर्णमाला
५) मानस्वरको परिचय
६) वर्णविश्लेषणसिद्धान्त र प्रक्रिया
७) नेपालीका खण्डीय तथा खण्डेतर वर्णहरूको विश्लेषण
८) उत्पादक वर्णविज्ञानको परिचय

एकाइ ग) व्याकरण: रूपविज्ञान

१) रूपविज्ञानको पृष्ठभूमि र परम्परा
२) रूपविश्लेषणसिद्धान्त (संरचना, अर्थ तथा परिवेशका आधारमा)
३) एकाइ र• प्रक्रिया, एकाइ र समायोजन तथा एकाइ र रूपावली प्याराडाइम
४) धातु र प्रातिपदिक
५) व्युत्पादन र रूपायन
६) रूपविश्लेषणप्रक्रिया र नेपाली रूपतत्वको विश्लेषणसम्बन्धी अभ्यास
७) व्याकरणात्मक धाराहरू
८) पदवर्ग र तिनको प्रकार्यपरक भूमिका
९) संस्कृत सन्धिसम्बन्धी अवधारणा (पूर्वरूप, पररूप, संख्याक्रम र स्थानक्रम)
१०) नेपाली सन्धिव्यवस्था

एकाइ घ) व्याकरण: वाक्यविज्ञान

१) पदक्रम
२) समतलीय संरचना र तहगत संरचना
३) अवशेष र संचलन
४) व्याकरणात्मक प्रकार्य (उद्देश्य, विधेय, कर्म, पूरक आदि)
५) पदावलीको शीर्ष र विशेषक (स्पेसिफायर)
६) पदावलीका मूल प्रतिबन्धन (कन्स्ट्रेन्ट)
७) आश्रयक (कम्प्लिमेन्टाइजर) को परिचय
८) निकटघटक विश्लेषण
   (क) घटकहरूका शाखा (ऊर्ध्वशाखा, समशाखा, अधोशाखा, प्रारम्भशाखा र अन्तशाखा) को परिचय र अभ्यास
   (ख) घटकहरूका अनुक्रम र भङ्गक्रमको स्थिति
९) रूपान्तरण नियम (अनिवार्य तथा ऐच्छिक, अर्थपरिवर्तक तथा अपरिवर्तक)

१०) रूपान्तरणप्रक्रिया (अकरण, विध्यर्थक, सम्भावनार्थक तथा वाच्यान्तरणात्मक)

११) नेपाली वाक्यसंयोजन तथा वाक्यमिश्रण (एकीकृत र पृथकीकृत) को परिचय र अभ्यास

एकाइ ङ) अर्थविज्ञान

(१) अर्थविज्ञानको क्षेत्र र प्रकृति

२) अर्थका प्रकार. (व्याकरणात्मक, सन्दर्भपरक, कोशीय, अक्षक वा थिम र वर्तक वा रिम, सहचर्यात्मक, धारणात्मक)

३) अर्थसम्बन्धी सिद्धान्त (प्रतीकात्मक त्रिकोण, भाव तथा प्रसङ्ग, व्यवहारवाद, तार्किकतावाद तथा प्रयोगवाद, आर्थी संघटक विश्लेषण, सहप्रयोग तथा सन्दर्भार्थ)

४) आर्थी अभिलक्षण

५) कारकीय अर्थ (कर्तृत्व, उदासीन, प्राप्ति, साधन, स्रोत, लक्ष्य, आधार, हेतुत्व, भोक्तृत्व, बल, परिणति आदि)

६) प्रकरणाथविज्ञान (प्रकृति, क्षेत्र, निर्देशन, सन्दर्भन, पूर्वधारणा)

७) वाक्क्रिया सिद्धान्त

८) संवादात्मक तथा सहकार्यात्मक सिद्धान्त

एकाइ च) ऐतिहासिक तथा तुलनात्मक भाषाविज्ञान

१) भाषाविज्ञानको उद्भव र विकास

२) भाषाहरूको पारिवारिक वर्गीकरण र नेपालमा बोलिने विभिन्न परिवारका भाषाहरू

३) भाषाको प्रकारगत वर्गीकरण र नेपालका भाषाहरूको प्रकारगत अध्ययन (मूर्धन्यात्मकता, घोषात्मकता, सार्वनामिकता, परसर्गात्मकता, कोटिकर, सम्बन्धन, संगति)

४) तुलनात्मक पद्धति र तुलनात्मक पुनर्निर्माण

५) आन्तरिक पुनर्निर्माण

६) ब्राह्मी, देवनागरी तथा नेपालका अन्य लिपिहरूको उद्भव र विकास

७) ऐतिहासिक सामग्रीको पाठालोचन

८) नेपाली भाषाको अध्ययनको विकास

एकाइ छ) भाषिक परिवर्तन

१) ध्वनिपरिवर्तनका दिशा (वृक्षारेख तथा तरङ्गसिद्धान्त)

२) ध्वनिपरिवर्तनका कारण

३) ध्वनिपरिवर्तन

(क) ग्रिम, भर्नर र ग्रास्मनको सिद्धान्त

(ख) ध्वनिविच्छेद र ध्वनिविलय

(ग) सर्वदिश (पोर्टमान्टु)

(घ) सादृश्य

४) व्याकरणात्मक परिवर्तन

५) अर्थपरिवर्तन

६) भाषिक सम्पर्क
७) आगमन
८) भाषामा सम्मिलन
९) भाषिक मृत्यु

५. सहायक पुस्तकहरू

१. आर. एच. रविन्स, *जनरल, लिङ्ग्वस्टिक्सः एन इन्ट्रोडक्टरी सर्भे, लौंगम्यान,* लन्डन
२. एच.ए. ग्लीसन, *एन इन्ट्रोडक्सन टु डिस्क्रेस्टिभ लिंग्विस्टिक्स होल्ड,* रिनेहार्ट, न्यूयोर्क
३. चूडामणि बन्धु, *भाषाविज्ञान,* नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, काठमाडौं
४. ब्लुमफिल्ड, *भाषा,* (अनु. विश्वनाथप्रसाद) मोतीलाल, बनारसीदास वाराणसी
५. रोहिणीप्रसाद भट्टराई समेत, *बृहत् नेपाली व्याकरण,* ने.रा.प्रज्ञाप्रतिष्ठान, काठमाडौं
६. हकेट, *ए कोर्स इन मोडर्न लिङ्ग्युस्टिक्स,* (भारतीय संस्करण)
७ जी. एन. लिच, *सिमन्टिक्स,* पेङ्गुइन बुक्स
८. विलफ्रेड पी लेहम, *हिस्टोरिकल लिङ्गुइस्टिक्सः एन इन्ट्रोडक्सन, (* भारतीय संस्करण)
९. चूडामणि बन्धु, *भाषाविज्ञानका सम्प्रदाय,* अक्षर सदन, काठमाडौं
१०. बल्लभमणि दाहाल, *भाषिक अध्ययन : सन्दर्भ र परिप्रेक्ष्य,* काठमाडौं
११. देवीप्रसाद गौतम र खगेन्द्र लुइटेल, *ध्वनिविज्ञान र वर्णविज्ञान,* काठमाडौं
१२. जीवेन्द्रदेव गिरी, *भेरीक्षेत्रीय नेपाली क्रियाको संरचनात्मक विश्लेषण,* पार्वती गिरी, काठमाडौं
१३. देवी गौतम, *नेपाली क्रियाको ऐतिहासिक अध्ययन,* काठमाडौं
१४. चूडामणि बन्धु (उपाध्याय रेग्मी), *नेपाली भाषाको उत्पति,* साझाप्रकाशन, काठमाडौं
१५ बालकृष्ण पोखरेल, *नेपाली भाषा र साहित्य,* रत्नपुस्तक भण्डार, काठमाडौं
१६. मोहनराज शर्मा, *शब्दरचना र वर्णविन्यासः भाषावैज्ञानिक पद्धति,* पाठ्यक्रम विकास केन्द्र, काठमाडौं
१७. बालकृष्ण पोखरेल, *पांचसय वर्ष,* साझाप्रकाशन, काठमाडौं
१८. राल्फ लिलि टर्नरः *ए कम्पेरिटिव आयण्ड इटिमोलोजिकल डिक्सनरी,* अफ नेपाली ल्याङ्ग्वेज
१९. दयानन्द श्रीवास्तव, *नेपाली ल्याङ्ग्वेज, इट्स् हिस्ट्री,* आयण्ड डेभलेपमेन्ट, कलकत्ताविश्वविद्यालय ।
२०. जगदीशचन्द्र रेग्मी, *नेपाली अध्ययन भाग १ र २ ,* साझाप्रकाशन, काठमाडौ
२१. डा. सत्यरञ्जन बनर्जी, *द इस्टर्न स्कूल अफ प्राकृत ग्रामेरियन*

२२. डा. सत्यरञ्जन बनर्जी, *ए ह्यान्ड बुक अफ संस्कृत फिलोलोजी*
२३. डा. सत्यरञ्जन बनर्जी, *इन्डोयुरोपियन टेन्स एण्ड आस्पेक्ट इन ग्रिक एण्ड संस्कृत*
२४. डा. दिनेशचन्द्र रेग्मी, *पुरालेखन,* काठमाडौं

६. सन्दर्भपुस्तक

१. बल्लभमणि दाहाल, *ए डिसिक्रेप्सन अफ नेपाली: लिटरेरी आयण्ड कोलोक्युअल,* पीएच.डी. शोधप्रबन्ध, पूना विश्वविद्यालय ।
२. बालकृष्ण पोखरेल र बल्लभमणि दाहाल, *ध्वनिप्रक्रिया र केही ध्वनि सिद्धान्त,* पुस्तकसंसार, काठमाडौं
३. भोलानाथ तिवारी, *आधुनिक भाषाविज्ञान,* लिपि प्रकाशन, दिल्ली
४. हेमराज शर्मा, *चन्द्रिका भाग १ - ४,* साझाप्रकाशन, काठमाडौं
५. ने. राजकीयप्रज्ञा प्रतिष्ठान, *नेपाली भाषाअधिगोष्ठी २०३३,* काठमाडौं
६. युधिष्ठिर मीमांसक, *संस्कृत व्याकरणशास्त्रका इतिहास,* भारतीय प्राच्यविद्या संस्थान, अजमेर
७. आइ. जे. गेल्थ, *स्टडिज अफ राइटिंग,* युनिभर्सिटी अफ् सिकागो प्रेस, १९६३
८. चूडामणि बन्धु, *कर्णाली लोकसंस्कृति,* खण्ड ४: नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, काठमाडौं
९. चूडामणि बन्धु, बल्लभमणि दाहाल, *होल्स हाउजेन तथा अस्टिन हेल,* नेपाली सिग्मेण्टल फोनोलोजी, (लिथो) काठमाडौं
१०. रामचन्द्र लम्साल, *कोशविज्ञान र नेपाली कोश,* काठमाडौं

सिर्जना, शोधविधि र संस्कृतकाव्यशास्त्र

Nep.502

दोस्रो पत्र
पूर्णाङ्क: १००
वार्षिक पाठ्यभार १५०

समाविष्ट पाठ्यांशहरू

यस दोस्रो पत्रअन्तर्गत निम्न लिखित तीन पाठ्यांशहरू रहनेछन्

क्र.सं.	पाठ्यांश	पाठघण्टा	वार्षिक कक्षा	अङ्कभार
१.	सिर्जनात्मक लेखनविधि	१	३०	२०
२.	शोधविधि	१½	४५	३०
३.	संस्कृतकाव्यशास्त्र	२½	७५	५०

पाठ्यांश (१) सिर्जनात्मक लेखनविधि

१. पाठ्यांशपरिचय

सिर्जनात्मक लेखनका स्वरूप, तत्व र प्रकारहरूका साथै सिर्जनात्मक लेखनका विधिहरूको अध्ययन ।

२. पाठ्यांशको उद्देश्य

यो पाठ्यांश पढिसकेपछि विद्यार्थीहरूले निम्नलिखित किसिमका ज्ञान र सीप प्राप्त गर्नेछन्:

(क) सामान्य लेखनका सापेक्षतामा सिर्जनात्मक र साहित्यिक लेखनका स्वरूप, तत्व र प्रकारहरू ठम्याउन

(ख) साहित्यिक र सिर्जनात्मक लेखनका सामान्य तत्व र विधागत विशिष्ट तत्वहरूको जानकारी प्राप्त गर्न विभिन्न विधा (कविता, आख्यान, नाटक, निबन्ध) का सिर्जनागत साम्यवैषम्यका बुंदाहरूको निर्क्योलका साथै पहिचान गर्न

(ग) सिर्जनात्मक विधागत लेखनका विधिहरू तथा सैद्धान्तिक आधारको जानकारीका साथै प्रायोगिक सीप प्राप्त गर्न

३. एकाइविभाजन

क) सिर्जनात्मक लेखनको सैद्धान्तिकपक्ष (पाठ घण्टा ०½, वार्षिक कक्षा १५)

ख) सिर्जनात्मक लेखनका विधि तथा प्रायोगिक पक्ष

(पाठ घण्टा ०½, वार्षिक कक्षा १५)

४. पाठयवस्तु विवरण

एकाइ क) सिर्जनात्मक लेखनको सैद्धान्तिक पक्ष

१) भाषिक प्रयोगका विभिन्न प्रयोजन र लेखनका विभिन्न प्रकार (व्यक्तिगत र सार्वजनिक, न्यून सङ्गठित र सुसङ्गठित, अस्थायी र स्थायी, व्यवहारपरक, बौद्धिक र कलात्मक र सौन्दर्यात्मक), सामान्य लेखनको अवधारणा तथा व्यवहारपरक, बौद्धिक र साहित्यिक र सिर्जनात्मक लेखनका बीचका अन्तर्सम्बन्ध तथा भिन्नताहरू

२) सिर्जनात्मक लेखनका स्वरूप र परिभाषा

३) सिर्जनात्मक लेखनका मुख्य विशेषताहरू (भाषिक अभिव्यक्ति र लेखनका अन्य प्रकारका तुलनामा)

४) सिर्जनात्मक लेखनका मुख्य तत्वहरू: पूर्वीय (संस्कृत) र पाश्चात्यसाहित्यशास्त्रका मुख्य मान्यताहरू तथा विशेष केन्द्रकहरू

५) साहित्यिक/सिर्जनात्मक लेखनका मुख्य कारकहरू (पूर्वीय काव्यहेतु तथा पाश्चात्य सिर्जनात्मक कारकहरूसम्बन्धी प्रमुख मान्यता)

६) सिर्जनात्मक लेखनका वास्तविक तथ्य र सिर्जनशील कल्पनाको संयोजनकार्य एवं यसका भूमिका तथा प्रभावहरू

७) साहित्यिक सिर्जनात्मक लेखनको विधागत वर्गीकरण र विधासिद्धान्त
(अ) पूर्वीय/संस्कृत साहित्यशास्त्रका प्रमुख वर्गीकरणहरू
(आ) पाश्चात्य साहित्यशास्त्रका प्रमुख वर्गीकरणहरू
(इ) सिर्जनात्मक विधाहरूका बीचका अन्तर्सम्बन्ध एवं साम्यवैषम्यका मुख्य बुंदाहरूको तुलनात्मक समीक्षा
(ई) प्रमुख साहित्यिक विधा र उपविधाका स्वरूप, तत्व र विशेषता (कविता, आख्यान, निबन्ध, नाटक र अन्य मिश्रित विधासम्बन्धी) ।

८) सिर्जनात्मक लेखनका विधागत/उपविधागत स्थूल (बाह्य) र सूक्ष्म (आन्तरिक) प्रविधिगत पक्षहरू

९) सिर्जनात्मक लेखनका प्रयोजन र महत्त्व

१०) सिर्जनात्मक लेखन, साहित्यसिद्धान्त, समालोचनापद्धति तथा शोध/अनुसन्धानका बीचको सम्बन्ध ; सिर्जनात्मक लेखन तथा कला एवं सौन्दर्यशास्त्रका बीचको सम्बन्ध; सिर्जनात्मक लेखन र ज्ञानका प्रमुख शाखाहरूका बीचको सम्बन्ध ;

एकाइ ख) सिर्जनात्मक लेखनका विधि तथा प्रायोगिक पक्ष

१) सिर्जनात्मक लेखनका अठोट, योजना र तयारी
(अ) अठोट र चयन: (क) कथ्य विषयवस्तु, भावविचार, सन्देश; (ख) विधा/उपविधा र तिनका प्रकार; धारा र प्रवृत्ति; ढांचा/संरचना, दृष्टिबिन्दु/कथनपद्धति; गति/सरणि, भाषा/शैली र (ग) लक्षित भावक (दर्शक/श्रोता/पाठक)
(आ) उपर्युक्त चयनका आधारमा तयारी र सामग्रीसङ्कलनको योजनाको निर्माण: (क) सम्बद्ध पक्षको अध्ययन (पुस्तकालय उपयोग ; पुस्तक तथा पत्र-पत्रिकाको प्रयोग; अन्य पाठ्य र श्रव्यदृश्यसामग्रीको प्रयोग; सूचनात्मक तथ्यको सङ्कलन) (ख) सम्बद्ध पक्षको भ्रमण/अवलोकन तथा सम्बद्ध स्रोतव्यक्तिसंग सम्पर्कस्थापना र सूचनासङ्कलन (ग) कल्पनाशील अनुभूति र चिन्तनमनन एवं टिपोट (घ) विधागत सिर्जनात्मक कृतिविशेषको लेखनका निम्ति खाकानिर्माण: विषयवस्तु तथा भावविचार र सन्देशका स्वरूप; प्रकार र योजना; सम्भाव्य शीर्षक, विधा, उपविधागत धारा तथा प्रवृत्ति; छन्द लय र गद्यलेखनका स्वरूप एवं प्रकार;आख्यानात्मक कथानकयोजनाका क्रम तथा व्यतिक्रम; पात्र र तिनका स्वरूप एवं प्रकार; परिवेश (

स्थानकाल प्रवृत्ति), दृष्टिबिन्दु र कथनपद्धति; गति र सरणी; अन्तर्विभाजन र संरचना, संवाद, भाषा तथा शैलीगत प्रकार र विचलन; शब्दालङ्कार, अर्थालङ्कार, अभिधाक्षणाव्यञ्जना, अङ्गदृश्ययोजना तथा रङ्गमञ्चीयता आदि

(इ) विधागत कृतिविशेषको रचना वा लेखन (क) सिर्जनात्मक लेखनको निर्देशित अभ्यासप्रक्रिया (ख) अनुकृतिमूलक लेखन (ग) स्फुरणशील लेखनप्रयास र प्रथम/मस्यौदा लेखन, (घ) रचनात्मक सुझाव सङ्कलन र परिमार्जनक्रम, (ङ) अन्तिम साफी र प्रस्तुतिगत ढांचाको अनुपालन अनि प्रस्तुति

पाठ्यांश (२) शोधविधि

१. पाठ्यांश परिचय

शोधविधि र यसका प्रयोगात्मक पक्षसम्बन्धी अध्ययन

२. पाठ्यांशको उद्देश्य

यस पाठ्यांशको अध्ययनबाट विद्यार्थीहरूले निम्नलिखित ज्ञान र सीप प्राप्त गर्नेछन्

(क) शोध (अनुसन्धान) र त्यसको महत्त्व बुझी शोधकार्यतिर विशेष जागरुक हुन

(ख) शोधका सिद्धान्त र प्रायोगिक विधिको ज्ञान प्राप्त गर्न

(ग) शोधकार्यका प्रक्रिया र शोधपत्र (शोधप्रतिवेदन) लेखनका ढांचा एवं प्रविधिसंग अभ्यस्त हुन

(घ) तर्कसङ्गत, क्रमबद्ध, सन्तुलित, प्रामाणिक तथा स्पष्ट रूपमा आफ्नो शोधात्मक, प्रतिवेदनसम्बन्धी अभिव्यक्ति प्रस्तुत गर्ने सीप प्राप्त गर्न

३. एकाइ विभाजनका स्वरूप, ढांचा र प्रस्तुति ।

क) शोधका आधारभूत सिद्धान्त, प्रक्रिया र विधि (पाठ घण्टा १¼, वार्षिक कक्षा ३७)

ख) शोधप्रतिवेदनलेखन (पाठ घण्टा ०¼ , वार्षिक कक्षा ८)

४. पाठ्यवस्तु विवरण

एकाइ क) शोधका आधारभूत सिद्धान्त, प्रक्रिया र विधि

१) शोधका स्वरूप, परिभाषा तत्व र विशेषता, आवश्यकता र प्रयोजन

२) शोधका प्रमुख प्रकार: निगमनात्मक र आगमनात्मक सैद्धान्तिक र प्रायोगिक; पुस्तकालयीय तथा क्षेत्रीय र प्रयोगशालीय; वर्णनात्मक, ऐतिहासिक वा कालक्रमिक; विषयक र अन्तर्विषयक;

३) शोधका प्रक्रिया र यसका प्रमुख चरण

४) शोधक्षेत्रको छनौट र शोधशीर्षकको चयन

(क) शोधक्षेत्रको छनौट: भाषा, लोकसाहित्य, साहित्य

(ख) उपयुक्त शोधशीर्षकका प्रमुख गुण

(ग) भाषिक, लोकसाहित्यिक र साहित्यिक शीर्षकचयनका प्रमुख आधार, पक्ष र कोणहरू

५) शोधशीर्षकसंग सम्बद्ध वाङ्मय वा पूर्वकार्यका सङ्कलन, अध्ययन र समीक्षाका आधारहरू; शोधको औचित्यको स्थापना

६) शोधाधिकार शोधार्थी र शोधनिर्देशकका गुणहरू, शोधको तयारी र शोधप्रस्तावका अङ्ग तथा ढांचा

७) शोधसमस्याको पहिचान, समस्याकथनका आधार र ढांचाहरू; शोधशीर्षक र समस्याकथनका बीचको अन्तर्सम्बन्ध

८) शोधका उद्देश्यका निर्धारण र कथनका आधारहरू; समस्याकथन र उद्देश्यकथनका बीचको सहसंबन्ध

९) प्राक्कल्पना: स्वरूप, निर्माणप्रक्रिया, पूर्वकार्यसमीक्षा, समस्याकथन र उद्देश्यकथनसंग प्राक्कल्पनाको संबन्ध, प्राक्कल्पनाको परीक्षण र सत्यापनका विधिहरू

१०) शोधमा सैद्धान्तिक आधार र ढांचाका आवश्यकता, महत्त्व र सीमा; भाषिक, लोकसाहित्यिक र साहित्यिक शोधसंग संबद्ध प्रमुख सैद्धान्तिक ढांचाहरू र तिनका प्रयोगपक्ष

११) शोधसामग्रीको सङ्कलन, व्यवस्थापन र प्रशोधनका साथै विश्लेषण र शोधको सामान्यीकरण, निष्कर्षीकरण

(क) शोधमा तथ्यको निरीक्षण र सङ्कलनको महत्त्व: तथ्य वा सामग्रीका प्राथमिक र द्वितीय तहका स्रोतहरू; पुस्तकालयीय, क्षेत्रीय र प्रयोगशालीय तथ्यसङ्कलन र यिनका विधिहरू

(ख) भाषा, लोकसाहित्य र साहित्यका शोधका क्रममा पुस्तकालयीय अनुसन्धान र सामग्रीसङ्कलनको पद्धति: डि.बी. प्रणाली, सन्दर्भपत्र (क्याटलगकार्ड, सन्दर्भकृतिपत्र) को उपयोग, क्षेत्रीय अनुसन्धानात्मक सामग्रीसङ्कलनका क्रममा सर्वेक्षण, नमुनाछनौट, प्रश्नावली र तिनका प्रकार, अन्तर्वार्ता तथा त्यसका प्रकार र अवलोकन (अनुसूचीको उपयोग लोकसाहित्यका क्षेत्रीय सामग्रीसङ्कलनका क्रममा सहभागी अवलोकनकार्य; सामग्री सङ्कलनका क्रममा टिप्पनपत्र र टिपोट विधि; सङ्कलित सामग्रीको रुजु,

१२) सङ्कलित सामग्रीको अध्ययन र प्रशोधन, सङ्कलित सामग्रीको सम्पादन, व्यवस्थापन, संगठन, वर्गीकरण, तथा तालिकीकरण, सूचीकरण, आरेख र रेखाचित्रको प्रयोग वर्गीकरण तथा समुच्चयीकरणका प्रमुख आधार र ढांचा;

१३) निर्धारित सैद्धान्तिक ढांचाका आधारमा प्रशोधित सामग्रीको अर्थापन: वर्णन, व्याख्या-विश्लेषण, तुलना, निष्कर्षण, प्राक्कल्पनाको सत्यापन (खण्डनमण्डन संशोधन), शोधप्रतिवेदन मस्यौदा र परिमार्जन, शोधसार

एकाइ ख) शोधप्रतिवेदनका स्वरूप, ढांचा र प्रस्तुति

१) शोधप्रतिवेदनको सङ्गठन: आदि, मध्य र अन्त्य

२) शोधपत्र वा प्रबन्धका अङ्गहरू: प्रारंभिक भाग, मूलपाठ र अन्तिम भाग ।

३) मूल पाठका अध्याय वा परिच्छेदहरू: शीर्षक र उपशीर्षकमा विभाजन

४) प्रकरण वा अनुच्छेद एवं अनुच्छेदको संरचना
५) मूलपाठमा समाविष्ट अन्य पक्षहरू: उद्धरण, नक्सा, चित्र र तालिका
६) पादटिप्पणीको स्वरूप र संरचना
७) सन्दर्भसंकेत र सान्दर्भिक सामग्री: परिशिष्ट, अनुसूची, पारिभाषिकीकरण
८) शोधपत्र/शोधप्रबन्ध/अध्ययनपत्रका प्रारम्भिक भाग: मुखपृष्ठ, स्वीकृतिपत्र, कृतज्ञताज्ञापन, प्राक्कथन, विषयसूची, तालिकासूची, चिन्हप्रयोग, संक्षेपीकरण, संक्षेप आदि
९) प्रतिवेदनको टङ्कण वा कम्प्युटर सेटिङ्, शुद्धीकरण, गाताबन्दी, आवरणपत्र योजना, प्रस्तुति

पाठ्यांश (३) संस्कृतकाव्यशास्त्र

१. पाठ्यांशपरिचय

संस्कृत काव्यशास्त्रका प्रमुख सम्प्रदायका मान्यता र काव्यतत्वको ध्ययन

२. पाठ्यांशको उद्देश्य

यस पाठयांशको अध्ययनबाट विद्यार्थीहरूले निम्नलिखित ज्ञान र क्षमता प्राप्त गर्न सक्नेछन्

(क) संस्कृत काव्यशास्त्र (पौरस्त्य साहित्यशास्त्र) का प्रमुख सिद्धान्तको ज्ञानका साथै तिनको विवेचना गर्न
(ख) संस्कृत काव्यशास्त्रका आधारमा नेपाली साहित्यका कृतिहरूको विश्लेषण र मूल्याङ्कन गर्न

३. पाठ्यांशको एकाइविभाजन

एकाइ क) संस्कृतकाव्यशास्त्रीय प्रमुख काव्यतत्व (पा.घ. ०½, वार्षिक कक्षा १५)
एकाइ ख) अलङ्कार, रीति र वक्रोक्तिका सिद्धान्तहरू (पा.घ. १, वार्षिक कक्षा ३०)
एकाइ ग) रससिद्धान्त र ध्वनिसिद्धान्त (पा.घ. १, वार्षिक कक्षा ३०)

४) पाठयवस्तु विवरण

एकाइ क) संस्कृत काव्यशास्त्रीय प्रमुख काव्यतत्व

१) काव्यपरिभाषा:

भामहदेखि जगन्नाथसम्मका काव्यपरिभाषाहरूको तुलनात्मक अध्ययन र समीक्षा

२) शब्दशक्ति :
(क) शब्दकोटि : वाचक, लक्षक, व्यञ्जक
(ख) अर्थकोटि : वाच्यार्थ, लक्षार्थ, व्यङ्ग्यार्थ
(ग) व्यङ्ग्यार्थ र शाब्दी तथा आर्थीव्यञ्जना
(घ) व्यङ्ग्यार्थबोध र व्यञ्जनाको स्थापना

३) काव्यदोष
(क) काव्यदोषका स्वरूप र वर्गीकरण
(ख) प्रमुख दोषहरू

४) काव्यगुण

(क) काव्यगुणको परम्परा
(अ) शब्दार्थपरक गुण
(आ) रसपरक गुण
(इ) मार्गपरक गुण
(ख) गुणको स्वरूप
(ग) गुण र अलङ्कार
(घ) त्रिगुणवादको स्थापना र तीन गुणको निरूपण

एकाइ ख) अलङ्कार, रीति र वक्रोक्तिका सिद्धान्तहरू

१) अलङ्कारसिद्धान्त

(क) अलङ्कारसिद्धान्त र उत्तरवर्ती संस्कृत काव्यशास्त्रमा अलङ्कारचिन्तनको क्रम
(ख) अलङ्कारको परिभाषा र स्वरूप
(ग) अलङ्कारको विभाजन र यसका नियामक तत्व
(घ) रूय्यकसम्मत अर्थालङ्कारको वर्गीकरण
(ङ) अलङ्कारसिद्धान्तको समीक्षा

२) रीतिसिद्धान्त

(क) रीतिको प्रारूप र रीतिसिद्धान्तको प्रवर्तन
(ख) प्रदेशपरक, गुणपरक, कविस्वभावपरक रूपमा रीतिको विकास
(ग) वामनसम्मत रीतिको परिभाषा,
(घ) वामनसम्मत रीतिका भेद र तिनका आधार
(ङ) रीति र अलङ्कारको सम्बन्ध
(च) रीति र गुणको सम्बन्ध
(छ) वामनउत्तरवर्ती युगमा रीतिको स्वरूप (रीति र मार्ग, रीति र संघटना, रीति र शैली)
(ज) रीतिसिद्धान्तको समीक्षा

३) वक्रोक्तिसिद्धान्त

(क) वक्रोक्तिचिन्तनको परम्परा र वक्रोक्तिसिद्धान्तको स्थापना
(ख) वक्रोक्तिको परिभाषा र स्वरूप
(ग) वक्रोक्तिका प्रमुख भेद तथा वाक्य, प्रकरण र प्रबन्धवक्रताको निरूपण
(घ) वक्रोक्ति र ध्वनि, वक्रोक्ति र अलङ्कार, वक्रोक्ति र अभिव्यञ्जनाकौशल
(ङ) वक्रोक्तिसिद्धान्तको समीक्षा

एकाइ ग) रससिद्धान्त र ध्वनिसिद्धान्त

१) रस सिद्धान्त

(क) रसचिन्तनको परम्परा
(ख) रसको परिभाषा र स्वरूप
(ग) रसनिष्पत्तिका प्रमुख मान्यता
(घ) साधारणीकरण

(ङ) रसास्वादको स्वरूप
(च) करुण रसको आस्वाद
(छ) रसको मनोवैज्ञानिक आधार
(ज) रस र ध्वनिको सम्बन्ध

२) ध्वनिसिद्धान्त
(क) ध्वनिसिद्धान्त: स्रोत, स्थापना र परम्परा
(ख) ध्वनिको प्रासङ्गिकता र प्रयोजन
(ग) वस्तुध्वनि, अलङ्कारध्वनि र रसध्वनिको निरूपण
(घ) ध्वनिका प्रमुख भेद
(ङ) काव्यका श्रेणी: उत्तम, मध्यम र अधम काव्य
(च) ध्वनिसिद्धान्त र अन्य काव्यसिद्धान्तको सङ्गति
(छ) ध्वनिसिद्धान्तको समीक्षा

३. सहायक पुस्तकहरू (सिर्जना र शोधविधिका निम्ति)

१. क्याट एन्. तुराबियन, *ए म्यानुएल फर राइटर अफ टर्म पेपर्स,* थेसिस एण्ड डिसर्टेसन्स, युनिभर्सिटी अफ सिकागो, फोनिक्स बक्स
२. जोनाथन एन्डर्न्सनसमेत, *थेसिस एण्ड एसाइनमेन्ट राइटिङ्ग,* विली इस्टर्न प्राइभेट लिमिटेड, न्यू दिल्ली
३. विनयमोहन शर्मा, *शोधप्रविधि,* नेशनल पब्लिशिङ हाउस, दिल्ली
४. भगीरथप्रसाद त्रिपाठी, *अनुसन्धानपद्धति,* सम्पूर्णानन्दग्रन्थमाला, संस्कृत विश्वविद्यालय, वाराणसी
५. पारसनाथ रायसमेत, *अनुसन्धान परिचय,* आगरा
६. एस्. एन्. गणेशन्. *अनुसन्धान प्रविधि: सिद्धान्त और प्रक्रिया,* भारती प्रकाशन, इलाहावाद
७. सी.आर. कोठारी, *रिसर्च मेथोडोलजी: मेथड्स एण्ड टेक्निक्स्,* विली इस्टर्न प्राइवेट लिमिटेड, न्यू दिल्ली
८. एफ. एल्. दिटनी, *द इलिमेन्ट्स अफ रिसर्च,* पेन्टिस हल न्ययोर्क
९. वी. राजन्ना, *फण्डामेन्टल्स् अफ् रिसर्च,* ए.ए.आर.सी., हैदरावाद
१०. निक मूर, *हाउ टु डु रिसर्च,* द लाइब्रेरी एसोसियन, लण्डन
११. विलियम गिलेस क्याम्पबेल, *फर्म एण्ड स्टाइल इन थेसिस राइटिङ्ग,* माउटन कम्पनी च्याफटन
१२. मोहनराज शर्मा र खगेन्द्र लुइंटेल, *शोधविधि,* साझाप्रकाशन, काठमाडौं
१३. चूडामणि बन्धु, *अनुसन्धान तथा प्रतिवेदनलेखन,* रत्नपुस्तक भण्डार, काठमाडौं
१४. चूडामणि बन्धु, (सम्पा) *सिर्जनात्मक लेखन,* काठमाडौं, ने.रा. प्रज्ञा प्रतिष्ठान (चूडामणि बन्धु, डा. वासुदेव त्रिपाठी, मोहनराज शर्मा, डा. श्रीधर लोहनी र अभि सुवेदीका कार्यपत्रहरू र अन्य सामग्री)
१५. हरिप्रसाद शर्मा आचार्य, थानेश्वर गौतम, *अनुसन्धान प्रकाश,* त्रि.वि. केन्द्रीय संस्कृतविद्यापीठ

४. सन्दर्भ सामग्री: कार्यपत्रहरू (सिर्जना र शोधका निम्ति)

१. मोहनराज शर्मा, *शोधविधि र सृजनविधिको शिक्षण* शिक्षकअभिमुखीकरण गोष्ठी, (२०५३/०५४) नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर

२. वासुदेव त्रिपाठी, *शोधप्रक्रिया र त्यसमा सैद्धान्तिक ढांचाको प्रयोग "वाङ्मय"* (७, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर

३. मोहनराज शर्मा, *शोधप्रबन्धको सङ्गठन र भाषाशैली,* "वाङ्मय" ७ नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर

४. चूडामणि बन्धु, *तथ्यसङ्कलन र विश्लेषण,* नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर

५. चूडामणि बन्धु, *शोधप्रबन्धका अङ्ग, ढांचा र लेखनपद्धति,* "ऋतम्भरा" अङ्क .. महेन्द्र संस्कृतविश्वविद्यालय, दाङ

६. विद्यानाथ उपाध्याय, *शोधप्रस्ताव र सामग्रीसङ्कलन* ,,

७. डा. वासुदेव त्रिपाठी, *शोध र शोधप्रक्रियाका विभिन्न चरणहरू* ,, ,,

८. डा. जगदीशचन्द्र रेग्मी, *विद्यावारिधि शोधप्रबन्धप्रस्तुतीकरणको रूपरेखा,* महेन्द्र संस्कृत विश्वविद्यालय, दाङ

९. डा. वासुदेव त्रिपाठी, *अनुसन्धानप्रक्रिया: नेपाली विषयका सन्दर्भमा,* त्रि.वि. मानविकी तथा सामाजिक शास्त्रसंकाय

१०. डा. दयाराम श्रेष्ठ, *गद्यसाहित्यमा शोधकार्य गर्ने आधार*

११. घनश्याम उपाध्याय, *कविताको शोधप्रक्रिया* (गोष्ठीपत्र) त्रि.वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुर

१२. माधवप्रसाद पोखरेल, *नेपाली भाषासाहित्यमा अनुसन्धान गर्ने तरिका* (गोष्ठी पत्र) त्रि.वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुर

१३. डा. केशवप्रसाद उपाध्याय, नाटकको शोधप्रक्रिया, ,,

१४. चूडामणि बन्धु, *लोकसाहित्य सम्बन्धी शोधप्रक्रिया* ,,

१५. गोपाल शिवाकोटी, तिलक चौलागाईं , *अनुसन्धानपद्धतिको परिचय,* पाठ्यसामग्री पसल, काठमाडौं

५. सहायक पुस्तक: (संस्कृतकाव्यशास्त्रका लागि)

१. मम्मट, *काव्य प्रकाश,* आचार्य विश्वेश्वर, ज्ञानमण्डल लिमिटेड, वाराणसी

२. सोमनाथ शर्मा, *साहित्य प्रदीप,* काठमाडौं

३. केशवप्रसाद उपाध्याय, *पूर्वीय साहित्यसिद्धान्त,* साझाप्रकाशन, काठमाडौं

४. डा.नगेन्द्र, *रीतिकाव्यकी भूमिका,* नेशनल पब्लिशिङ हाउस, दिल्ली

५. डा. राजवंश सहाय, *भारतीय काव्यशास्त्र के प्रतिनिधि सिद्धान्त,* चौखम्बा विद्याभवन, वाराणसी

६. डा. राजवंश सहाय, *भारतीय आलोचनाशास्त्र,* बिहार हिन्दीग्रन्थ अकादमी, पटना

७. डा. जयमन्त मिश्र, *काव्यात्ममीमांसा,* चौखम्बा विद्याभवन, वाराणसी
८. ठाकुर पराजुली "संस्कृत साहित्यसिद्धान्तको अध्ययनपद्धति" (गोष्ठीपत्र), "कुञ्जिनी" अङ्क ४, २०५५, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

पाश्चात्य समालोचनासिद्धान्त र नेपाली समालोचना

Nep.503 तेस्रो पत्र

पूर्णाङ्क: १००

वार्षिक पाठ्यभार १५०

समाविष्ट पाठ्यांशहरू

यस तेस्रो पत्रअन्तर्गत निम्नलिखित दुई पाठ्यांशहरू रहने छन् ।

क्र.सं.	पाठ्यांश	पाठघण्टा	वार्षिक कक्षा	अङ्कभार
१.	पाश्चात्य साहित्यसिद्धान्त र समालोचनापद्धति	४	१२०	८०
२.	आधुनिक नेपाली समालोचना	१	३०	२०

पाठ्यांश (१) पाश्चात्य साहित्यसिद्धान्त र समालोचनापद्धति

१. पाठ्यांश परिचय

पाश्चात्य साहित्यसिद्धान्त र समालोचनापद्धतिका विभिन्न युग र धाराका प्रमुख सिद्धान्त (प्रणाली र वादसमेत) को आधारभूत अध्ययन

२. पाठ्यांशको उद्देश्य

यस पाठ्यांशको अध्ययनबाट विद्यार्थीहरू निम्न लिखित ज्ञान र सीप प्राप्त गर्न समर्थ हुनेछन्:

(क) पाश्चात्य साहित्यसिद्धान्त र समालोचनापद्धतिका प्रमुख युग र धाराका साथै तिनका मूल प्रवृत्तिहरूको ज्ञान प्राप्त गर्न,

(ख) पाश्चात्य साहित्यसृजना र समालोचनामा प्रचलित प्रमुख वादहरूको सैद्धान्तिक ज्ञान प्राप्त गर्न,

(ग) पाश्चात्य साहित्यचिन्तन र समालोचनाप्रक्रियाअन्तर्गत विकसित प्रमुख समालोचना प्रणालीको ज्ञान प्राप्त गर्न,

(घ) पाश्चात्य साहित्यचिन्तनका प्रमुख मान्यताहरूको ज्ञान प्राप्त गर्न,

(ङ) उपर्युक्त विभिन्न ज्ञानका आधारमा साहित्यतत्वको विशेष पहिचान गर्न र नेपाली साहित्यका विभिन्न धाराका साहित्यकार र तिनका कृतिको विश्लेषण/मूल्याङ्कन गर्ने समालोचनात्मक सीप हासिल गर्न

३. एकाइविभाजन

क) पाश्चात्य समालोचनासिद्धान्तको पृष्ठभूमिगत अध्ययन
(पा.घ. ०½, वार्षिक कक्षा १५)

ख) पाश्चात्य समालोचनाका प्रमुख प्रणालीहरू
(पा.घ. ०¾, वार्षिक कक्षा २३)

ग) पाश्चात्य साहित्यसृजना र समालोचनामा प्रयुक्त प्रमुख वादहरू
(पा.घ. ०¾, वार्षिक कक्षा २२)

घ) पाश्चात्य साहित्यसिद्धान्त : प्रमुख काव्यशास्त्रीहरू र तिनका मान्यता
(पा.घ. २, वार्षिक कक्षा ६०)

४. पाठ्यवस्तु विवरण

(क) पाश्चात्य समालोचनासिद्धान्तको पृष्ठभूमिगत अध्ययन

१) प्रादेशिक र ऐतिहासिक सन्दर्भ

(क) पाश्चात्य दिग्विभाजन र त्यसको तात्पर्यविकास; पाश्चात्य सभ्यताका विकासका मुख्य चरणहरू: प्राचीन ग्रीस र रोम, मध्यकालीन युरोप, आधुनिक युरोप र युरोपेली सभ्यताको प्रादेशिक प्रसार; पुनर्जागरण र औपनिवेशिक प्रसार; विवेक युग तथा औद्योगिक क्रान्ति, औद्योगिक तथा पराऔद्योगिक सभ्यताको विकास: पाश्चात्यस साहित्यको अभ्युदय र विकासको मुख्य युग एवम् धाराहरू: प्राचीन काल, मध्यकाल, आधुनिक काल (पूर्व नवयुग, नवयुग र उत्तरनवयुग)

(ख) पाश्चात्य काव्यशास्त्र (साहित्यशास्त्र) तथा समालोचनापद्धतिको विकासप्रक्रियाका मुख्यमुख्य युग एवं धाराहरू ; पाश्चात्य सन्दर्भमा कवि, काव्य, काव्यशास्त्र, समालोचना, वाङ्मय, साहित्य र साहित्यशास्त्रसम्बन्धी पारिभाषिक शब्दप्रयोग तथा तिनको सैद्धान्तिक अर्थगत विकासप्रक्रिया र वर्तमान सन्दर्भ र पाश्चात्य सभ्यता, साहित्य र साहित्यसिद्धान्त तथा समालोचनापद्धतिका बीचको सहसम्बन्ध

२) समालोचनाका स्वरूप तथा प्रमुख प्रकार, विधि र प्रकार्यहरू

३) साहित्यसिद्धान्त र समालोचनापद्धतिका मूल केन्द्रक (दृष्टिबिन्दु) हरू: विश्वप्रकृति, स्रष्टा, भावक (पाठक/श्रोता/दर्शक) र कृति

४) कृतिपरक, स्रष्टापरक, विधापरक र साहित्येतिहासपरक समालोचना पद्धति

५) प्रायोगिक समालोचना: प्रमुखपद्धति

(क) प्रभाववादी र सिद्धान्तोन्मुख (एकल/बहुल) समालोचनापद्धति

(ख) वर्णनात्मक, व्याख्यात्मक र निर्णयात्मक समालोचनापद्धति

(ग) ऐतिहासिक समालोचनापद्धति र तुलनात्मक समालोचनापद्धति

(घ) अन्तर्विषयक समालोचनापद्धति

(ङ) साहित्यिक शोधपद्धति र समालोचनापद्धतिका बीचका सहसम्बन्ध र तिनका बीचका साम्यवैषम्य एवं तिनका शक्ति र सीमा

ख) पाश्चात्य समालोचनाका प्रमुख प्रणालीहरू

१) *नीतिपरक समालोचना:* साहित्य र नीतिचेतना तथा आदर्शवादका बीचको सम्बन्ध; नीतिपरक समालोचनाका स्वरूप, विकासप्रक्रिया; नीतिवादी समालोचनाका प्रकार, प्लेटोका नीतिवादी मान्यताको समीक्षा ; नीतिवाद र कलावादका बीचको द्वन्द्वको समीक्षा; बिटको नवमानववादी नीतिवादको समीक्षा, नीतिवादका विभिन्न रूपान्तरणहरू, नीतिपरक समालोचनाका शक्ति र सीमा

२) *जीवनीपरक समालोचना:* व्यक्तिसाहित्यकारका जीवन, व्यक्तित्व र चेतनाको प्रतिबिम्बका रूपमा साहित्यिक कृति; जीवनीपरक समालोचनाका स्वरूप, विकासप्रक्रिया र प्रमुख स्थापना एवं पद्धतिहरू; शक्ति र सीमा

३) *समाजपरक समालोचना:* साहित्य र समाजका बीचको सम्बन्धका विभिन्न आयामहरू; पूर्वपरम्परा र समाजपरक समालोचनाको सूत्रपात; समाजपरक समालोचनाका मार्क्सवादी शाखा र प्रगतिवाद; गैरमार्क्सवादी समाजशास्त्रीय समालोचना प्रणाली; यथार्थवाद र समाजपरक समालोचनाका बीचको सम्बन्ध ; समाजपरक समालोचनाका शक्ति र सीमा

४) *मनोविज्ञानपरक समालोचना:* साहित्य र मानवमनका बीचका सम्बन्धका विभिन्न आयाम: पृष्ठभूमि, मनोविज्ञानको अभ्युदय र यसका शाखा; फ्रायड, एडलर र युङ्गका साहित्यसम्बन्धी प्रमुख मनोवैज्ञानिक स्थापना, ल्याकनको नवमनोविश्लेषण, मनोविज्ञानपरक समालोचनाका शक्ति र सीमा

५) *आदिमतापरक समालोचना:* साहित्य र संस्कृतिका बीचको सम्बन्ध; पृष्ठभूमि र मनोविज्ञानपरक समालोचनाको विकास प्रक्रिया; कार्ल युङ्गको सामूहिक अवचेतनमनको स्थापना र सांस्कृतिक मानवशास्त्रको प्रभाव; आद्यबिम्बका अवधारणा, आदिमतापरक समालोचनाका स्वरूप र प्रमुख स्थापना; शक्ति र सीमा

६) *रूपपरक र संरचनावादी समालोचना:* साहित्यका वस्तुपक्ष र रूपपक्ष; साहित्य र कलाका बीचको सम्बन्ध; सौन्दर्यशास्त्र र कलावर्गीकरण; रूपसम्बन्धी प्रमुख दृष्टिकोण; कलावादका स्थापनाको समीक्षा, रूसी रूपवाद र चेक संरचनावादका प्रमुख स्थापना; नवसमालोचना, कृतिपरक/पाठपरक समालोचना, फ्रान्सेली संरचनावाद, उत्तरसंरचनावाद एवं विसंरचनासम्बन्धी प्रमुख मान्यता; रूपवादी र संरचनावादी/विसंरचनावादी समालोचनाका उपलब्धि तथा सीमा

७) *शैलीवैज्ञानिक समालोचना:* साहित्यको माध्यमस्वरूप भाषा, भाषाशैलीसम्बन्धी परम्परागत प्रमुख दृष्टिकोणस; आधुनिक भाषाविज्ञानको अभ्युदय र शैलीपरक अध्ययन, शैलीको परिभाषा; शैलीविज्ञानका प्रमुख धारा र मान्यता तथा समालोचनापद्धति; शैलीविज्ञानका उपलब्धि र सीमा

८) *नारीवादी समालोचना:* नारीमुक्तिसम्बन्धी आन्दोलनक्रम र नारीवादी साहित्यचिन्तनको सूत्रपात; नारीवादी समालोचनाका प्रमुख चरण, धारा र मान्यताहरू; मुख्य उपलब्धि र सीमा

९) पाठकीय अनुक्रियापरक समालोचना: पाश्चात्य साहित्यचिन्तन र समालोचनापद्धतिमा पाठकेन्द्री दृष्टिकोणको विकासक्रमको रूपरेखा ;

पाठकअनुक्रिया र पाठव्याख्यासम्बन्धी नवसिद्धान्तहरू तथा तिनका प्रमुख स्थापना, उपलब्धि र सीमा

१०) *उत्तर औपनिवेशिक समालोचना:* उत्तरऔपनिवेशिक युग, परिवेश र उत्तरआधुनिकतावाद; पूर्वीय वाङ्मयवाद, सांस्कृतिक र जातीय तथा नारीपरक अध्यनका प्रमुख स्थापना; अफ्रिकाली ल्याटिन अमेरिकाली अध्ययनको केन्द्रीय स्वर प्रमुख उपलब्धि र सीमा

ग) **पाश्चात्य साहित्यसृजना र समालोचनामा प्रयुक्त प्रमुख वादहरू**

१) *परिष्कारवाद (क्लासिसिज्म):* नामकरण, ग्रीस र रोमका सन्दर्भमा परिष्कारवाद; नवपरिष्कारका आधारका रूपमा परिष्कारवाद, स्वच्छन्दतावादका व्यतिरेकमा परिष्कारवादको पहिचान; परिष्कारवादका प्रमुख चरण र आधारभूत मान्यता र प्रमुख प्रवृत्तिहरू; साहित्यिक धाराका रूपमा परिष्कारवादका शक्ति र सीमा; नेपाली साहित्यमा परिष्कारवादी धाराको स्वरूप

२) *स्वच्छन्दतावाद:* स्वच्छन्दतावादको नामाकरण, पुनर्जागरण युगीनपूर्वस्वच्छन्दतावाद; स्वच्छन्दतावादको पुनरुत्थान; नवस्वच्छन्दतावाद; स्वच्छन्दतावादका प्रमुख चरण: आधारभूत मान्यता तथा प्रवृत्तिहरू; परिष्कारवाद र यथार्थवादका व्यतिरेकमा स्वच्छन्दतावाद; स्वच्छन्दतावाद र उत्तरस्वच्छन्दतावाद (प्रतीकवाद र अतियथार्थवाद) का बीचको सम्बन्ध; स्वच्छन्दतावादका शक्ति र सीमाहरूको मूल्याङ्कन र नेपाली साहित्यमा स्वच्छन्दतावादी धाराको स्वरूप

३) *नवपरिष्कारवाद :* उत्थान र विस्तार, प्रमुख मान्यता, विच्छेद, प्रदान र परिसीमा

४) *यथार्थवाद :* यथार्थवादको नामाकरण, यथार्थवादको पृष्ठभूमि र प्रवर्तन ; यथार्थवादका आधारभूत मान्यता उपकरण र प्रवृत्ति; यथार्थवादका मुख्य चरण तथा भेदहरू ; यथार्थवादका शक्ति र सीमाहरूको मूल्याङ्कन र नेपाली साहित्यमा यथार्थवादी धाराको स्वरूप

५) *प्रकृतवाद :* प्रकृतवादको नामाकरण ; डार्बिनको विकासवादको पृष्ठभूमिमा प्रकृतवादको प्रवर्तन; प्रकृतवादका आधारभूत मान्यता र प्रवृत्ति; प्रकृतवाद र यथार्थवादको अन्तसम्बन्ध; प्रकृतवादका शक्ति र सीमाको मूल्यांकन ; नेपाली साहित्यमा प्रकृतवादी धाराको स्वरूप

६) *अतियथार्थवाद:* अतियथार्थवादको नामाकरण; दादावादको पृष्ठभूमिमा अतियथार्थवादको प्रवर्तन; अतियथार्थवादका प्रमुख धारणा र प्रवृत्तिहरू; अतियथार्थवादको उत्तरवर्ती प्रभाव, शक्ति र सीमा; नेपाली साहित्यमा अतियथार्थवादको प्रभाव र स्वरूप

७) *बिम्बवाद:* बिम्बवादको स्वरूप र प्रमुख स्थापना ।

८) *प्रभाववाद:* प्रभाववादको स्वरूप र प्रमुख स्थापना, सृजना र समालोचनाका क्षेत्रमा यसको प्रभाव; शक्ति र सीमा

९) *घनत्ववाद:* घनत्ववादका पृष्ठभूमि, स्वरूप र प्रमुख स्थापना

१०) *विसङ्गतिवाद र अस्तित्ववाद:* विसङ्गतिबोधको परम्परा; अस्तित्ववादी चिन्तनको सूत्रपात; सार्त्रेको अस्तित्ववाद एवं शून्यता तथा भविता; नेपाली साहित्यमा अस्तित्ववादको प्रभाव र स्वरूप

११) *उत्तरआधुनिकतावाद:* द्वितीय विश्वयुद्धोत्तर दशकहरूको परिवेश र साहित्यिक सृजनाका क्षेत्रमा नवीनतर प्रवृत्तिहरूको प्रवर्तनक्रम (नव विषय र बहुकेन्द्रकता, लघुतमवाद, सङ्थन र भाषाप्रयोगका नवीनता; उत्तरआधुनिकतावाद, नामकरण, प्रमुख स्थापना र विविध प्रयोगपक्ष; सृजना र समालोचनामा प्रभाव, शक्ति र सीमा

घ) पाश्चात्य साहित्यसिद्धान्त

१) एरिस्टोटल: पृष्ठभूमि, अनुकरणसिद्धान्त, दु:खान्तसङ्गठन र विरेचनसिद्धान्त

२) कलरिज: पृष्ठभूमि, कल्पनासिद्धान्तको केन्द्रीय मान्यता

३) क्रोचे: अभिव्यञ्जनावाद, सहजानुभूति र तार्किक ज्ञान; कलाको बाह्यप्रकटीकरण; मूल्याङ्कन

४) टमस स्टर्न इलियट: परम्परा र व्यक्तिप्रतिभा, निर्वैयक्तिकता

५) आई.ए. रिचर्ड्स: मूल्यसिद्धान्त, सम्प्रेषणसिद्धान्त, कल्पना सिद्धान्त तथा विरेचनसिद्धान्तको पुनर्व्याख्या

६) *नवएरिस्टोटलवाद:* नवसमालोचना र सिकागोमण्डलीको सम्बन्ध, नामकरण, सैद्धान्तिक चासो र बहुत्ववाद तथा विधासिद्धान्तस प्रमुख स्थापनाको समीक्षा

७) *वेलेक र वारेन:* साहित्यिकता र साहित्यिक अध्ययनको क्षेत्रनिर्धारण; साहित्यिक अध्ययनका बहिरङ्ग र अन्तरङ्गपद्धति, साहित्यिक शोधपद्धति, वेलेकका तुलनात्मक साहित्यसम्बन्धी समालोचनामान्यता र पद्धतिको समीक्षा

पाठ्यांश (२) आधुनिक नेपाली समालोचना पाठ घण्टा १, वार्षिक कक्षा ३०)

१. पाठ्यांशपरिचय

आधुनिक नेपाली समालोचनाका प्रवर्तन र विकासप्रक्रियाका साथै त्यसका प्रमुख धारा, पक्ष, प्रवृत्ति, व्यक्तित्व तथा कृतित्वको अध्ययन

२. पाठ्यांशको उद्देश्य

यस पाठ्यांशको अध्ययनबाट विद्यार्थीहरूले निम्नलिखित ज्ञान र क्षमता हासिल गर्नेछन् :

(क) आधुनिक नेपाली समालोचनाका विकासप्रक्रिया र यसका प्रमुख धारा, पक्ष एवं प्रवृत्तिको विवेचना गर्न,

(ख) आधुनिक नेपाली समालोचनाका प्रमुख समालोचक एवं तिनका कृतित्व र योगदानसम्बन्धी विवेचना गर्न

(ग) उपर्युक्त ज्ञानका आधारमा नेपाली साहित्य र यसका विभिन्न पक्षका र प्रमुख स्रष्टा एवं कृतिहरूको समालोचना गर्ने क्षमता प्राप्त गर्न

३. पाठ्यवस्तु विवरण

१) नेपाली समालोचनाको विकासप्रक्रिया र यसका मुख्य चरणहरू

२) नेपाली समालोचनाका पूर्वचेष्टाका सन्दर्भमा मोतीराम भट्ट र राममणि आदी तथा तिनका विशेषता र योगदान

३) आधुनिक नेपाली समालोचनाको उठान: सूर्यविक्रम ज्ञवाली र रामकृष्ण शर्माका मुख्य प्रवृत्ति र योगदान

४) खोज / अन्वेषण: बाबुराम आचार्य र अन्य पथनिर्माताहरू

५) संकलन /सम्पादन: डा. ईश्वर बराल

६) सैद्धान्तिक समालोचना: यदुनाथ खनाल र सोमनाथ शर्मा

७) साहित्यिक इतिहास लेखन: प्रमुख पथनिर्माताहरू

८) प्रगतिवादी नेपाली समालोचना: उठान, विस्तार र मूल प्रवृत्ति

९) उत्तरवर्ती नेपाली समालोचनाका प्रमुख धारा, पक्ष र प्रवृत्ति

१०) उत्तरवर्ती प्रमुख नेपाली समालोचकहरू: समालोचक व्यक्तित्व र कृतित्वको सर्वेक्षण ।

११) आधुनिक नेपाली समालोचनामा प्रयुक्त विभिन्न (पूर्वीय/पाश्चात्य) पद्धति र तिनका उपलब्धिको समीक्षा

४. सहायक पुस्तक (संबद्ध अंश मात्र)

१. डा. वासुदेव त्रिपाठी, *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा,* (भाग १ र २ नवीनतम संस्करण)

२. विल्बर स्कट (सं) *फाइव एप्रोचेज अफ लिटरेरी क्रिटिसिज्म,* कोलायर बुक्स, न्यूयोर्क

३. बिम्सेट र ब्रुक्स, *लिटरेरी क्रिटिसिज्म : ए सर्ट हिस्ट्री,* अक्सफोर्ड एण्ड आइ.बी.एच. पब्लिकेसन, कलकत्ता

४. डा.शान्तिस्वरूप गुप्त, *पाश्चात्यकाव्यशास्त्रका सिद्धान्त,* अशोकप्रकाशन, दिल्ली

५. रामपूजन तिवारी, *पाश्चात्य काव्यशास्त्र,* राधाकृष्णप्रकाशन, दिल्ली

६. रेनेवेलेक र आस्टेन वारेन, *साहित्य सिद्धान्त* (अनु.बी.एस. पालीवाल), लोकभारती प्रकाशन, इलाहावाद

७. डा. लक्ष्मीसागर वार्ष्णेय, *पश्चिमी आलोचनाशास्त्र,* हिन्दीसंस्थान, लखनऊ

८. डा. कुमारबहादुर जोशी, *पाश्चात्यसाहित्यका प्रमुख केही वाद,* त्रि.वि. पा.वि. केन्द्र

९. भानुभक्त पोखरेल, *सिद्धान्त र साहित्य,* श्याम पुस्तकभण्डार, विराटनगर

१०. रमन सेल्डेन, *ए रिडर्स गाइड टु कन्टेम्पोररी लिटेरेरी थिओरि,* हार्भेस्टर व्हिटशिफ, न्यूयोर्क/लण्डन .....

११. अन जेफर्सन र डेभिड रोबी (सम्पा.) *मोडर्न लिटरेरी थिओरी ए कम्पारेटिभ इन्ट्रोडक्सन,* बी.टी. ब्याट्सफोर्ड, लण्डन

१२. रमन सेल्डेन र पेटेर विडोब्सन, *ए रिडर्स गाइड टु कन्टेम्पोररी लिटरेरी थिओरी* (तृ.सं.), द युनिभर्सिटी प्रेस अफ केन्टुकी, केन्टुकी
१३. डेभिड लज (सम्पा), *मोडर्न क्रिटिसिज्म एण्ड थिओरी,* (भाग १ र २), लङ्गम्यान, लण्डन, न्यूयोर्क
१४. डेभिड लज, *ट्वेटन्थ सेन्चुरी क्रिटिसिज्म ए रिडर,* लङ्गम्यान, लण्डन
१५. .एम्.एच. अब्राम्स, *ए ग्लोसरी अफ लिटेरेरी टर्म्स,* कर्नेल युनिभर्सिटी, फोर्टवर्थ, फिलाडेल्फिया
१६. इअग्लेइप्न, *लिटेरेरी थिओरी,* बेसिल ब्लाकवेल, लण्डन
१७. माइकेल ग्रोडेन र मार्टिन क्रेइस्वर्थ, *द जोन हप्किन्स गाइड टु लिटेरेरी थिओरी एण्ड क्रिटिसिज्म,* दजोन हप्किन्स युनिभर्सिटी प्रेस, बाल्टिमोर, लण्डन।
१८. फ्रुचाङ्ग लेन्ट्रिक्शिया र थोमस म्याकलध्लिन, *क्रिटिकल टर्म्स फर लिटरेरी स्टडी,* द युनिभर्सिटी अफ शिकागो प्रेस,
१९. एलस्टायर फोव्लेर, *ए हिस्टोरी अफ इङ्लिस लिटरेचर,* हार्वर्ड युनिभर्सिटी प्रेस, क्याम्ब्रिज, म्यासाच्युसेट्स
२०. कृष्ण गौतम, *आधुनिक आलोचना : अनेक रूप अनेक पठन,* साझाप्रकाशन, ललितपुर
२१. अभि सुवेदी, *पाश्चात्य काव्यसिद्धान्त* (द्वि.सं.), साझाप्रकाशन, ललितपुर
२२. स्वपन मजुमदार, *कम्पारेटिभ लिटरेचरः इण्डियन डाइमेन्सन,* पेपीरस, कलकत्ता
२३. डा. ऋषिराज बराल, *मार्क्सवाद र उत्तरआधुनिकतावाद,* लेखक स्वयम्, विराटनगर
२४. वासुदेव त्रिपाठी, *पाश्चात्य समालोचना सिद्धान्तको शिक्षण* (कार्यपत्र), वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर
२५. ठाकुर पराजुली, *नेपाली साहित्येतिहास र नेपाली समालोचना शिक्षण* (कार्यपत्र), नेपाली केन्द्रीय विभाग, त्रि. वि. कीर्तिपुर
२६. नरेन्द्र प्रसाई, *नेपाली साहित्यका प्रमुख समालोचक,* एकता प्रकाशन, काठमाडौं
२७. डा. नगेन्द्र (प्र.सं) *पाश्चात्य काव्यशास्त्रः मार्क्सवादी परम्परा,* दिल्ली विश्वविद्यालय, दिल्ली
२८. सुरेश कुमार, *शैली विज्ञान,* मैकमिलन कम्पनी अफ इन्डिया लिमिटेड, दिल्ली
२९. रेनेवेलेक (अनु. इन्द्रनाथ मदान), *आलोचना की धारणाएं,* हरियाणा हिन्दीग्रन्थ अकादमी, चंडीगढ
३०. शम्भुदत्त झा, *रिचर्ड्स के आलोचनासिद्धान्त,* भारतीभवन, पटना

३१. कृष्णचन्द्र सिंह प्रधान (सं.) *साझा समालोचना,* साझाप्रकाशन, काठमाडौं
३२. शिव प्रधान (सम्पा) *बृहत् समालोचना,* गान्तोक प्रकाशन, सिक्किम
३३. घनश्याम कंडेल, *नेपाली समालोचना,* साझाप्रकाशन, काठमाडौं
३४. निनु चापागाईं, *यथार्थवादी रचनादृष्टि र विवेचना,* दिल वरदान, काठमाडौं
३५. देवीप्रसाद गौतम, *प्रगतिवाद : परम्परा र मान्यता,* श्रीमती सुनाव गौतम, काठमाडौं
३६. घनश्याम नेपाल, *शैलीविज्ञान,* आंकुरा प्रकाशन, गान्तोक
३७. मोहनराज शर्मा, *शैलीविज्ञान,* नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, काठमाडौं
(क) पूर्वीय-पाश्चात्य सन्दर्भमा कविताका प्रबन्धकाव्यात्मक भेद, खण्डकाव्य/ लामो कविता र महाकाव्यका सैद्धान्तिक स्वरूपको ज्ञान प्राप्त गर्न र त्यस ज्ञानका आधारमा नेपाली खण्डकाव्य, लामोकविता र महाकाव्यका विश्लेषण र मूल्याङ्कनको समालोचनात्मक सीप प्राप्त गर्न

(ख) आधुनिक नेपाली खण्डकाव्य, लामो कविता र महाकाव्यका विकासप्रक्रियाका विभिन्न धारा एवं तिनका प्रवृत्तिहरूको ऐतिहासिक विवेचना गर्न

३. एकाइविभाजन

क) खण्डकाव्य र महाकाव्यको सैद्धान्तिक अध्ययन

ख) आधुनिक नेपाली खण्डकाव्य र महाकाव्यको ऐतिहासिक अध्ययन

४. पाठ्यवस्तुविवरण

एकाइ क) खण्डकाव्य र महाकाव्यको सैद्धान्तिक अध्ययन

१) पूर्वीय र पाश्चात्य सैद्धान्तिक सन्दर्भमा कविताविधाको उपविधात्मक वर्गीकरणका आधारमा खण्डकाव्य (र लामो कविता) र महाकाव्यको स्वरूपगत पहिचान

२) खण्डकाव्य / लामो कविताका स्वरूप र परिभाषा तथा तत्व र प्रकारहरू

३) महाकाव्यका स्वरूप र परिभाषा तथा तत्व र प्रकारहरू

एकाइ ख) आधुनिक नेपाली खण्डकाव्य र महाकाव्यको ऐतिहासिक अध्ययन

१) आधुनिक नेपाली खण्डकाव्य (र लामो कविता) का पृष्ठभूमि, प्रवर्तन र विकास प्रक्रियाका प्रमुख धारा एवं प्रवृत्ति

२) आधुनिक नेपाली महाकाव्यका पृष्ठभूमि, प्रवर्तन र विकासप्रक्रियाका प्रमुख धारा एवं प्रवृत्ति

पाठ्यांश (२) आधुनिक नेपाली खण्डकाव्यका प्रमुख स्रष्टा र तिनका निर्धारित कृति

१. पाठ्यांश परिचय

आधुनिक नेपाली खण्डकाव्य र लामोकविताका प्रमुख स्रष्टा र तिनका निर्धारित खण्डकाव्य / लामो कविताको अध्ययन

२. पाठ्यांशको उद्देश्य

यस पाठ्यांशको अध्ययनबाट विद्यार्थीहरूले निम्नलिखित ज्ञान र क्षमता प्राप्त गर्नेछन्:

(क) नेपाली खण्डकाव्यमा प्रयुक्त विभिन्न लयको पहिचान गर्न र ती लय समाती सस्वरवाचन गर्न

(ख) आधुनिक नेपाली खण्डकाव्य र लामो कविताका विभिन्न धाराका प्रमुख खण्डकाव्यकारहरूका प्रवृत्ति र योगदानको विश्लेषण तथा मूल्याङ्कन गर्न

(ग) आधुनिक नेपाली खण्डकाव्यका विशिष्ट कृतिको आस्वादनका साथै तिनको व्याख्या, विश्लेषण र मूल्याङ्कन गर्न

३. एकाइ विभाजन

क) आधुनिक नेपाली खण्डकाव्यका परिष्कारवादी धारा र स्वच्छन्दतावादी धाराका प्रमुख स्रष्टा र तिनका निर्धारित कृति
(पाठ घण्टा १½, वार्षिक कक्षा ४५)

ख) आधुनिक नेपाली खण्डकाव्यका प्रयोगवादी धारा र उत्तरप्रयोगवादी धारा (समसामयिक धारा) का प्रमुख स्रष्टा र तिनका निर्धारित कृति
(पाठ घण्टा ०½, वार्षिक कक्षा १५)

४. पाठयवस्तुविवरण

एकाइ क) आधुनिक नेपाली खण्डकाव्यका परिष्कारवादी धारा र स्वच्छन्दतावादी धाराका प्रमुख स्रष्टा र तिनका निर्धारित कृति

१) खण्डकाव्यकार लेखनाथ पौड्यालका खण्डकाव्ययात्रा, प्रवृत्ति र योगदानका साथै विभिन्न कोणबाट उनको "ऋतुविचार" खण्डकाव्यको विवेचना र त्यसका विशिष्ट पङ्क्तिको व्याख्या

२) खण्डकाव्यकार लक्ष्मीप्रसाद देवकोटाका खण्डकाव्ययात्रा, प्रवृत्ति र योगदानका साथै विभिन्न कोणबाट उनको "सृजामाता" खण्डकाव्यको विवेचना र त्यसका विशिष्ट पङ्क्तिको व्याख्या

३) खण्डकाव्यकार सिद्धिचरण श्रेष्ठका प्रवृत्ति र योगदानका साथै विभिन्न कोणबाट उनको "उर्वशी" खण्डकाव्यको विवेचना र त्यसका विशिष्ट पङ्क्तिको व्याख्या

४) खण्डकाव्यकार माधव घिमिरेका खण्डकाव्ययात्रा, प्रवृत्ति र योगदानका साथै विभिन्न कोणबाट उनको "राजेश्वरी" खण्डकाव्यको विवेचना र त्यसका विशिष्ट पङ्क्तिको व्याख्या

एकाइ ख) आधुनिक नेपाली खण्डकाव्यका प्रयोगवादी धारा र उत्तरप्रयोगवादी (समसामयिक) धाराका प्रमुख स्रष्टा र तिनका निर्धारित कृति

१) लामोकविताकार मोहन कोइरालाका लामो कवितायात्रा, प्रवृत्ति र योगदानका साथै विभिन्न कोणबाट उनको "गङ्गाप्रवास" लामो कविताको विवेचना

२) समसामयिक युगका खण्डकाव्यधर्मी लामो कविताका प्रमुख स्रष्टा, तिनका कृति र प्रवृत्तिहरूको निरूपण र विश्लेषण

पाठ्यांश (३) आधुनिक नेपाली महाकाव्यका प्रमुख स्रष्टा र तिनका निर्धारित कृति

१. पाठ्यांश परिचय

आधुनिक नेपाली महाकाव्यका प्रमुख स्रष्टा र तिनका निर्धारित महाकाव्यको अध्ययन

२. पाठ्यांशको उद्देश्य

यस पाठ्यांशको अध्ययनबाट विद्यार्थीहरूले निम्नलिखित क्षमता प्राप्त गर्नेछन्

(क) आधुनिक नेपाली महाकाव्यका विभिन्न धाराका महाकाव्यकारहरूका प्रवृत्ति र योगदानको विश्लेषण र मूल्याङ्कन गर्न

(ख) प्रमुख नेपाली महाकाव्यकारका प्रमुख महाकाव्यको आस्वादनका साथै तिनको व्याख्या, विश्लेषण र मूल्याङ्कन गर्न

(ग) नेपाली जीवनधारा र मानवहृदयका सूक्ष्म मनोभाव पहिचान्न र विश्लेषण गर्न

३. एकाइविभाजन

क) आधुनिक नेपाली महाकाव्यका परिष्कारवादी धाराका प्रमुख स्रष्टा र तिनका निर्धारित कृति (पाठ घण्टा १½ , वार्षिक कक्षा ४५)

(ख) आधुनिक नेपाली महाकाव्यका स्वच्छन्दतावादी धारा र प्रयोगवादी धाराका प्रमुख स्रष्टा र तिनका निर्धारित कृति

(पाठ घण्टा ०¾ , वार्षिक कक्षा २२)

४. पाठ्यवस्तुविवरण

एकाइ क) आधुनिक नेपाली महाकाव्यका परिष्कारवादी धाराका प्रमुख स्रष्टा र तिनका निर्धारित कृति

१) महाकाव्यकार सोमनाथ सिग्चलका महाकाव्ययात्रा, प्रवृत्ति र योगदानका साथै विभिन्न कोणबाट उनको "आदर्श राघव" महाकाव्यको विवेचना र त्यसका विशिष्ट पङ्क्तिको व्याख्या

२) नव्यकाव्यकार तथा महाकाव्यकार लेखनाथ पौड्यालका प्रवृत्ति र योगदानका साथै विभिन्न कोणबाट उनको "तरुणतपसी" नव्यकाव्यको विवेचना र त्यसका विशिष्ट पङ्क्तिको व्याख्या

३) महाकाव्यकार बालकृष्ण समका प्रवृत्ति र योगदानका साथै विभिन्न कोणबाट उनको "चिसो चूह्लो" महाकाव्यको विवेचना

एकाइ ख) आधुनिक नेपाली महाकाव्यको स्वच्छन्दतावादी र प्रयोगवादी धाराका प्रमुख स्रष्टा तथा तिनका निर्धारित कृति

१) महाकाव्यकार लक्ष्मीप्रसाद देवकोटाका महाकाव्ययात्रा, प्रवृत्ति र योगदानका साथै विभिन्न कोणबाट उनको "शाकुन्तल" महाकाव्यको विवेचना र त्यसका सर्ग १ - ९ का विशिष्ट पङ्क्तिको व्याख्या

२) काव्यकार जगदीश शमशेर राणाका प्रवृत्ति र योगदानका साथै विभिन्न कोणबाट उनको "नरसिंह अवतार" काव्यको विवेचना

५. पाठ्य पुस्तकहरू

१. सोमनाथ शर्मा, *आदर्श राघव,* साझाप्रकाशन, काठमाडौं
२. लेखनाथ पौड्याल, *तरुणतपसी,* साझाप्रकाशन, काठमाडौं
३. बालकृष्ण सम, *चिसो चूल्हो,* साझाप्रकाशन, काठमाडौं
४. लक्ष्मीप्रसाद देवकोटा, *नेपाली शाकुन्तल महाकाव्य,* साझाप्रकाशन, काठमाडौं
५. लेखनाथ पौड्याल, *ऋतुविचार,* साझाप्रकाशन, काठमाडौं
६. लक्ष्मीप्रसाद देवकोटा, *सृजामाता* (मैना खण्डकाव्यसङ्ग्रह अन्तर्गत) ने.रा. प्रज्ञाप्रतिष्ठान, काठमाडौं
७. सिद्धिचरण श्रेष्ठ, *उर्वशी,* साझाप्रकाशन, काठमाडौं
८. माधव घिमिरे, *राजेश्वरी,* साझाप्रकाशन, काठमाडौं
९. मोहन कोइराला, *गङ्गाप्रवास* (नदीकिनाराका माझी अन्तर्गत) काठमाडौं
१०. जगदीश शमशेर राणा, *नरसिंह अवतार,* श्रीमती भुवनराणा, दिल्ली

६. सहायक पुस्तक

१. उत्तम कुंवर, *स्रष्टा र साहित्य,* साझाप्रकाशन, काठमाडौं
२. डा. कुमारबहादुर जोशी, *महाकवि देवकोटा र उनका महाकाव्य* (डा. वासुदेव त्रिपाठीको भूमिकासहित), साझाप्रकाशन, काठमाडौं
३. कृष्ण गौतम, *देवकोटाका प्रबन्ध काव्य,* (नयां संस्करण) काठमाडौं
४. डा. चूडामणि बन्धु, *देवकोटा,* साझाप्रकाशन, काठमाडौं
५. ठाकुर पराजुली, *नेपाली साहित्यको परिक्रमा,* साझाप्रकाशन, काठमाडौं
६. डा. तारानाथ शर्मा, *नेपाली साहित्यको इतिहास,* काठमाडौं
७. डा. ताराप्रसाद जोशी, *आदर्श राघवको शास्त्रीय विवेचना,* रत्न पुस्तकभण्डार, काठमाडौं
८. नरहरि आचार्य, *सोमनाथ शर्मा सिग्देल र उनको महाकाव्यसाधना,* सोमनाथ शतवार्षिकी समिति, काठमाडौं
९. भानुभक्त पोखरेल, *माधव घिमिरेका विशिष्ट खण्डकाव्य,* श्यामपुस्तक भण्डार, विराटनगर
१०. रत्नध्वज जोशी, *साहित्यको अध्ययन,* ने.रा. प्रज्ञाप्रतिष्ठान, काठमाडौं
११. रत्नध्वज जोशी, *ऋतुविचार र लेखनाथ,* ने.रा. प्रज्ञाप्रतिष्ठान, काठमाडौं
१२. राममणि रिसाल, *नेपाली काव्य र कवि,* साझाप्रकाशन, काठमाडौं
१३. डा. वासुदेव त्रिपाठी, *लेखनाथ पौड्यालको कवित्वको विश्लेषण र मूल्याङ्कन,* पा.वि.केन्द्र, कीर्तिपुर, त्रि.वि. काठमाडौं
१४. वासुदेव त्रिपाठी, *सिंहावलोकन,* साझाप्रकाशन, काठमाडौं
१५. डा. कुमारबहादुर जोशी, *देवकोटाका कविताकृतिको कालक्रमिक विवेचना,* सिद्धार्थवनस्थली, प्राज्ञिक परिषद्, काठमाडौं
१६. डा. कुमारबहादुर जोशी, *कवि कोइराला र उनको गङ्गाप्रवास,* सरस्वतीप्रकाशन, काठमाडौं

७. सन्दर्भ सामग्री

१. चूडानाथ भट्टराय, *तरुणतपसी मीमांसा,* जगदम्बाप्रकाशन, काठमाडौं
२. केशव घिमिरे, *तरुणतपसीको पुनर्मूल्याङ्कन,* भानुप्रकाशन, काठमाडौं
३. वासुदेव त्रिपाठी, *महाकाव्य बूढो पुरानो विधा,* "प्रज्ञा" अङ्क २, ने.रा.प्रज्ञाप्रतिष्ठान, काठमाडौं
४. अम्बिकाप्रसाद अधिकारी, *साहित्यिक समालोचना,* लोकलक्ष्मी अधिकारी, काठमाडौं
५. *"भानु"* महाकवि देवकोटा विशेषाङ्क (२०२५) भानुप्रकाशन, काठमाडौं
६. कृष्ण गौतम, *पाश्चात्य महाकाव्य,* भुंडीपुराण प्रकाशन, काठमाडौं
७. नरेन्द्र चापागाईं, *केही सृष्टि, केही दृष्टि,* साझाप्रकाशन, काठमाडौं

८. डा. हरिराज भट्टराई, *नरसिंह अवतार एक समीक्षा,* असीम सौरभ काठमाडौं
९. मोहन कोइराला, *कविता बारे केही चर्चा,* ने.रा. प्रज्ञाप्रतिष्ठान, काठमाडौं
१०. नरेन्द्र चापागाईं, दधिराज सुवेदी (सम्पा.) *काव्य समालोचना,* पूर्वाञ्चल साहित्य प्रतिष्ठान, विराटनगर
११. हेमचन्द्र पोखरेल, (संकलन) *शकुन्तला शब्दार्थ सञ्चयन,* धनकुटा
१२. मर्जरी बुल्टन, *द एनाटमी अफ पोइट्री,* कल्याणी पब्लिसर, दिल्ली

नेपाली साहित्यको इतिहास तथा संस्कृत र पाश्चात्यसाहित्यको रूपरेखा

Nep.508

आठौं पत्र
पूर्णाङ्क: १००
वार्षिक पाठ्यभार १५०

समाविष्ट पाठ्यांशहरू

यस आठौं पत्रअन्तर्गत निम्न लिखित पाठ्यांशहरू समाविष्ट छन् :

क्र.सं.	पाठ्यांश	पाठघण्टा I	वार्षिक कक्षा	अङ्कभार
१.	नेपाली साहित्यको इतिहास	१	३०	२०
२.	संस्कृतसाहित्यको रूपरेखा	२	६०	४०
३.	पाश्चात्य साहित्यको रूपरेखा	२	६०	४०

पाठ्यांश (१) नेपाली साहित्यको इतिहास

१. पाठ्यांशपरिचय

इतिहासदर्शन र साहित्येतिहासको लेखनपद्धतिका सन्दर्भमा नेपाली साहित्यको इतिहास -अध्ययन,

२. पाठयांशको उद्देश्य

यस पाठ्यांशको अध्ययनबाट विद्यार्थीहरू निम्नलिखित ज्ञान र क्षमता प्राप्त गर्न समर्थ हुनेछन् :

(क) इतिहासदर्शनका पृष्ठभूमिमा साहित्येतिहास लेखनका प्रमुख मान्यता र त्यसका पौरस्त्य तथा पाश्चात्य मान्यता, पद्धति र परम्परादेखि परिचित रहन,

(ख) साहित्येतिहास लेखनका सन्दर्भमा नेपाली साहित्येतिहासका पूर्वपीठिकादेखि अवगत रहन; नेपाली भाषा र साहित्यको ऐतिहासिक विकासका सन्दर्भमा कालविभाजन त्यसका युगउपयुगको निर्धारण तथा औचित्य र मतमतान्तरदेखि परिचित रहन; आधुनिक नेपाली साहित्यको विधागत विकासका सन्दर्भमा देखापरेका अन्तर्बाह्य प्रभाव, आन्दोलन, प्रवृत्ति, धाराउपधारा र रूपको जानकारी प्राप्त गर्न र साहित्येतिहास लेखनका मान्यताका परिप्रेक्ष्य र पद्धतिका क्रममा उपलब्ध नेपाली साहित्येतिहास लेखनको समीक्षा गर्न,

३. एकाइविभाजन

एकाइ क) इतिहासदर्शन र साहित्येतिहास लेखनका प्रमुख मान्यता तथा पद्धति (पाठ घण्टा ०¼ , वार्षिक कक्षा १०)

एकाइ ख) नेपाली साहित्यको इतिहास (पाठ घण्टा ०¼ , वार्षिक कक्षा २०)

४. पाठ्यवस्तुविवरण

एकाइ क) इतिहासदर्शन र साहित्येतिहासलेखनका प्रमुख मान्यता तथा पद्धति

१) इतिहासका अर्थ र स्वरूपसम्बन्धी पूर्वीय (संस्कृत) मान्यता (महाभारत र पुराणका इतिहासम्बन्धी धारणा); इतिहाससम्बन्धी

पाश्चात्य मान्यता तथा विभिन्न सम्प्रदाय र पद्धति (हिरोदोतस, कान्ट, विको, हबर्ट स्पेन्सर, डार्विन, मार्क्स, क्रोचे, नित्से, डिल्थे, टोयनबी, सोदोकिन फाउकल्ट, हिडेन ह्वाइट, लाइभ ज्वाय, पर्किन); नवइतिहासपरक विद्वत्ता र नवइतिहासवाद

२) इतिहासका अखण्ड र खण्डरूप, इतिहासका पक्षहरू (सामाजिक, राजनैतिक, वैचारिक, दार्शनिक, आर्थिक, धार्मिक र सांस्कृतिक, कलात्मक, साहित्यिक, वैज्ञानिक, प्राविधिक)

३) साहित्येहासलेखनका प्रमुख मान्यता, पद्धति र प्रायोगिक रूप: पाश्चात्य इतिहासपरक र इतिहासनिरपेक्ष साहित्यसिद्धान्त र समालोचनाविधि तथा साहित्येतिहासलेखनमा तिनको प्रभाव: युरोपेली परम्परा; इतिहासवाद र त्यसको प्रभावका सन्दर्भमा हेर्डरका मान्यता; हेगेलको युगचेतना, श्लेगेलका सम्पूर्णता र आङ्गिकताका सिद्धान्त; प्राकृतिक विज्ञान र सामाजिकशास्त्रसंग साहित्येतिहासको सम्बन्धसंस्थापना र युरोपेली प्रयोगहरू; साइमन्ड र सेन्टब्युभका जीवविज्ञानवादी मान्यता र जीवनीपरकता; टेनका जाति, क्षण र युगस्पन्दनका मान्यता, म्याथ्यू अर्नोल्ड, इडमन्ड साहित्येतिहासका विल्सन, हेनरी हडसन र लिग्विस क्याजामियाका साहित्येतिहासका अवधारणा; बहिरङ्ग र अन्तरङ्ग अध्ययनपद्धति र तिनका शक्ति तथा सीमा; मार्क्सवादी साहित्येतिहासलेखन, आधुनिकतावाद, नवसमालोचना (नोमेले किटिकसमेत) र रूसी रूपवादका इतिहासनिरेपक्ष साहित्यमान्यता; चेक संरचनावादका कृतिपरक, स्रष्टापरक र साहित्येतिहासपरक समष्टि समालोचनाका मान्यता, फ्रान्सेली संरचनावाद र उत्तरसंरचनावाद (विसंरचनावाद) तथा उत्तर आधुनिकतावादका साहित्येतिहाससम्बन्धी दृष्टिकोण, नवइतिहासवाद र साहित्येतिहासका धारणा; पाश्चात्य साहित्यका प्रमुख इतिहासलेखनधाराका उपलब्धि तथा समस्या र विकल्पहरू

एकाइ ख) नेपाली साहित्यको इतिहास

१) नेपाली साहित्यको इतिहास लेखन: अद्यावधिक प्रमुख ग्रन्थ र तिनका स्वरूप, विशेषता एवं उपलब्धि तथा सीमा

२) नेपाली साहित्यको आगामी इतिहासलेखनका सम्भावना, समस्या, स्रोत, आधार र पद्धति

३) नेपाली साहित्यको इतिहाससम्बन्धी विविध सान्दर्भिक पक्षहरू: नेपाल, नेपाली जाति र समाज तथा संस्कृति, नेपाली भाषा र नेपाली लोकसाहित्यको सन्दर्भ (भौगोलिक, ऐतिहासिक तथा राष्ट्रिय -अन्तर्राष्ट्रिय, सामाजिक, राजनैतिक, आर्थिक, धार्मिक र सांस्कृतिक समूहमनोवैज्ञानिक - वैचारिक-दार्शनिक, वैज्ञानिक/प्राविधिक, कलात्मक, भाषिक र लोकसाहित्यिक पक्षहरू) र विश्वसाहित्यबाट प्राप्त अन्तर्राष्ट्रिय प्रेरणा र प्रभावका सन्दर्भहरू

४) नेपाली भाषाका प्राचीन अभिलेख र वाङ्मय : कृति, भाषिक स्वरूप र सामर्थ्य; विषयक्षेत्र तथा रूप र सङ्कलनपद्धतिको विकासक्रम

५) नेपाली साहित्यको कालविभाजन : प्रमुख मत तथा तिनका आधार र दृष्टिकोण एवं मुख्य स्थापना र तिनका शक्ति एवं सीमा

६) नेपाली साहित्यका प्रमुख कालखण्ड (युग/उपयुग) का निर्धारणका आधार र सम्भावना, आधुनिकतावाद र त्यसको नेपाली सन्दर्भ; नेपाली साहित्यका प्रत्येक युगका समयावधि, पृष्ठभूमिगत बहिरङ्ग - अन्तरङ्ग विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय पक्ष र कारक; प्रमुख प्रवृत्ति तथा धारा - उपधारा - अन्तर्धाराका अन्त: प्रवृत्तिहरू एवं तिनका साहित्यिक (रूपात्मक विधासमष्टिगत) प्रमुख प्रतिभा र कृतित्वका उपलब्धि र सीमा

७) नेपाली साहित्येतिहाससंग संबद्ध प्रमुख अभियान, आन्दोलन र वादहरू तथा प्राज्ञिक, शैक्षिक र जनमुखी आधारभूत संस्था र तिनका मूलभूत साहित्यसम्बन्धी कियाकलापहरू; नेपाली साहित्यको सञ्चार - प्रणाली र विविध पाठ्य, श्रव्यदृश्य सञ्चारमाध्यम, प्रमुख साहित्यिक प्रकाशनसंस्था र पत्रिकाहरू

८) अनुवाद साहित्य : विश्वसाहित्यको नेपाली अनुवाद; नेपालका भाषान्तरमा -विश्वभाषाहरूमा नेपाली साहित्यको अनुवाद

पाठ्यांश (२) संस्कृतसाहित्यको रूपरेखा

१. पाठ्यांशपरिचय

संस्कृतसाहित्यका प्रमुख युग र विधा (महाकाव्य, नाटक र आख्यान) को र विधागत नमुनापाठको अध्ययन

२. पाठ्यांशको उद्देश्य

यस पाठ्यांशको अध्ययनबाट विद्यार्थीहरू निम्नलिखित ज्ञान र क्षमता प्राप्त गर्न समर्थ हुनेछन्:

(क) संस्कृत साहित्यका प्रमुख युग र धारा तथा तिनका प्रवृत्ति छुट्ट्याउन र प्रमुख विधा (महाकाव्य, नाटक र गद्यकाव्यका साथै पौराणिक साहित्य) का विकास - प्रक्रियाका मोड र प्रमुख प्रतिभा तथा तिनका आधारभूत कृतित्व र प्रवृत्तिको विवेचना गर्न

(ख) काव्य र नाटकका नमुना रचनाको आस्वादन गर्न र तिनको व्याख्या र विवेचना गर्न

(ग) उपर्युक्त विवेचना र आस्वादन-अध्ययनका साथै संस्कृतवाङ्मयको समृद्ध साहित्यिक परम्पराको परिचय प्राप्त गर्न

३. एकाइविभाजन

एकाइ क) संस्कृत साहित्यको ऐतिहासिक रूपरेखा र यसका वैदिक तथा आर्षयुग (पाठघण्टा ०¼ , वार्षिक कक्षा २३)

एकाइ ख) संस्कृतका कलात्मक महाकाव्य, नाटक र गद्याख्यान (पाठ घण्टा १¼, वार्षिक कक्षा ३७)

४. पाठ्यवस्तुको विवरण

एकाइ क) संस्कृत साहित्यको ऐतिहासिक रूपरेखा र यसका वैदिक तथा आर्ष युग

(अ) वैदिक वाङ्मय/साहित्यको रूपरेखा

(१) वैदिक वाङ्मयका संहिता, उपनिषद् र ब्राह्मणवाङ्मयको साहित्यिक परिचय

(२) काव्यात्मक अभिव्यक्ति र विधागत रूपशिल्पका दृष्टिले ऋग्वेद र अथर्ववेद संहिताका मुख्यमुख्य विशेषताहरूको निरूपण

(३) शिल्पसौन्दर्य र भावव्यञ्जनाका दृष्टिले "उषस्सूक्त" र सृष्टिदर्शनका दृष्टिले "नासदीय सूक्त" को विवेचना

(आ) "रामायण", "महाभारत" र "पौराणिक" साहित्यको सर्वेक्षण र समीक्षा

(१) "रामायण" आर्ष महाकाव्य, "महाभारत" तथा पौराणिक वाङ्मयको संक्षिप्त परिचय

(२) प्रबन्धकाव्यरचनाका विभिन्न कोणबाट आर्षमहाकाव्य "रामायण" र "महाभारत" को विवेचना

३) भावव्यञ्जना र शिल्पसंरचनाका दृष्टिले "रामायण" को वर्षावर्णन र वैचारिक गम्भीरताका दृष्टिले महाभारत अन्तर्गत "भगवद्गीता" को दोस्रो अध्यायको विवेचना एवं गीताका विशिष्ट पङ्क्तिहरूको व्याख्या

४) उत्तरवर्ती साहित्यलाई उपर्युक्त ग्रन्थहरूले प्रदान गरेका अवदान

एकाइ ख) संस्कृत कलात्मकमहाकाव्य, नाटक र गद्याख्यान

(अ) संस्कृत कलात्मकमहाकाव्यको परम्परा र विकास

(१) कालिदास र अश्वघोषका कलात्मक संस्कृतमहाकाव्यको परम्परा

(२) महाकवि कालिदास र उनको महाकाव्यकारिताका सन्दर्भमा "कुमार सम्भवम्" को विवेचना र त्यसका पांचौं सर्गका विशिष्ट पङ्क्तिहरूको व्याख्या

(३) भारवि, माघ र श्रीहर्षको संस्कृत महाकाव्यको शास्त्रीय धाराको प्रारम्भ र विकासको निरूपण

(४) संस्कृत काव्यपरम्पराको सिर्जनात्मक र निर्माणात्मक युगबारे निष्कर्ष

आ) संस्कृत नाटकको परम्परा र विकास

१) भास, कालिदास र शूद्रकका कलात्मक नाट्यधारा

२) नाटककार भास र उनको नाट्यकारिताका सन्दर्भमा "स्वप्नवासवदतम्" नाटकको विवेचना र त्यसका प्रथम र द्वितीय अङ्कका विशिष्ट पङ्क्तिहरूको व्याख्या

३) भवभूति, श्रीहर्ष र विशाखदत्तका शास्त्रीय नाटकको उत्तरवर्ती परम्पराको सर्वेक्षण

(इ) संस्कृत गद्यसाहित्यको परम्परा

१) बृहत्कथा, पञ्चतन्त्र र हितोपदेश: लोकआख्यानमूलक नैतिक कथा - साहित्यको परम्परा

२) दण्डी र बाणका अलङ्कारमूलक काव्यात्मक गद्यधारा

पाठ्यांश (३) पाश्चात्यसाहित्यको रूपरेखा

१. पाठ्यांशपरिचय

पाश्चात्य जगत् (युरोप र अमेरिका महादेश) का प्रमुख भाषाहरूका आधारभूत साहित्यिक उपलब्धिहरूको अध्ययन

२. पाठ्यांशको उद्देश्य

यस पाठ्यांशका अध्ययनबाट विद्यार्थीहरू निम्न लिखित ज्ञान र क्षमता प्राप्त गर्न समर्थ हुनेछन्:

(क) पाश्चात्य जगत् (युरोप र अमेरिका महादेश) का प्रमुख भाषाहरू (प्राचीन ग्रिसेली, ल्याटिन, इटालेली, अङ्ग्रेजी, फ्रान्सेली, रूसी, स्पेनी, जर्मनेली, स्विडेनी र नर्वेली) का साहित्यभण्डारका सन्दर्भमा पाश्चात्य साहित्यका प्राचीन, मध्य र आधुनिक (पूर्व आधुनिक र उत्तर आधुनिक) युग र तिनका मुख्य साहित्यिक धाराहरूका बारेमा जानकारी प्राप्त गर्न

(ख) पाश्चात्य साहित्यका कविता (प्रगीत, लामो कविता, महाकाव्य), आख्यान (कथा, उपन्यास) नाटक लघुनाटक, निबन्ध र अन्य प्रकारका विधा क्षेत्रका स्थापित उत्कृष्ट परम्परा र अद्यावधिक नवनव प्रयोगशील पक्षका बारेमा जानकारी प्राप्त गर्न

(ग) पाश्चात्य जगत् (युरोप / अमेरिका) का प्रमुख देशका उपयुक्त मुख्य भाषाहरूका साहित्यका आधारभूत अद्यावधिक ऐतिहासिक रूपरेखाका साथै तिनका अन्तर्राष्ट्रिय ख्यातिप्राप्त मूर्धन्य स्रष्टाहरू र कृतित्वका विशेषता र उपलब्धिबारे जानकारी प्राप्त गर्न

(घ) उपर्युक्त पाश्चात्य साहित्यबाट नेपाली साहित्यका विभिन्न विधाका आधुनिकीकरण र विकासका क्रममा प्राप्त भएको नवनव प्रेरणा र रचनात्मक प्रभावबारे जानकारी पाउन

२. एकाइविभाजन

क) पाश्चात्य साहित्यका विकासप्रक्रिया र मुख्यमुख्य धाराहरू (पाठ घण्टा ०¼ , वार्षिक कक्षा ७)

ख) पाश्चात्य साहित्यका विभिन्न विधाका स्थापित परम्परा र प्रयोगशील नव पक्षहरू (पाठ घण्टा ०¼ , वार्षिक कक्ष ८)

(ग) पाश्चात्य जगत्का प्रमुख भाषाका आधारभूत साहित्यिक उपलब्धिको रूपरेखा (पाठ घण्टा १½ , वार्षिक कक्षा ४५)

३. पाठ्यवस्तु विवरण

एकाइ क) पाश्चात्य साहित्यका विकासप्रक्रियाका मुख्य युग र धाराहरू

(१) पाश्चात्य जगत् (युरोप/अमेरिका) का प्रमुख भाषाहरूको साहित्यविकासका सन्दर्भमा पाश्चात्य साहित्यका मुख्य युगहरूको रेखाङ्कन (प्राचीन, मध्य र आधुनिक-अत्याधुनिक, पूर्वआधुनिक, आधुनिक र उत्तरआधुनिक नवयुग)

(२) उपर्युक्त विभिन्न युगका मुख्य विशेषता र आधारभूत साहित्यिक उपलब्धि (प्रमुख भाषा, धारा, मूर्धन्य स्रष्टाहरू र विधागत विशिष्ट कृतित्वको ऐतिहासिक रूपरेखा)

एकाइ ख) पाश्चात्य साहित्यका विभिन्न विधाका स्थापित परम्परा र प्रयोगशील पक्षहरू

(१) पाश्चात्य साहित्यका परम्परागत मुख्य विधा उपविधाका केन्द्रीय उपलब्धिहरूको रेखाङ्कन (प्रगीत, कविता, महाकाव्य, दु:खान्त र सुखान्त नाटक)

(२) पाश्चात्य साहित्यका प्रमुख विधागत आधुनिक रूपका केन्द्रीय उपलब्धिहरूको रेखाङ्कन (कविता/लामो कविता, महाकाव्य, कथा र उपन्यास, नाटक र लघु/एकाङ्की नाटक, निबन्ध र अन्य गद्यसाहित्यिक नव प्रकार)

(३) पाश्चात्य साहित्यका अत्याधुनिक युगका नवयुग र उत्तर नवयुगका विधागत प्रयोगशील नवप्रवृत्तिहरूका स्वरूप र मुख्य उपलब्धिहरूको रेखाङ्कन (शुद्ध र मिश्रित कविता, अकविता, नव आख्यान : अकथा र अउपन्यास, आख्यानेतर नवगद्य, नव नाटक र रङ्गमञ्चका प्रकार)

एकाइ ग) पाश्चात्य जगत्का प्रमुख भाषाका आधारभूत साहित्यिक उपलब्धिको रूपरेखा

(१) प्राचीन ग्रिसेली पष्किारवादी साहित्यको रूपरेखा; सफ्फोको गीतिकला; होमरको महाकाव्यकारिता; एस्किलस, सोफोक्लिज र युरिपाइदिजको दु:खान्त नाट्यकला र अरिस्टोफेनिसको सुखान्त नाट्यकला

(२) ल्याटिन साहित्यको केन्द्रीय ऐतिहासिक रूपरेखा र भर्जिलको महाकाव्यकारिता तथा ओभिडको काव्यकला; पेट्रार्कको चतुर्दशपदी कविता, सेनेकाको दु:खान्त नाट्यकला

(३) इटालेली साहित्यको केन्द्रीय ऐतिहासिक रूपरेखा र दांते, अरिस्तो र तासोका महाकाव्यकारिता; रोनेकाको दु:खान्त नाट्यकला ; आख्यानकार बोकासिओ, कवि फोस्किलो; नाटककार विरान्देलो ; आख्यानकार इतालोस्वोभो, मोराभिया र अन्य विशिष्ट प्रतिभाहरू

(४) फ्रान्सेली साहित्यको केन्द्रीय ऐतिहासिक रूपरेखा र रेनिसकोर्नेइ र मोलायरको नाट्यकला; आख्यानकार बाल्जाक ह्युगो, मोपासा, जोला, फ्लुबर्ट, मार्सल, प्राउस्त; कवि बोदलेयर, आन्द्रे ब्रेतो, अपोलिनियर, मलार्मे, लुइ आरांग, मोरांद, एल्वादे, भालेरी, मोन्तेनको निबन्धकारिता ; विसङ्गतिवादी-अस्तित्ववादी आख्यान र नाट्य:; सार्त्रे र कामु तथा अन्य विशिष्ट प्रतिभाहरू

(५) अङ्ग्रेजी साहित्यको केन्द्रीय ऐतिहासिक रूपरेखा र सेक्सपियरको नाट्यकला, स्पेन्सर र मिल्टनको महाकाव्यकारिता, ड्राइडेनका नाटक र व्यङ्ग्यकाव्य; बेकनको निबन्धकारिता; व्यङ्ग्यकार जोनाथन स्विफ्ट, स्वच्छन्दतावादी प्रमुख कविहरू: वर्डस्वर्थ, कलरिज, शेली, बाइरन र किट्स; निबन्धकार चार्ल्सल्याम्ब; उपन्यासकार जेन अस्टिन, वाल्टर स्कट, चार्ल्स डिकेन्स, थोमस, डी. एच. लरेन्स, हक्सले, जर्ज आर्वेल, हेनरी जेम्स, ग्राहम ग्रिन, म्यान्सफिल्ड, जेम्सज्वाइस, कन्राड; कथाकार समरसेट मम, किप्लिङ्ग र भर्जिनिया वुल्फ; नाटककार बर्नार्ड श, ग्याल्सबर्दी र बेकेट ; कवि हप्किन्स, डाइलन टि.एस. इलियट र यिट्स र एज्रापाउण्ड ; अमेरिकी: युजिन ओनिल, एडगर एलेन पो, व्हिटमन, ओ हेनरी, मार्काट्वेन, हेमिङ्वे, रोबर्टफस्ट, आर्थर मिलर, इमिली डिकेन्स, चर्ली ज्याक्सन, गिन्सबर्ग, अन्य विशिष्ट प्रतिभाहरू

(६) जर्मनेली साहित्यको केन्द्रीय ऐतिहासिक रूपरेखा र गेटे (गोथे) को काव्यकला, कवि रेनमेरिया रिल्के र हेनरिक हेना; नाटककार लेसिङ सिलर, फेडरिक हेव्लज, थियो डोर कर्नर, हफम्यान र बर्टोल्ड ब्रेख्त ; आख्यानकार : काफ्का, टमसम्यान, अन्य विशिष्ट प्रतिभाहरू

(७) स्पेनी साहित्यको केन्द्रीय ऐतिहासिक रूपरेखा र एल बात्तार द जमोराको महाकाव्यकारिता; गोन्जालो द बर्सिओको काव्यकला ; निगुएल दे सरवान्तेसको आख्यानकारिता र दन किहोले दे ला मारा; नाटककार नोवेलालाप फिकारेस्ता अभियान, आख्यानकार जोसे फ्रान्सिस्को दे इज्लन इ रोजो र जोसे एर्च गोर ; जोसे द एप्रोन्सेडा इगाल्दोको काव्यकला ; सन् १८९८ र सन् १९२७ को प्रसिद्ध पुस्ता ; कवि फ्रेडरिका गार्सियालोर्का, ल्याटिन (दक्षिण) अमेरिकाली स्पेनेली साहित्यका प्रमुख प्रतिभाहरू पाब्लो नेरुदा, गाब्रियल मिस्राल र अरू

८) रूसी साहित्यको केन्द्रीय ऐतिहासिक रूपरेखा र पुश्किनको कवित्व र आख्यानकारिता, आख्यानकार लोमनतोभ गोगल, इभानतुर्गनेभ, दस्तोएवस्की र लियो टाल्स्टोय, म्याक्सिम गोर्की, वोरिस पास्तर्नाक, कथाकार-नाटककार एन्तोन चेखोव, कवि भ्लादिमिर मायकोभ्स्की, कवि-आख्यानकार इल्याऐरेन्बुर्ग,

आख्यानकार सोल्झेनित्सिन र शोलोखोभ ; सोभियत कालका अन्य विशिष्ट प्रतिभाहरू

९) स्क्यान्डेनेभियाली साहित्यिक परिप्रेक्ष्य : स्विडेली केन्द्रीय साहित्यसन्दर्भ: स्ट्रिन्डबर्गको नाट्यकला, नर्वेली साहित्यको केन्द्रीय ऐतिहासिक रूपरेखा र इब्सनको नाट्यकला ; स्विडेली र नर्वेली अन्य विशिष्ट प्रतिभाहरू

४. सहायक पुस्तक तथा सन्दर्भ सामग्री (सम्बद्ध अंशमात्र)

नेपाली साहित्यको इतिहास पाठ्यांशका निम्ति

१. नलिनविलोचन शर्मा, *साहित्यका इतिहास दर्शन,* विहार राष्ट्रभाषा परिषद्

२. बालकृष्ण पोखरेल, *पांचसय वर्ष,* साझाप्रकाशन, काठमाडौं

३. दयाराम श्रेष्ठ, *प्रारम्भिक कालको नेपाली साहित्य: इतिहास र परम्परा,* त्रि.वि. पाठ्यकम विकास केन्द्र, कीर्तिपुर

४. शरदचन्द्र शर्मा भट्टराई, *नेपाली साहित्यको इतिहास,* माध्यमिककाल) त्रि.वि. पाठ्यकम वकास केन्द्र, कीर्तिपुर

५. घटराज भट्टराई, *प्रतिभै प्रतिभा र नेपाली साहित्य,* एकता बुक्स डिस्ट्रीब्युटर्स प्रा.लि., काठमाडौ

६. ठाकुर पराजुली, *नेपाली साहित्यको परिक्रमा,* साझाप्रकाशन, काठमाडौं

७. कृष्णचन्द्रसिंह प्रधान, *साझा समालोचना,* साझाप्रकाशन, काठमाडौं

८. रामप्रसाद दाहाल, *सिङ्गो नेपाली भाषा साहित्यको इतिहास र साहित्यकारहरूको परिचय,* विद्यार्थी पुस्तकभण्डार, काठमाडौं

९. बालचन्द्र शर्मा, *नेपाली साहित्यको इतिहास,* ने. रा. प्र. प्र., काठमाडौ

१०. गोविन्द भट्टराई, *काव्यिक आन्दोलनको परिचय,* ने. रा. प्र. प्र., काठमाडौ

११. दीनानाथ शरण, *नेपाली साहित्यका इतिहास,* विहार हिन्दीग्रन्थ अकादमी, पटना

१२. तारानाथ शर्मा, *नेपाली साहित्यको इतिहास,* नवीन प्रकाशन, काठमाडौं

१३. यज्ञराज सत्याल, *नेपाली साहित्यको भूमिका,* रत्नपुस्तकभण्डार, काठमाडौं

१४. घनश्याम नेपाल, *नेपाली साहित्यको परिचयात्मक इतिहास,* नेपाली साहित्य प्रचार समिति, सिलगढी

१५. शिव प्रधान, *नेपाली साहित्य केही गोरेटो केही गल्छेडो,* गान्तोक प्रकाशन, सिक्किम, भारत

१६. कुमार प्रधान, *ए हिस्ट्री अफ नेपाली लिटरेचर,* साहित्य अकादमी, दिल्ली

१७. रत्नध्वज जोशी, *आधुनिक नेपाली साहित्यको झलक,* साझाप्रकाशन, काठमाडौं
१८. घनश्याम कंडेल, *केही अन्वेषण केही विश्लेषण,* साझाप्रकाशन, काठमाडौं
१९. उत्तम कुंवर, *स्रष्टा र साहित्य,* साझाप्रकाशन, काठमाडौं
२०. कृष्णप्रसाद पराजुली, *पन्धतारा र नेपाली साहित्य,* साझाप्रकाशन, काठमाडौं
२१. वासुदेव त्रिपाठी, *लेखनाथ पौड्यालका कवित्वको विश्लेषण तथा मूल्याङ्कन,* त्रि. वि. पा. वि. केन्द्र, काठमाडौं
२२. वासुदेव त्रिपाठी, *आधुनिकता,* "प्रज्ञा" अंक ४, ने. रा. प्र. प्र., काठमाडौं
२३. शान्तिराज शर्मा, *नेपाली साहित्यको इतिहासको रूपरेखा,* नेपाली साहित्य प्रचार समिति,
२४. रमन सेल्डिड, र पिटर विडोब्सन, *ए रिडर्स गाइड टु कन्टेम्पोररी लिटरेचर थ्योरी,* द युनिभर्सिटी प्रेस अफ केन्टुकी, केन्टुकी
२५. माइकेल ग्रोडेन एण्ड मार्टिन किसवर्थ (सम्पा.), *द जोहन्स हप्किन्स गाइड टु लिटरेरी थ्योरी एण्ड क्रिटिसिज्म,* द जोहन्स हप्किन्स युनिभर्सिटी प्रेस, बाल्टिमोर, लण्डन
२६. फ्रान्क लेन्ट्रिचिया एण्ड थोमस म्याकलाडलिन (सम्पा.) किटिकल टर्मस फर लिटरेरी स्टडी

५. सन्दर्भसामग्री (कार्यपत्रहरू):

१. दयाराम श्रेष्ठ, *नेपाली साहित्यको इतिहास शिक्षण* (२०३४), त्रि.वि. पाठ्यक्रम विकास केन्द्र
२. ठाकुर पराजुली, *नेपाली साहित्यइतिहास र नेपाली समालोचना शिक्षण* (२०५३/०५४), त्रि.वि., नेपाली केन्द्रीय विभाग
३. राजेन्द्र सुवेदी, *नेपाली साहित्यको इतिहास लेखनका त्रुटिहरू र तिनको निराकरण सम्भावनाहरू* (२०५५) अभियान साहित्य, काठमाडौं
४. ऋषिराज बराल, *नेपाली साहित्यको इतिहासलेखन : समस्या र सम्भावना* (२०५४)पाटन संयुक्त क्याम्पस, पाटन

६. पाठ्यपुस्तक संस्कृत साहित्यको रूपरेखाका निम्ति

१. कालिदास, कुमारसंभवभ्, (पांचौं सर्ग मात्र)
२. भास, स्वप्नवासवदत्तम्
३. व्यास, भगवद्गीता, (अध्याय २ मात्र)

७. सहायक पुस्तक

१. ए. बी. कीथ, *संस्कृतसाहित्यका इतिहास,* (अनु. मङ्गलदेवस्त्री) मोतीलाल बनारसी दास, दिल्ली

२. आर्थर एन्टोनी म्याक्डोनल, *संस्कृतसाहित्यका इतिहास,* (प्रथम भाग, वैदिक युग) चौखम्बा विद्याभवन, वाराणसी
३. वाचस्पति गैरोला, संस्कृतसाहित्यका संक्षिप्त इतिहास, चौखम्बा विद्याभवन, वाराणसी
४. बलदेव उपाध्याय, *संस्कृतसाहित्यका इतिहास* (काव्य खण्ड मात्र), शारदा प्रकाशन, वाराणसी
५. गोपीकृष्ण शर्मा, *संस्कृतसाहित्यको रूपरेखा,* अभिनव प्रकाशन, काठमाडौं
६. हंसपुरे सुवेदी, *संस्कृत वाङमय : संक्षिप्त अध्ययन,* पाठ्यक्रमविकास केन्द्र, त्रि.वि., काठमाडौं
७. ठाकुर पराजुली, *उषाका कवितामय रूप,* "कुञ्जिनी"–३, २०५४, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर

८. सहायक पुस्तक (पाश्चात्य साहित्यको रूपरेखाका निम्ति)

१. (सम्पा.), *विश्वसाहित्यको रूपरेखा,* ने.रा.प्र.प्रतिष्ठान, काठमाडौं
२. शारदाप्रसाद घिमिरे, *विश्वका कविहरूको जीवनी,*साझाप्रकाशन, काठमाडौं
३. तारानाथ शर्मा, *पश्चिमका केही महान् साहित्यकारहरू,* साझाप्रकाशन, काठमाडौं
४. बी. बीं ट्रविक, *वर्ल्ड लिटरेचर* (भाग १ र २), न्यूयोर्क
५. आर्थर कम्प्टन रिकेट, *ए हिस्ट्री अफ इङ्गलिस लिटरेचर,* थोमस नेल्सन एण्ड सन्स, लिमिटेड, लण्डन
६. विलियम हेनरी हड्सन, *अंग्रेजी साहित्यका इतिहास,* (अनु. जगदीश विहारी मिश्र) उत्तरप्रदेश सूचनाविभाग, हिन्दीसमिति, लखनऊ
७. घनश्याम उपाध्याय कंडेल, *पाश्चात्य यर्थाथवादी नाटक,* सुभद्रा उपाध्याय कंडेल, काठमाडौं
८. कृष्ण गौतम, *पाश्चात्य महाकाव्य,* भुंडीपुराण प्रकाशन, काठमाडौं
९. अलास्टर फोलर, *ए हिस्ट्री अफ अंग्रेजी लिटरेचर,* हार्वर्ड युनिभर्सिटी प्रेस, क्याम्ब्रिज, म्यास्याचुसेट्स्
१०. रिचार्ड कोस्टेलायनेटज, *अमेरिकन राइटिङ्ग टुडे,* (भाग १ र २) सिरिज, वासिङ्गटन डि.सी.
११. जोन ग्यासनर, *मास्टर्स अफ ड्रामा,* डोबर पब्लिकेसन, इन्क, यु.एस.ए
१२. वासुदेव त्रिपाठी, *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा* (भाग १ र २) साझाप्रकाशन, काठमाडौं
१३. क्षेत्रप्रताप अधिकारी, *जापानी साहित्यको इतिहास,* अक्षर प्रकाशन, भक्तपुर
१४. अभि सुवेदी, *चैतन्यकृष्ण उपाध्याय आदि, बीसौं शताब्दी पूर्वार्द्धका केही आधुनिक कविता,* (युरोप अमेरिका) ने. रा. प्र. प्र., काठमाडौं

१५. लैनसिंह वाङ्देल, (अनु.) *विश्वका कथा सङ्ग्रह,* रत्नपुस्तक भण्डार, काठमाडौं ।
१६. टेकबहादुर खत्री, (अनु.) *विश्वका उत्कृष्ट कथा,* साझाप्रकाशन, काठमाडौं ।

ऐच्छिक विशिष्टीकरण समूह मध्येको कुनै एक विषयको पत्र लिनुपर्ने			
IX	Nep.509-1	भाषिक अध्ययनपरम्परा र प्रमुख भाषिक संप्रदाय	१००
	Nep.509-2	संस्कृत काव्यसिद्धान्त र समालोचनापद्धती	
	Nep.509-3	पाश्चात्य साहित्यसिद्धान्त र समालोचनापद्धति	
	Nep.509-4	संस्कृत साहित्यको अध्ययन	
	Nep.509-5	एशियाली साहित्यको अध्ययन	
	Nep.509-6	पाश्चात्य साहित्यको अध्ययन	
	Nep.509-7	नाटककार बालकृष्ण सम र उनका नाट्यकृति	
	Nep.509-8	महाकवि लक्ष्मीप्रसाद देवकोटा र उनका कविताकृति	
	Nep.509-9	आख्यानकार विश्वेश्वरप्रसाद कोइराला र उनका आख्यानकृति	
	Nep.509-10	आख्यानकार भवानी भिक्षु र उनका आख्यानकृति	
	Nep.509-11	नाटककार विजय मल्ल र उनका नाट्यकृति	
	Nep.509-12	आख्यानकार पारिजात र उनका आख्यानकृति	

भाषिक अध्ययनपरम्परा र प्रमुख भाषिक संप्रदाय
भाषाविज्ञान समूह - १

Nep.509-1

नवौं पत्र
पूर्णाङ्क: १००
वार्षिक पाठ्यभार १५०
(पाठघण्टा: ५)

१. पाठ्यांशपरिचय

भाषिक चिन्तनका प्राचीन परम्पराका साथै आधुनिक वर्णनात्मक भाषाविज्ञानका प्रमुख संप्रदायको अध्ययन

२. पाठ्यांशको उद्देश्य

यस पाठ्यांशको अध्ययनबाट विद्यार्थीहरू निम्नलिखित ज्ञान र क्षमताको विकास गर्न समर्थ हुनेछन्:

(क) भाषिक चिन्तनको पूर्वीय तथा पाश्चात्यपरम्पराको जानकारी प्राप्त गर्न

(ख) संरचनावादी व्याकरणका मूल धारणा र भाषिक विश्लेषणपद्धतिसंग परिचित हुन

(ग) रूपार्थपरकतावादी व्याकरणका मूल धारणा र भाषिक विश्लेषणपद्धतिहरूको जानकारी प्राप्त गर्न

(घ) व्यवस्थापरक-प्रकार्यपरक व्याकरणका मूल धारणा र भाषिक विश्लेषणपद्धतिसंग अवगत हुन

(ङ) रूपान्तरण व्याकरणका मूल धारणा र भाषिक विश्लेषणपद्धतिको ज्ञान प्राप्त गर्न

(च) कारक व्याकरणका मूल धारणा, कारकीय दृष्टिकोणको तुलना र भाषिक विश्लेषणपद्धतिबारे जानकारी प्राप्त गर्न

३. एकाइविभाजन

एकाइ	क) भाषिक चिन्तनको प्राचीनपरम्परा	(पा.घ. ०¼, वार्षिक कक्षा २२)
एकाइ	ख) संरचनात्मक व्याकरण	(पा.घ. ०¼, वार्षिक कक्षा २३)
एकाइ	ग) रूपार्थपरक व्याकरण	(पा.घ. ०¼, वार्षिक कक्षा २३)
एकाइ	घ) व्यवस्थापरक-प्रकार्यपरक व्याकरण	(पा.घ. ०¼,वार्षिक कक्षा २२)
एकाइ	ङ) रूपान्तरण व्याकरण	(पा.घ. १¼ , वार्षिक कक्षा ३७)
एकाइ	च) कारक व्याकरण	(पा.घ. ०¼, वार्षिक कक्षा २३)

४. पाठ्यवस्तुविवरण

एकाइ क) भाषिक चिन्तनको प्राचीनपरम्परा

१) संस्कृत व्याकरणपरम्परा (पूर्वपाणिनीय, पाणिनीय र उत्तरपाणिनीय)

२) शब्दार्थसम्बन्धबारेका मतहरू (स्फोटवाद, अभिहितान्वयवाद अन्विताभिधानवाद र अपोहवाद)

३) पाणिनीय व्याकरणका अध्याहार, अनुवृत्ति, अधिकार र अन्तरालम्बनसम्बन्धी धारणाहरू

४) ग्रीक-ल्याटिनपरम्पराका भाषाचिन्तनसम्बन्धी धारणाहरू

५) ऐतिहासिक भाषाविज्ञानका भाषासम्बन्धी धारणाहरू (विकासवाद, इतिहासवाद)

६) नव्य वैयाकरणका भाषिक अध्ययनसम्बन्धी धारणाहरू

एकाइ ख) संरचनात्मक व्याकरण

१) युरोपेली संरचनावादको विकास

२) प्रागसम्प्रदाय तथा ग्लासिमविज्ञान सम्प्रदायकाआधारभूत धारणाहरू

३) स्वसुरका मुख्य धारणाहरू

४) अमेरिकाली संरचनावादको विकास

५) अमेरिकाली संरचनावादका आधारभूत धारणाहरू

६) वर्णविश्लेषणको संरचनावादी पद्धति

७) रूपविश्लेषणको संरचनावादी पद्धति

८) वाक्यविश्लेषणको संरचनावादी पद्धति

९) संरचनात्मक व्याकरण र नेपाली भाषाको अध्ययन

१०) संरचनावादका शक्ति र सीमा

एकाइ ग) रूपार्थपरक व्याकरण

१) रूपार्थपरक व्याकरणको जन्म र विकास

२) रूपार्थपरक व्याकरणका मूलभूत धारणाहरू: एकाइ, सोपानक्रम, प्रसङ्ग, परिप्रेक्ष्य

३) रूपार्थिमको परिचय र परिभाषा

४) व्याकरणका विभिन्न तहका रूपार्थिमहरू

५) रूपार्थक व्याकरण र नेपाली भाषाको अध्ययन

६) रूपार्थक व्याकरणका आधारमा नेपालीका आधारभूत वाक्यहरू

७) नेपालीका वाक्यप्रकारहरू

८) रूपार्थपरक व्याकरणका शक्ति र सीमा

एकाइ घ) व्यवस्थापरक-प्रकार्यपरक व्याकरण

१) व्यवस्थापरक भाषाविज्ञानको विकास (लण्डन सम्प्रदाय, फर्थ र उनका सहयोगी)

२) माप तथा कोटिव्याकरण (एकाइ, संरचना, वर्ग र व्यवस्था) को परिचय

३) व्यवस्थापरक (प्रकार्यपरक) व्याकरणको विकास

४) व्यवस्थापरक (प्रकार्यपरक) व्याकरणका आधारभूत धारणा

५) भाषांश र सन्दर्भ

६) भाषाका स्तरहरू

७) प्रयोज्यपरक भेदका प्रकार

८) प्रक्रिया (भौतिक, मानसिक तथा सम्बन्धगत) र तिनका प्रकारहरू

९) प्रकार्यात्मक धारणा र अन्तर्वैयक्तिक प्रकार्य

१०) अक्षक (थिम) तथा वर्तक (रिम)

११) सन्दर्भको व्याख्या र विश्लेषण

१२) भाषांश र सन्दर्भका बीचको सम्बन्ध

१३) व्यवस्थापरक (प्रकार्यपरक) व्याकरणका शक्ति र सीमा

एकाइ ङ) रूपान्तरण व्याकरण

१) रूपान्तरण व्याकरणको विकास

२) रूपान्तरण व्याकरणका आधारभूत धारणा

३) क्लासिकल सिद्धान्त

(क) पदावली संरचना नियमसम्बन्धी प्रयोग र अभ्यास

(ख) रूपान्तरण नियम र यसका प्रकारहरूको परिचय तथा अभ्यास

(ग) आधारवाक्यबाट अन्य वाक्यमा रूपान्तरणसम्बन्धी प्रयोग र अभ्यास

४) मानक सिद्धान्त

(क) वाक्यात्मक घटक: कोटीकरण र शब्दसमूहन

(ख) पदावलीका प्रकारहरूको प्रयोग र अभ्यास

(ग) आर्थी घटक र व्याख्यात्मक अर्थविज्ञानको परिचय

(घ) रूपान्तरणप्रक्रिया (लोप, आगम, आदेश र क्रमपरिवर्तन) को परिचय र अभ्यास

(ङ) उत्पादक अर्थविज्ञान

५) विस्तारित मानक सिद्धान्त

(क) शब्दवादी अवधारणा

(ख) "क" बार सिद्धान्त र नेपाली पदावलीका बारहरू

(ग) अवशेष सिद्धान्त र शीर्षीकरण, जोड, उद्देश्य, उत्थापन तथा स्थानान्तरणको परिचय र अभ्यास

६) अधिशासन र आबद्धता सिद्धान्त

(क) अधिशासन सम्बन्ध

(ख) आबद्धता (बाइन्डिङ) र आत्मवाचीकरणप्रक्रिया

(ग) अवधारणा (थिटा) भूमिकाको परिचय

(घ) सीमान्त अवस्थाको परिचय

७) रूपान्तरण व्याकरण र नेपाली भाषाको अध्ययन

एकाइ च) कारक व्याकरण

(१) फिलमोरको कारक व्याकरणको पृष्ठभूमि र विकास

(२) कारक व्याकरणका आधारभूत मान्यता

(३) कारकहरूको परिचय

(४) कारकीय रूपान्तरण

(५) नेपाली भाषाका मुख्य कारकहरू (केन्द्रीय तथा परिधीय कारकहरू)

(६) कारकीय व्याकरणका आधारमा नेपाली वाक्यको विश्लेषण

(७) चम्स्की र फिलमोरका कारकीय दृष्टिकोणको तुलना

(८) पाणिनि र फिलमोरको कारकीय दृष्टिकोणको तुलना

(९) कारक व्याकरण र नेपाली भाषाको अध्ययन

४. सहायक पुस्तक:

१. जेलिंग ह्यारिस, *मेथड्स् इन स्ट्रक्चरल लिङ्ग्विस्टिक्स,* युनिभर्सिटी अफ शिकागो प्रेस

२. एम्.ए. के हालिडे, *क्याटेगोरिज् अफ दि थियरी अफ् ग्रामर,* वर्ड १९६१

३. नोम चम्स्की, *सिन्ट्याक्टिक स्ट्रक्चर्स,* मुटो, दि हेग ।

४. नोम चम्स्की, *आस्पेक्ट्स अफ द थियरी अफ् सिन्ट्याक्स,* एम्. आई. टी.

५. हकेट, ए *कोर्स इन मोडर्न लिङ्ग्विस्टिक्स् ।*

६. ब्लुमफिल्ड, *भाषा,* मोतीलाल बनारसी दास, वाराणसी ।

७. चार्ल्स जे फिल्मोर, *केस फर केस,* वाख र हार्म्सको "युनिभर्सल्स अफ लिङ्ग्विस्टिक्स थियरी" मा सङ्कलित

८. के. एल्. पाइक, *ल्याङ्ग्वेज इन रिलेसन टु युनिफाइड थियरी अफ् द स्ट्रक्चर अफ् ह्युमन विहावियर,* मुटो, दि हेग ।

९. बालकृष्ण पोखरेल (सम्पा.) *पच्चीस वर्षका भाषिक चर्चा,* ने. रा. प्रज्ञाप्रतिष्ठान, काठमाडौं

१०. चूडामणि बन्धु, *भाषाविज्ञानका सम्प्रदाय,* अक्षर सदन, काठमाडौं

११. हेमाङ्गराज अधिकारी, *नेपाली कारक व्याकरण,* ने. रा. प्रज्ञाप्रतिष्ठान, काठमाडौं

१२. देवीप्रसाद गौतम, *फिल्मोरको कारक व्याकरण र नेपाली भाषाका कारकहरू,* काठमाडौं

५. सन्दर्भसामग्री

१. डा. भोलानाथ तिवारी, *आधुनिक भाषाविज्ञान,* लिपि प्रकाशन, दिल्ली ।

२. डा. विद्यानिवास मिश्र (समेत सम्पा.) *भारतीय भाषा शास्त्रीय चिन्तन,* राजस्थान हिन्दीग्रन्थ अकादमी, जयपुर ।

३. नोम चोम्स्की, *वाक्यविन्यासका सैद्धान्तिक पक्ष* (अनु. रमानाथ सहाय), राजस्थान हिन्दीग्रन्थ अकादमी, जयपुर ।

४. डा. भरतभूषण चौधरी, *संरचनात्मक भाषाविज्ञान,* राधाकृष्ण प्रकाशन, न्यू दिल्ली

५. डा. नगेन्द्र (सम्पा.) *भाषाशास्त्र के सूत्रधार,* नेशनल पब्लिशिङ हाउस दिल्ली ।

६. देवी गौतम, *नेपाली रूपान्तरण व्याकरण,* काठमाडौं ।

संस्कृत काव्यशास्त्र र समालोचनापद्धति

साहित्यसिद्धान्त समूह - १

Nep.509-2

नवौ पत्र

पूर्णाङ्क: १००

वार्षिक पाठभार: १५०

१. पाठ्यांशपरिचय

संस्कृत काव्यशास्त्र-परम्परा र समालोचनाप्रणालीको विशिष्ट अध्ययन

२. पाठ्यांशको उद्देश्य

यस पाठ्यांशको अध्ययनबाट विद्यार्थीहरू निम्नलिखित ज्ञान र क्षमता प्राप्त गर्न समर्थ हुनेछन्:

(क) संस्कृत काव्यशास्त्रको ऐतिहासिक परम्परा र त्यसका प्रमुख आचार्यहरूको शास्त्रीय अवधारणाको ज्ञान प्राप्त गर्न

(ख) संस्कत काव्यशास्त्रका प्रमुख सिद्धान्तका सूक्ष्म वैशिष्ट्य र प्रायोगिक समालोचनाको टीकापद्धतिको ज्ञान र कौशल प्राप्त गर्न

(ग) संस्कृत काव्यशास्त्रमा निर्दिष्ट साहित्यका प्राचीन विधाहरूको निरूपण गर्ने कौशल प्राप्त गर्न

(घ) संस्कृत काव्यशास्त्रका मान्यता र विधाका आधारमा साहित्यिक कृतिहरूको विश्लेषण र मूल्याङ्कन गर्न

३. एकाइविभाजन

एकाइ क) संस्कृत काव्यशास्त्रीय परम्पराको प्रारम्भिक युग

(पा.घ. १, वार्षिक कक्षा ३०)

एकाइ ख) संस्कृत काव्यशास्त्रीय परम्पराको सैद्धान्तिक उत्कर्ष युग

(पा.घ. १, वार्षिक कक्षा ३०)

एकाइ ग) संस्कृत काव्यशास्त्रीय परम्पराको नवव्याख्या युग

(पा.घ. १, वार्षिक कक्षा ३०)

एकाइ घ) संस्कृत काव्यशास्त्रको प्रायोगिक समालोचना: टीकापद्धति

(पा.घ.१, वार्षिक कक्षा ३०)

एकाइ ङ) संस्कृत काव्यशास्त्रमा निर्दिष्ट विधानिरूपण

(पा. घ. १, वा कक्षा ३०)

४. पाठ्यवस्तुविवरण:

एकाइ क) संस्कृत काव्यशास्त्रीय परम्पराको प्रारम्भिक युग

(१) भरत र उनको चिन्तन

भरत र उनको नाट्यशास्त्र, रसवादी स्थापना र रसनिरूपण; रस र भाव; वस्तुविधान र पञ्चसन्धि; प्रकृति, रीति, वृत्ति, गुण र अलङ्कारका प्रारम्भिक स्वरूप; चतुर्विध अभिनयको रूपरेखा

(२) भामह र उनको अलङ्कारवादी रूपरेखा

भामहको काव्यशास्त्र र यसको क्षेत्र; अलङ्कारवादी स्थापना र अलङ्कारको स्वरूप; रसवद्अलङ्कारको अवधारणा; त्रिगुणवादको स्थापना

(३) दण्डी र उनको अलङ्कारसम्बन्धी दृष्टि

अलङ्कारको सैद्धान्तिक व्याख्या; रस र काव्यमार्गको निरूपण;

(४) वामन र उनको रीतिवाद

रीतिवादको स्थापना र रीतिको स्वरूप; रीति र गुण ; गुण र अलङ्कार ; रीति, वृत्ति र प्रबन्ध रीति

एकाइ ख) संस्कृत काव्यशास्त्रीय परम्पराको सैद्धान्तिक उत्कर्ष युग

(१) आनन्दवर्धन र उनको ध्वनिप्रस्थान

ध्वनिवादी स्थापना र ध्वनिनिरूपण; ध्वनिविरोधी मान्यता र ध्वनिको प्रयोजनको स्थापना ; प्रतीयमान अर्थ र व्यङ्ग्यार्थका रूपमा ध्वनि; काव्यका श्रव्य र दृश्य विधामा वस्तु, अलङ्कार र रसध्वनिको व्याप्ति; काव्यको स्तरनिर्धारण: ध्वनिकाव्य, गुणीभूत व्यङ्ग्य काव्य र चित्रकाव्यको विभाजन ; ध्वनिसंग गुण, अलङ्कार, संघटना, रीति र वृत्तिको अन्तरसम्बन्ध

(२) अभिनव गुप्त र रसचिन्तन

शैवाद्वैत दर्शनका पृष्ठभूमिमा रस; रसध्वनिको प्रतिष्ठा; अभिनव भारती र लोचनका परिप्रेक्ष्यमा रसनिष्पत्तिसम्बन्धी पूर्वाचार्यका मतहरूको समीक्षा; रसको आत्मपरक व्याख्या; भुक्तिवादको परिष्कार र अभिव्यक्तिवादको स्थापना, रसको आत्मपरक व्याख्या; भुक्तिवादको परिष्कार र अभिव्यक्तिवादको स्थापना; रसको आनन्दमयता र शान्त रसको उद्भावना

(३) कुन्तक र उनको वक्रोक्तिवाद

वक्रोक्तिको स्थापना र निरूपण (वक्रोक्तिवादको आधार सिद्धान्तका रूपमा वक्रोक्तिवादको प्रतिष्ठा र यसको वर्गीकरण) ; वक्रोक्तिका क्रोडमा अलङ्कार-रीतिगुणको उन्नयन र काव्यमार्गका रूपमा गुण, रीति र औचित्यको समाहार; कविप्रतिभाकृत प्रकरणवक्रता र प्रबन्धवक्रताको औचित्य

(४) क्षेमेन्द्र र उनको औचित्यवाद

औचित्यवादको स्थापना, औचित्यको स्वरूपनिर्धारण, औचित्य - मापनका विविध पक्ष र रूप

(५) मम्मट र उनको समन्वयवादी दृष्टि

व्यङ्ग्यार्थको केन्द्रीयतामा रस, अलङ्कार, रीति, वक्रोक्ति, गुण र दोषको स्थाननिर्धारणद्वारा पूर्वीय साहित्यसिद्धान्तको समन्वय ; व्यञ्जनाको पुन: स्थापना

एकाइ ग) संस्कृत काव्यशास्त्रीय परम्पराको नवव्याख्या युग

(१) धनञ्जय र धनिक: रसनिष्पत्तिमा व्यङ्ग्यव्यञ्जकभावको निषेध र भाव्यभावकभाव संबन्धको स्थापना; व्यञ्जनाको खण्डन र तात्पर्यवृत्तिको प्रयोग

(२) महिम भट्ट: ध्वनिवादको प्रत्याख्यान, व्यञ्जनाको निषेध र रसानुमिति

(३) रामचन्द्रगुणचन्द्र: रसको सुखद:खात्मकता

(४) रुय्यक: ध्वनिवादका आलोकमा अलङ्कारको स्वरूपनिर्धारण

(५) विश्वनाथ: साधारणीकरणको व्याख्या र रसानुभूतिको स्वरूप

(६) रूपगोस्वामी: भक्तिरसको उद्भावना

(७) जगन्नाथ: काव्यतत्वहरूको वेदान्ती व्याख्या: काव्यको स्तर निर्धारण र अन्य मतको विवेचना ; रीति, गुण र अलङ्कारका शास्त्रीय आधारको पुनर्व्याख्या

एकाई घ) संस्कृत काव्यशास्त्रको प्रायोगिक समालोचना: टीकापद्धति

(१) संस्कृत समालोचनापद्धतिका आधारसूत्र

(क) सूत्र (ख) कारिका (ग) फक्किका, (घ) वृत्ति, (ङ) टिप्पणी (च) भाष्य (छ) वार्तिक

(२) संस्कृत काव्यशास्त्रीय ग्रन्थका समालोचनात्मक सङ्केत

(क) संस्कृत काव्यशास्त्रीय ग्रन्थहरू (वामन, आनन्दवर्धन, अभिनव, राजशेखर, कुन्तक, क्षेमेन्द्र, महिम भट्ट र अप्पय दीक्षितका मूल ग्रन्थ) मा देखा पर्ने समालोचनापद्धतिका प्रायोगिक चेष्टा ; शास्त्रीय ग्रन्थका टीकाहरूमा उल्लिखित प्रायोगिक समालोचनाका रूपरेखा; मुख्यत: अभिनव गुप्तको *अभिनव भारती* र *लोचन;* तरूणवाचस्पतिको *काव्यादर्श*को टीका, प्रतीहारेन्दुराजको *काव्यालङ्कारसारसंग्रह*को लघुवृत्तिटीका, गोपेन्द्र त्रिपुरहर भूपालको *काव्यालङ्कार सूत्रवृत्ति*को *कामधेनु टीका,* नमिसाधुको रुद्रट कृत, *काव्यालङ्कार*को टिप्पणी, धनिकको *दशरूपक*को अवलोक भाष्य, रूय्यकको *व्यक्तिविवेक*को *टीका,* गोविन्द ठक्कुर र वामनाचार्यले *काव्यप्रकाश*मा गरेका काव्यप्रदीप र वामनी टीका; वैद्यनाथ सूरिको *कुवलयानन्द*को अलङ्कार चन्द्रिका टीका र नागेश भट्टको *रसगङ्गाधर*को *गुरुमर्म प्रकाश टीका*

(ग) सिर्जनात्मक कृतिहरूमा लेखिएका टीका र भाष्यहरूमा प्रतिबिम्बित प्रायोगिक समालोचनाको दिग्दर्शन; (मल्लिनाथका सञ्जीवनी, घण्टापथ, सर्वंकषा टीका, राघव भट्टको शाकुन्तल नाटकमा लेखिएको *अर्थद्योतनिका टीका,* नारायणको *नैषधीय प्रकाश* वा *नारायणी टीका,* कवीन्द्राचार्य सरस्वतीको *दशकुमार चरित सम्बन्धी पदचन्द्रिका टीका,* गणपति शास्त्रीको भासका *नाटकहरूको टीका* र अर्जुन वर्मदेवको *अमरुशतकको रसिक सञ्जीवनी टीका)*

एकाइ ङ) संस्कृत काव्यशास्त्रमा निर्दिष्ट विधानिरूपण

१) काव्यको वर्गीकरण: प्रमुख आचार्यका मतहरूको समीक्षा

२) श्रव्यकाव्यका रूपमा पद्यकाव्य, गद्यकाव्य र चम्पूकाव्यहरूको वर्गीकरण र यिनको स्वरूपविवेचन (भामह, दण्डी, रुद्रट, अग्निपुराण, विश्वनाथ आदि प्रमुख आचार्य र ग्रन्थहरूले गरेको महाकाव्य, खण्डकाव्य, मुक्तक, कथा, आख्यायिका, चम्पू, विरुद करंभक आदि काव्यरूपको परिभाषा र स्वरूप-निरूपण)

३) दृश्यकाव्यका रूपमा दशरूपक र तिनका प्रमुख रूपहरूको वर्गीकरण र यिनको स्वरूपविवेचन (नाट्यशास्त्र, दशरूपक,

नाट्यदर्पण, साहित्यदर्पण आदि ग्रन्थमा प्रतिपादित मान्यताका आधारमा प्रमुख नाट्यरूपहरूको परिभाषा र स्वरूपनिरूपण)

४) नाट्यप्रबन्ध र काव्यप्रबन्धका लागि नाट्यसिद्धान्तले अगाडि सारेका वस्तु, नेता र रसको निरूपण तथा प्रबन्धरीति, प्रबन्धध्वनि, प्रकरणवक्रता, प्रबन्ध-वक्रता र प्रबन्धऔचित्यले परिकल्पना गरेको प्रबन्धविधाको सङ्गठन

५. सहायक पुस्तक

१. सोमनाथ शर्मा, *साहित्य प्रदीप,* काठमाडौं
२. केशवप्रसाद उपाध्याय, *पूर्वीय साहित्य सिद्धान्त,* साझाप्रकाशन, काठमाडौं
३. गोविन्द भट्टराई (अनु), *भरतको नाट्यशास्त्र,* नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, काठमाडौं
४. भामह, *काव्यालङ्कार* (संबद्ध टीका र भाष्य सहित)
५. दण्डी, *काव्यादर्श* ,,
६. वामन, *काव्यालङ्कार सूत्रवृत्ति* ,,
७. आनन्दवर्धन, *ध्वन्यालोक* (लोचनसहित) ,,
८. मम्मट, *काव्यप्रकाश* ,,
९. कुन्तक, *वक्रोक्तिजीवित* ,,
१०. महिम भट्ट, *व्यक्तिविवेक* ,,
११. धनिक तथा धनञ्जय, *दशरूपक* ,,
१२. रामचन्द्र गुणचन्द्र, *नाट्यदर्पण* ,,
१३. जगन्नाथ, *रसगङ्गाधर* ,,
१४. डा. नगेन्द्र, *रससिद्धान्त,* नेशनल पब्लिशिङ हाउस, दिल्ली
१५. डा. नगेन्द्र, *भारतीय काव्यशास्त्र की भूमिका,* नेशनल पब्लिशिङ हाउस, दिल्ली
१६. डा. नगेन्द्र, (सम्पा), *भारतीय काव्य सिद्धान्त,* हिन्दी माध्यम कार्यान्वयन निर्देशनालय, दिल्ली विश्वविद्यालय, दिल्ली ।
१७. डा. सुशीलकुमार दे, *संस्कृत काव्यशास्त्रका इतिहास,* विहार हिन्दी ग्रन्थ अकादमी, पटना
१८. डा. पी.वी. कांणे, *संस्कृत काव्यशास्त्रका इतिहास,* मोतीलाल वनारसी, दिल्ली
१९. डा. जयमन्त मिश्र, *काव्यात्म मीमांसा,* चौखम्वा विद्याभवन, वाराणसी
२०. डा. राजवंश सहाय हीरा, *भारतीय आलोचना शास्त्र,* विहार हिन्दीग्रन्थ अकादमी, पटना,
२१. डिल्लीराम तिम्सिना, (अनु), *राजशेखरको काव्यमीमांसा,* ने.रा.प्र.प्रतिष्ठान, काठमाडौं

पाश्चात्य साहित्यसिद्धान्त र समालोचनापद्धति
साहित्य सिद्धान्त समूह -२

Nep.509-3

नवौं पत्र
पूर्णाङ्क: १००
वार्षिक पाठ्यभार:१५०
(पाठघण्टा: ५)

१. पाठ्यांशपरिचय

पाश्चात्य साहित्यसिद्धान्तका साथै समालोचनापद्धतिको सघन तथा विस्तृत अध्ययन

२. पाठ्यांशको उद्देश्य

यस पाठ्यांशका अध्ययनबाट विद्यार्थीहरूले निम्नलिखित ज्ञान र क्षमता प्राप्त गर्नेछन्:

(क) पाश्चात्य साहित्यसिद्धान्त र समालोचनाप्रक्रियामा देखापरेका अद्यावधिक प्रमुख मान्यता र पद्धतिहरूको ज्ञानका साथै तिनको व्याख्या र विश्लेषण गर्न

(ख) उपर्युक्त सैद्धान्तिक र पद्धतिगत ज्ञानका आधारमा साहित्यको मूल तत्वका साथै विधागत स्वरूप र प्रभेदबारे आधिकारिक जानकारी प्राप्त गर्न

(ग) पाश्चात्य प्रमुख साहित्यसिद्धान्त र समालोचनापद्धतिले आधुनिक नेपाली साहित्यका सृजन तथा सैद्धान्तिक र प्रायोगिक समालोचनामा पारेका प्रभाव र प्रेरणाको अनुशीलन गर्न

(घ) पाश्चात्य साहित्यचिन्तन र प्रायोगिक समालोचनापद्धतिका प्रमुख ढांचालाई आधार बनाई आवश्यक संयोजन र अनुकूलनका साथै नेपाली साहित्यका प्रमुख युग, धारा, विधा, लेखक र कृतिको विश्लेषण र मूल्याङ्कन तथा साहित्येतिहासको लेखनसम्बन्धी प्रायोगिक समालोचना गर्न

३. पाठ्यांशको एकाइविभाजन

क) प्राचीन ग्रिसेलीरोमेली परिष्कारवादी साहित्यसिद्धान्त तथा समालोचनापद्धति (पा.घ. १, वार्षिक कक्षा ३०)

ख) युरोपेली पुनर्जागरणकालीन र नवपरिष्कारवादी साहित्यसिद्धान्त तथा समालोचनापद्धति (पा.घ. ०½, वार्षिक कक्षा १५)

ग) उन्नाईसौं शताब्दीका पाश्चात्य प्रमुख साहित्यसिद्धान्त तथा समालोचना पद्धति (पा.घ. १½, वार्षिक कक्षा ४५)

घ) बीसौं शताब्दीका पाश्चात्य प्रमुख साहित्यसिद्धान्त तथा समालोचनापद्धति (पा.घ. १½, वार्षिक कक्षा ४५)

ङ) नेपाली साहित्य, साहित्यचिन्तन र समालोचनामा पाश्चात्य प्रमुख साहित्यसिद्धान्त र समालोचनापद्धतिको उत्प्रेरणा र प्रभाव (पा.घ. ०½, वार्षिक कक्षा १५)

४. पाठ्यवस्तुविवरण

एकाइ क) प्राचीन ग्रिसेली र रोमेली परिष्कारवादी साहित्यसिद्धान्त तथा समालोचनापद्धति

१) प्राचीन ग्रिसेली र रोमेली परिष्कारवादी साहित्यसिद्धान्त तथा समालोचना

(अ) प्राचीन ग्रिस : भूगोल, इतिहास, सभ्यता र संस्कृति, कला, रङ्गमञ्च, भाषा र साहित्यको रूपरेखा

(आ) प्राचीन ग्रिसेली सन्दर्भमा काव्य, काव्यशास्त्र र समालोचनाका बोधक पारिभाषिक शब्दावलीको प्रयोग र विकास

(इ) प्राचीन ग्रिसेली काव्यशास्त्रका प्रमुख स्रोतहरू: साहित्य, व्याकरण, समालोचना र फुटकर साहित्यचिन्तन, दर्शन, कला र सौन्दर्यशास्त्र, भाषणशास्त्र

(ई) प्राचीन ग्रिसको बौद्धिकक्रान्ति र गुरुशिष्यत्रय (सोक्रेटस, प्लेटो र अरिस्टोटल) को भूमिका

(उ) सोक्रेटस र प्लेटोको साहित्यचिन्तन: मुख्य स्थापना र तिनको समीक्षा, प्लेटोका साहित्यचिन्तनले अरिस्टोटलका काव्यशास्त्रमा पारेको प्रभावको मूल्याङ्कन

(ऊ) अरिस्टोटलको परिष्कारवादी काव्यशास्त्र: (१) पृष्ठभूमि, (२) अनुकरणसिद्धान्त र त्यसका साक्ष्य एवं तात्पर्य, शक्ति र सीमा, परवर्ती रोमका काव्यशास्त्रमा प्रभाव, युरोपेली पुनर्जागरणयुग र नवपरिष्कारवादी युगमा प्रभाव, परवर्ती युगहरूमा प्रभाव, विभिन्न व्याख्याहरू, (३) कला र साहित्यको स्वरूप तथा साहित्यिक विधाचिन्तन, दु:खान्त नाट्यचिन्तन: परिभाषा र प्रमुख तत्व, विरेचनका पृष्ठभूमि र तात्पर्य तथा परवर्ती प्रभाव एवं व्याख्याहरू, दु:खान्त नाटक र महाकाव्यको तुलना, (४) भाषणशास्त्रीय साहित्यिक चिन्तन (पृष्ठभूमि, प्रमुख स्थापना, समीक्षा) र (५) अरिस्टोटलका साहित्यचिन्तन का मूल प्रवृत्ति, शक्ति र सीमा

(ऋ) लन्जाइनसको उदात्तसिद्धान्त: पृष्ठभूमि, मुख्य सैद्धान्तिक स्थापना, तुलनात्मक साहित्य (चेतना) योगदान

२) प्राचीन रोमेली काव्यशास्त्र तथा समालोचना

(अ) प्राचीन रोम: भूगोल, इतिहास, सभ्यता, संस्कृति, कला रङ्गमञ्च, भाषा र साहित्यको सन्दर्भ

(आ) होरेस: पृष्ठभूमि, मुख्य सैद्धान्तिक स्थापना, व्यावहारिक मार्गनिर्देश, शक्ति र सीमा

(इ) भाषणशास्त्र: सिसेरो, क्विन्टिलियन र दिमित्रिसका साहित्यिक चिन्तन (पृष्ठभूमि, प्रमुख स्थापना, योगदान)

एकाइ ख) युरोपेली पुनर्जागरणकालीन र नवपरिष्कारवादी साहित्यसिद्धान्त तथा समालोचनापद्धति

१) *पुनर्जागरणकालीन युरोपेली साहित्यचिन्तन तथा समालोचना*

(अ) भूगोल, इतिहास, राजनीति, सभ्यता, संस्कृति र पुनजार्गरण कालीन ज्ञानविज्ञानका नवचेष्टा, भाषा, साहित्य, मुद्रण र रङ्गमञ्चको सन्दर्भ

(आ) प्राचीन ग्रिसेली रोमेली साहित्य र काव्यशास्त्रको खोज, सङ्कलन र सम्पादन, अनुवाद र व्याख्या

(इ) मार्को गिर्लामो बिदा, स्केलिगर र कास्टेलभर्टी तथा सर फिलिप सिडनी र बेन जोन्सनका प्रमुख स्थापना र योगदान

(ई) पुनर्जागरणकालीन युरोपेली साहित्यिक समालोचनाका मूल प्रवृत्तिहरू: इटाली र बेलायत

२) नवपरिष्कारवादी युरोपेली साहित्यचिन्तन

१. तारानाथ शर्मा, *सम र समका कृति,* साझाप्रकाशन, काठमाडौं
२. डा. केशवप्रसाद उपाध्याय, *समको दुःखान्त नाट्यचेतना,* ने.रा.प्रज्ञाप्रतिष्ठान, काठमाडौं
३. डा. वासुदेव त्रिपाठी, *विचरण,* भानु प्रकाशन, काठमाडौं
४. हृदयचन्द्रसिंह प्रधान, *केही नेपाली नाटक,* साझाप्रकाशन, काठमाडौं
५. बालकृष्ण सम, *मेरो कविताको आराधना* (उपासना १, २ र ३), साझाप्रकाशन, काठमाडौं
६. कृष्णचन्द्र सिंह प्रधान, (सं) *साझा समालोचना,* साझाप्रकाशन, काठमाडौं
७. डा. केशवप्रसाद उपाध्याय, *नाटक र रङ्गमञ्च,* रूमु प्रकाशन, काठमाडौं
८. डा. केशवप्रसाद उपाध्याय, *पाश्चात्य दुखान्त नाटकको सृजनपरम्परा,* ने.रा. प्रज्ञाप्रतिष्ठान, काठमाडौं
९. नरेन्द्र प्रसाई र इन्दिरा प्रसाई (सम्पा.), *एउटा अमर प्राज्ञ बालकृष्ण सम,* सम फाउन्डेशन, काठमाडौं
१०. डा. ईश्वर वराल, *बालकृषण सम व्यक्तित्व र कृतित्व,* बालकृष्ण सम फाउन्डेसन, काठमाडौं

महाकवि लक्ष्मीप्रसाद देवकोटा र उनका कविताकृति
नेपाली साहित्य : प्रमुख स्रष्टापरक अध्ययन - २

Nep.509-8 नवौं पत्र

पूर्णाङ्क: १००

वार्षिक पाठ्यभार:१५०

(पाठघण्टा: ५)

१. पाठ्यांशपरिचय

महाकवि लक्ष्मीप्रसाद देवकोटाका कवितायात्रा, कविताधारा र त्यसका प्रवृत्तिका साथै उनका विशिष्ट कविताकृति (फुटकर कविता, खण्डकाव्य र महाकाव्य) र उपलब्धिको सघन समग्र अध्ययन

२. पाठ्यांशको उद्देश्य:

(क) लक्ष्मीप्रसाद देवकोटाका जीवनी, व्यक्तित्व र कृतित्वका बीचको अन्त: सम्बन्धको विश्लेषण जीवनीपरक समालोचनाका आधारमा गर्न

(ख) लक्ष्मीप्रसाद देवकोटाको कविताधाराका प्रमुख स्रोत र उत्प्रेरणाहरूको विश्लेषण गर्न र उनले आधुनिक नेपाली कवितायात्रामा पारेको प्रभावको निरूपण गर्न

(ग) लक्ष्मीप्रसाद देवकोटाको कवितायात्राका विभिन्न चरण र उपचरणको विवेचना गर्न

(घ) लक्ष्मीप्रसाद देवकोटाका योगदान र स्थानको निर्धारण गर्न

(ङ) लक्ष्मीप्रसाद देवकोटाका प्रमुख कविताकृति (फुटकर कविता, खण्डकाव्य र महाकाव्य) को कृतिपरक विश्लेषण र मूल्याङ्कन गर्न

(च) आधुनिक नेपाली कविता (फुटकर कविता, खण्डकाव्य र महाकाव्य) का क्षेत्रमा लक्ष्मीप्रसाद देवकोटाका योगदान र स्थानको निर्धारण गर्न

(छ) लक्ष्मीप्रसाद देवकोटाका कविताकृतिको परिपक्व आस्वादन र मर्मबोधका साथै उनका कविताकृतिका बारेमा विशेषज्ञता प्राप्त गर्न

३. एकाइविभाजन:

एकाइ क) लक्ष्मीप्रसाद देवकोटाका जीवनी, व्यक्तित्व र कृतित्वको अन्त:सम्बन्ध तथा कविताकृतिको वर्गीकृत रूपरेखा (पा.घ. ०½ , वार्षिक कक्षा १५)

एकाइ ख) देवकोटाका प्रमुख फुटकर कविता (पा.घ. १, वार्षिक कक्षा ३०)

एकाइ ग) देवकोटाका प्रमुख खण्डकाव्य (लामो कविता, कोषकाव्यसमेत) र नाट्यकाव्य (पा.घ. १¼, वार्षिक कक्षा ३७)

एकाइ घ) देवकोटाका महाकाव्य (पा.घ. १¼, वार्षिक कक्षा ३८)

एकाइ ङ) देवकोटाका समष्टिगत कविता यात्रा, धारा, प्रवृत्ति र योगदान (पा.घ. १, वार्षिक कक्षा ३०)

४. पाठ्यवस्तुविवरण

एकाइ क) लक्ष्मीप्रसाद देवकोटाका जीवनी, व्यक्तित्व र कृतित्वको अन्त:सम्बन्ध तथा कविताकृतिको वर्गीकृत रूपरेखा

(१) लक्ष्मीप्रसाद देवकोटाका जीवनी र व्यक्तित्वका विभिन्न पक्षहरूको रूपरेखा

(२) लक्ष्मीप्रसाद देवकोटाका जीवनी र कविताकृतित्व (खण्डकाव्यकृतित्व र महाकाव्यकृतित्वसमेत) का बीचको अन्त:सम्बन्ध: जीवनीपरक समालोचनात्मक अध्ययन

(३) लक्ष्मीप्रसाद देवकोटाका कविताकृति (खण्डकाव्य र महाकाव्यसमेत) को रूपरेखा र विधागत प्रकारहरूको वर्गीकरण र निरूपण

(४) देवकोटाका कविता (खण्डकाव्य र महाकाव्यसमेत) कारिताका युगसन्दर्भ, प्रमुख स्रोत र उत्प्रेरणा

एकाइ ख) देवकोटाका प्रमुख फुटकर कविता

(१) देवकोटाको फुटकर कवितायात्रा र त्यसका चरण -उपचरण तथा देवकोटाका फुटकर कविताकृतिको प्रकारगत वर्गीकरण

(२) देवकोटाका फुटकर कविताका मुख्य प्रवृत्तिहरू

(३) सन्दर्भित विभिन्न कोणबाट देवकोटाका निम्नलिखित प्रारम्भिक फुटकर कविताको कृतिपरक विश्लेषण र मूल्याङ्कन

(क) "जन्मोत्सव र मुटुको थोपा" कवितासङ्ग्रहका कविता

(ख) "भिखारी" कवितासङ्ग्रहका कविता

(ग) "पुतली" र "सुनको बिहान" बालकवितासङ्ग्रहका कविता

(४) सन्दर्भित विभिन्न कोणबाट देवकोटाका बनारसप्रवासकालीन निम्नलिखित कविताहरूको कृतिपरक विश्लेषण र मूल्याङ्कन

(क) "आकाश बोल्छ" का कविता

(ख) "छांगासंग कुरा" का कविता

(ग) "भावनागाङ्गेय" का कविता

(५) सन्दर्भित विभिन्न कोणबाट देवकोटाको "मनोरञ्जन" का हास्यव्यङ्ग्य कविताहरूको कृतिपरक विश्लेषण र मूल्याङ्कन

(६) सन्दर्भित विभिन्न कोणबाट देवकोटाको अन्तिम चरणका कविता र गीतहरू "लक्ष्मीकवितासङ्ग्रह" र "लक्ष्मीगीतिसङ्ग्रह" का कविता-गीतहरू को कृतिपरक विश्लेषण र मूल्याङ्कन

(७) देवकोटाका "भिखारी" र "लक्ष्मीकवितासङ्ग्रह" का कविताहरूका विशिष्ट पङ्क्तिको सप्रसङ्ग समीक्षात्मक व्याख्या

(८) देवकोटाका फुटकर कविताकृतित्वको गुणस्तरको मूल्याङ्कन

एकाइ ग) देवकोटाका प्रमुख खण्डकाव्य (लामो कविता र कोषकाव्यसमेत) र नाट्यकाव्य

(१) देवकोटाको खण्डकाव्यकारिताका विकासप्रक्रिया, धारा, ढांचा, प्रकार र प्रवृत्ति

(२) खण्डकाव्यतत्वका सापेक्षतामा सन्दर्भित विभिन्न कोणबाट देवकोटाका निम्नलिखित प्रमुख खण्डकाव्यहरूको कृतिपरक विश्लेषण र मूल्याङ्कन

(क) मुनामदन (ख) राजकुमार प्रभाकर (ग) लूनी (घ) कुञ्जिनी (ङ) सीताहरण, (च) रावणजटायुयुद्ध, (छ) म्हेन्दु (ज) "मैना" सङ्ग्रहका खण्डकाव्यहरू (झ) वसन्ती (२००९) (ञ) कटक (ट) मायाविनी सर्सी (ठ) नयां सत्यकलिसंवाद

(३) देवकोटाका "मुनामदन" र "मायाविनी सर्सी" खण्डकाव्यका विशिष्ट पङ्क्तिको सप्रसङ्ग समीक्षात्मक व्याख्या

(४) सन्दर्भित विभिन्न कोणबाट देवकोटाका निम्नलिखित लामा कविता र कोषकाव्यको कृतिपरक विश्लेषण र मूल्याङ्कन

(क) पहाडी पुकार (ख) आंसु, (ग) नाला, (घ) नवरस, (ङ) झञ्झावर्णन (च) वैराग्यलहरी, (छ) आनन्दशतक

(५) सन्दर्भित विभिन्न कोणबाट देवकोटाका "सावित्री सत्यवान्" र "कृषिबाला" नाट्यकाव्यको कृतिपरक विश्लेषण र मूल्याङ्कन

(६) देवकोटाका खण्डकाव्यकृतित्वका गुणस्तरको मूल्याङ्कन

एकाइ घ) देवकोटाका महाकाव्य

(१) देवकोटाका महाकाव्यकारिताको क्रमिक विकासप्रक्रिया तथा त्यसका धारा, ढांचा, प्रकार र प्रवृत्ति

(२) महाकाव्यतत्वका सापेक्षतामा सन्दर्भित विभिन्न कोणबाट देवकोटाका निम्नलिखित महाकाव्यहरूको कृतिपरक विश्लेषण र मूल्याङ्कन

(क) शाकुन्तल (ख) सुलोचना, (ग) वनकुसुम (घ) महाराणा प्रताप (ङ) प्रमिथस (च) पृथ्वीराज चौहान

(३) देवकोटाका "शाकुन्तल" र "प्रमिथस" महाकाव्यका विशिष्ट पङ्क्तिको सप्रसङ्ग समीक्षात्मक व्याख्या

(४) देवकोटाका महाकाव्यकृतित्वका गुणस्तरको मूल्याङ्कन

एकाइ ङ) देवकोटाका समष्टिगत कवितायात्रा, धारा, प्रवृत्ति र योगदान

(१) देवकोटाको समष्टिगत कवितायात्रा र त्यसका चरणउपचरणहरू

(२) देवकोटाको मुख्य कविताधारा: स्वच्छन्दतावाद र प्रगतिवादका सन्दर्भमा

(३) देवकोटाको कवित्वका केन्द्रीय प्रवृत्ति

(४) नेपाली कविताको स्वच्छन्दतावादी र प्रगतिवादी धाराका प्रवर्तन र विकासमा लक्ष्मीप्रसाद देवकोटाको योगदान

(५) आधुनिक नेपाली कवितायात्रामा लक्ष्मीप्रसाद देवकोटाका स्थान, योगदान र प्रभावप्रेरणाको मूल्याङ्कन

५. पाठयपुस्तक

१. लक्ष्मीप्रसाद देवकोटा, *आकाश बोल्छ,* साझाप्रकाशन, काठमाडौं

२. " " *कुञ्जिनी,* साझाप्रकाशन, काठमाडौं

३. „ „ *जन्मोत्सव र मुटुका थोपा,* मधुसूदन देवकोटा, काठमाडौं
४. „ „ *नवरस,* नेपाली साहित्यघर, वाराणसी
५. „ „ *पहाडी पुकार,* देवकोटा जयन्ती आयोजक समिति, चाबहिल
६. „ „ *पुतली,* साझाप्रकाशन, काठमाडौं
७. „ „ *प्रमिथस,* ने.रा.प्र., काठमाडौं
८. „ „ *भिखारी,* साझाप्रकाशन, काठमाडौं
९. „ „ *मनोरञ्जन,* नेपाल सांस्कृतिक संघ, काठमाडौं
१०. „ „ *महाराणा प्रताप,* नेपाल सांस्कृतिक संघ, काठमाडौं
११. „ „ *मायाविनी सर्सी,* नेपाली पुस्तक घर, वाराणसी
१२. „ „ *मुनामदन,* साझाप्रकाशन, काठमाडौं
१३. „ „ *मैना,* नेपाल रा. प्र. प्रतिष्ठान, काठमाडौं
१४. „ „ *लक्ष्मी कवितासङ्ग्रह,* साझाप्रकाशन, काठमाडौं
१५. „ „ *लक्ष्मी गीतिसङ्ग्रह,* साझाप्रकाशन, काठमाडौं
१६. „ „ *लूनी,* साझाप्रकाशन, काठमाडौं
१७. „ „ *शाकुन्तल,* साझाप्रकाशन, काठमाडौं
१८. „ „ *सीताहरण,* साझाप्रकाशन, काठमाडौं
१९. „ „ *सुनको बिहान,* साझाप्रकाशन, काठमाडौं
२०. „ „ *सुलोचना,* साझाप्रकाशन, काठमाडौं
२१. *भारती पत्रिका* (२००६ चैत) सम्बद्ध पाठमात्र
२२. *युगवाणी पत्रिका* (२००५ साउन ७ गते) सम्बद्ध पाठमात्र

६. सहायक पुस्तक तथा सामग्री

१. डा.ईश्वर वराल, *देवकोटा र उनका काव्य,* लक्ष्मीप्रसाद देवकोटाप्रतिष्ठान, काठमाडौं
२. डा. कुमारबहादुर जोशी, *महाकवि देवकोटा र उनका महाकाव्य* (नयां संस्करण), साझाप्रकाशन, काठमाडौं
३. डा. कुमारबहादुर जोशी, *देवकोटाका कवितायात्राको विश्लेषण र मूल्याङ्कन,* नेराप्रप्र. काठमाडौं
४. डा. कुमारबहादुर जोशी, *देवकोटाका प्रमुख कविताकृतिको कालक्रमिक विवेचना,* सिद्धार्थ वनस्थली प्राज्ञिक परिषद्, काठमाडौं

५. डा. वासुदेव त्रिपाठी र अरू (सम्पा) *नेपाली कविता भाग ४,* साझाप्रकाशन, काठमाडौं
६. डा. कुमारबहादुर जोशी, *एक व्यक्तित्व अनेक दृष्टि* (देवकोटाविषयक अन्तर्वार्ता) ने.रा.प्र.प्र., काठमाडौं
७. डा. कुमारबहादुर जोशी, *देवकोटाका कविताकृतिमा प्रकृति,* सरस्वती प्रकाशन, काठमाडौं
८. कृष्ण गौतम, *देवकोटाका प्रबन्धकाव्य,* (नयां संस्करण) काठमाडौं
९. घटराज भट्टराई (सम्पादन), *महाकवि देवकोटाका आनीबानी,* लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान, काठमाडौं
१०. चन्द्रेश्वर दुवे, *एस्किलस्, शेली र देवकोटा,* ज्योति प्रकाशन (इम्फाल) मणिपुर, भारत
११. डा. चूडामणि बन्धु, देवकोटा, साझाप्रकाशन, काठमाडौं
१२. जनकलाल शर्मा, *महाकवि देवकोटा: एक व्यक्तित्व दुई रचना,* साझाप्रकाशन, काठमाडौं
१३. डा. वासुदेव त्रिपाठी, *नेपाली कविताको सिंहावलोकन,* साझाप्रकाशन, काठमाडौं
१४. डा. वासुदेव त्रिपाठी, *महाकवि देवकोटाद्वारा आफ्नै कवितायात्रामा सङ्कल्पित कविताक्रान्ति र उनका उत्तरार्द्ध कवितायात्राका थालनी एवं दिशाबोध, गोधूली,* (अङ्क ४) वर्षाशरद् २०५१

सन्दर्भ सामग्री

१. नित्यराज पाण्डे, *महाकवि देवकोटा,* मदन पुरस्कार गुठी, काठमाडौं
२. "भानु" महाकवि देवकोटा विशेषाङ्क
३. "रचना" लक्ष्मीप्रसाद देवकोटा अङ्क (२०३३), काठमाडौं
४ "सुस्केरा" देवकोटा विशेषाङ्क

आख्यानकार विश्वेश्वरप्रसाद कोइराला र उनका आख्यानकृति

नेपाली साहित्य : प्रमुख स्रष्टापरक अध्ययन - ३

Nep.509-9

नवौं पत्र

पूर्णाङ्क: १००

वार्षिक पाठ्यभार:१५०

(पाठघण्टा: ५)

१. पाठ्यांशपरिचय

आधुनिक नेपाली आख्यान (कथा र उपन्यास) का सन्दर्भमा आख्यानकार (कथाकार र उपन्यासकार) विश्वेश्वरप्रसाद कोइरालाका जीवनी र व्यक्तित्व तथा आख्यानकारिताको सघन समग्र अध्ययन

२. पाठ्यांशको उद्देश्य

यस पाठ्यांशका अध्ययनबाट विद्यार्थीहरू निम्नलिखित ज्ञान र क्षमता प्राप्त गर्न समर्थ हुनेछन्:

(क) आधुनिक नेपाली आख्यानकार (कथाकार र उपन्यासकार) विश्वेश्वरप्रसाद कोइरालाका जीवनी र व्यक्तित्व तथा आख्यानकृतित्वका बीचका सम्बन्धको जीवनीपरक समालोचनात्मक ज्ञान प्राप्त गर्न

(ख) विश्वेश्वरप्रसाद कोइरालाका कथा र उपन्यासका प्रमुख स्रोत र उत्प्रेरणाहरूबारे जानकारी प्राप्त गर्न र उनले नेपाली कथा-उपन्यासक्षेत्रमा पारेको प्रभावको निरूपण गर्न

(ग) कथाकार र उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाका सम्बन्धित आधुनिक नेपाली कथा र उपन्यासका क्षेत्रका विधागत यात्रा र धारा तथा केन्द्रीय प्रवृत्तिको विवेचनाका साथै योगदानको मूल्याङ्कन गर्न

(घ) विश्वेश्वरप्रसाद कोइरालाका सम्पूर्ण कथाकृति र उपन्यासकृतिको कृतिपरक विश्लेषण तथा मूल्याङ्कन गर्न

(ङ) विश्वेश्वरप्रसाद कोइरालाका आख्यानकृतिको परिपक्व आस्वादन र मर्मबोधका साथै उनका आख्यानकृतिका बारेमा विशेषज्ञता प्राप्त गर्न

३. एकाइविभाजन

क) आख्यानकार विश्वेश्वरप्रसाद कोइरालाका जीवनी, व्यक्तित्व र कृतित्वको अन्त:सम्बन्ध तथा आख्यानकृतिको वर्गीकृत रूपरेखा

(पा.घ. ०¾, वार्षिक कक्षा २३)

ख) कथाकार विश्वेश्वरप्रसाद कोइरालाका कथाकृतिहरू

(पा.घ.१¼, वार्षिक कक्षा ३७)

ग) उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासकृति

(पा.घ.१½, वार्षिक कक्षा ४५,)

घ) कथाकार विश्वेश्वरप्रसाद कोइरालाका यात्रा, धारा, प्रवृत्ति र योगदान

(पा.घ. ०¾, वार्षिक कक्षा २२)

ङ) उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाका यात्रा, धारा, प्रवृत्ति र योगदान (पा.घ. ०¾, वार्षिक कक्षा २३)

४. पाठ्यवस्तुविवरण

एकाइ क) आख्यानकार विश्वेश्वरप्रसाद कोइरालाका जीवनी, व्यक्तित्व र कृतित्वको अन्त: सम्बन्ध तथा आख्यानकृतिको वर्गीकृत रूपरेखा

(१) विश्वेश्वरप्रसाद कोइरालाका जीवनी र व्यक्तित्वका विभिन्न पक्षहरूको रूपरेखा

(२) आख्यानकार विश्वेश्वरप्रसाद कोइरालाका जीवनी र आख्यानकारिताको अन्त: सम्बन्ध: जीवनीपरक समालोचनात्मक अध्ययन

(३) विश्वेश्वरप्रसाद कोइरालाको आख्यानकारिताको रूपरेखा र विधागत प्रकारहरूको वर्गीकरण तथा निरूपण

(४) विश्वेश्वरप्रसाद कोइरालाको आख्यानकारिताका युगसन्दर्भ, प्रमुख स्रोत र उत्प्रेरणा

एकाइ ख) कथाकार विश्वेश्वरप्रसाद कोइरालाका कथाकृतिहरू

(१) कथातत्व र विभिन्न सान्दर्भिक कोणबाट "दोषी चश्मा" कथासङ्ग्रहका कथाहरूको कृतिगत विश्लेषण र मूल्याङ्कन

(२) कथातत्व र विभिन्न सान्दर्भिक कोणबाट "श्वेत भैरवी" कथासङ्ग्रहका कथाहरूको कृतिगत विश्लेषण र मूल्याङ्कन

(३) उपर्युक्त कथासङ्ग्रहका कथाहरूका विशिष्ट पङ्क्तिहरूको सप्रसङ्ग समीक्षात्मक व्याख्या

एकाइ ग) उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासकृतिहरू

(१) उपन्यासतत्वका सापेक्षतामा विभिन्न सान्दर्भिक कोणबाट निम्नलिखित उपन्यासहरूको कृतिगत विश्लेषण र मूल्याङ्कन
(क) तीनघुम्ती, (ख) सुम्निमा (ग) नरेन्द्र दाइ (घ) मोदियाइन (ङ) हिट्लर र यहूदी (च) बाबु, आमा र छोरा

(२) उपर्युक्त उपन्यासहरूका विशिष्ट पङ्क्तिहरूको सप्रसङ्ग समीक्षात्मक व्याख्या

एकाइ घ) कथाकार विश्वेश्वरप्रसाद कोइरालाका यात्रा, धारा, प्रवृत्ति र योगदान

(१) विश्वेश्वरप्रसाद कोइरालाको कथायात्रा र त्यसका चरण र उपचरणहरू तथा कथाहरूको प्रकारगत वर्गीकरण

(२) विश्वेश्वरप्रसाद कोइरालाका कथाकारिताका धारा र प्रमुख प्रवृत्तिहरू

(३) यथार्थवादी-प्रकृतवादी, तथा मनोविंश्लेषणात्मक आधुनिक नेपाली कथाका प्रवर्तन र विकासमा विश्वेश्वरप्रसाद कोइरालाको योगदान

(४) आधुनिक नेपाली कथायात्रामा विश्वेश्वरप्रसाद कोइरालाको स्थान, योगदान, प्रभाव र प्रेरणाको मूल्याङ्कन

एकाइ ङ) उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाका यात्रा, धारा, प्रवृत्ति र योगदान

(१) विश्वेश्वरप्रसाद कोइरालाको उपन्यासयात्रा र त्यसका चरण र उपचरणहरू तथा उपन्यासहरूको प्रकारगत वर्गीकरण

(२) विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासका धारा र मुख्य प्रवृत्तिहरू

(३) यथार्थवादी-प्रकृतवादी, अस्तित्ववादी-विसङ्गतिवादी तथा मनोविश्लेषणात्मक आधुनिक नेपाली उपन्यासका प्रवर्तन र विकासमा विश्वेश्वरप्रसाद कोइरालाको योगदान

(४) आधुनिक नेपाली उपन्यासमा विश्वेश्वरप्रसाद कोइरालाको स्थान, योगदान, प्रभाव र प्रेरणाको मूल्याङ्कन

५. पाठ्यपुस्तक

१. विश्वेश्वरप्रसाद कोइराला ,*"दोषीचश्मा"* साझाप्रकाशन, काठमाडौं
२. विश्वेश्वरप्रसाद कोइराला, *"श्वेतभैरवी* ,,
३. विश्वेश्वरप्रसाद कोइराला, *तीन घुम्ती* ,,
४. विश्वेश्वरप्रसाद कोइराला, *सुम्निमा* ,,
५. विश्वेश्वरप्रसाद कोइराला, *नरेन्द्र दाइ* ,,
६. विश्वेश्वरप्रसाद कोइराला, *मोदियाइन* ,,
७. विश्वेश्वरप्रसाद कोइराला, *हिट्लर र यहूदी* ,,
८. विश्वेश्वरप्रसाद कोइराला, *बाबु, आमा र छोरा* ,,

६. सहायक पुस्तक

१. डा. ईश्वर बराल (सम्पा), *झ्यालबाट,* साझाप्रकाशन, काठमाडौं
२. भैरव अर्याल (सम्पा), *साझा कथा,* साझाप्रकाशन, काठमाडौं
३. महादेव अवस्थी (सम्पा), *नेपाली कथा भाग २,* साझाप्रकाशन, काठमाडौं
४. राजेन्द्र सुवेदी (सम्पा), *स्नातकोत्तर नेपाली कथा,* साझाप्रकाशन, काठमाडौं
५. डा. हरिप्रसाद पराजुली (सम्पा), *विश्वेश्वरप्रसाद कोइरालाका कथा,* साझाप्रकाशन, काठमाडौं
६. डा. ऋषिराज बराल (सम्पा), *नेपाली कथा भाग ३,* साझाप्रकाशन, काठमाडौं
७. रत्नध्वज जोशी, *नेपाली कथाको कथा,* साझाप्रकाशन, काठमाडौं
८. रामलाल अधिकारी (सम्पा), *नेपाली कथायात्रा,* भारतीय साहित्य अकादमी दिल्ली
९. डा. मुरारिप्रसाद रेग्मी, *मनोविश्लेषणात्मक समालोचना* (कथाखण्ड), साझाप्रकाशन, काठमाडौं
१०. इन्द्रबहादुर राई, *नेपाली उपन्यासका आधारहरू,* साझाप्रकाशन, काठमाडौं
११. कृष्णचन्द्रसिंह प्रधान, *नेपाली उपन्यास र उपन्यासकार,* साझाप्रकाशन, काठमाडौं

१२. राजेन्द्र सुवेदी, *नेपाली उपन्यासः परम्परा र प्रवृत्ति,* पाठ्यसामग्री पसल
१३. डा. ऋषिराज बराल, *उपन्यासको सौन्दर्यशास्त्र,* साझाप्रकाशन, काठमाडौं
१४. प्रतापचन्द्र प्रधान, *नेपाली उपन्यासः परम्परा र पृष्ठभूमि,* दीपा प्रकाशन, दार्जीलिङ्ग
१५. डा. मुरारिप्रसाद रेग्मी, *मनोविश्लेषणात्मक समालोचना* (उपन्यासखण्ड) साझाप्रकाशन, काठमाडौं
१६. डा. वासुदेव त्रिपाठी, *विचरण,* भानु प्रकाशन, काठमाडौं
१७. मोहनराज शर्मा, *कथाको विकासप्रकिया,* साझाप्रकाशन, काठमाडौं
१८. जीवनचन्द्र कोइराला (सम्पा), *विश्वेश्वरप्रसाद कोइराला:समालोचना र विचारमा,* बी.पी. अनुसन्धान तथा सेवाकेन्द्र, काठमाडौं
१९. नरेन्द्र चापागाइ र दधिराज सुवेदी, *कोइरालाका साहित्यको समग्र अध्ययन,* प्रतिभा पुरस्कार प्रतिष्ठान, विराटनगर
२०. जीवनचन्द्र कोइराला (सम्पा), *बी.पी. कोइरालाका छरिएका सामग्रीहरू,* विजयकुमार गच्छेदार, काठमाडौं
२१. शारदा शर्मा, *विश्वेश्वरप्रसाद कोइरालाका नारीपात्र,* रुमु प्रकाशन, काठमाडौं
२२. खेम कोइराला, *उपन्यासकार विश्वेश्वरप्रसाद कोइराला,* शोध खोज प्रकाशन, काठमाडौं ।

आख्यानकार भवानी भिक्षु र उनका आख्यानकृति

नेपाली साहित्य : प्रमुख स्रष्टापरक अध्ययन - ४

Nep.509-10

नवौं पत्र

पूर्णाङ्क: १००

वार्षिक पाठ्यभार:१५०

(पाठघण्टा: ५)

१. पाठ्यांशपरिचय

आधुनिक नेपाली आख्यान (कथा र उपन्यास) का सन्दर्भमा आख्यानकार (कथाकार-उपन्यासकार) भवानी भिक्षुका जीवनी र व्यक्तित्व तथा आख्यानकारिताको सघन समग्र अध्ययन

२. पाठ्यांशको उद्देश्य

यस पाठ्यांशका अध्ययनबाट विद्यार्थीहरूले निम्नलिखित ज्ञान र क्षमता प्राप्त गर्नेछन्:

(क) आधुनिक नेपाली आख्यानकार (कथाकार र उपन्यासकार) भवानी भिक्षुका जीवनी र व्यक्तित्व तथा आख्यानकृतित्वको जीवनीपरक समालोचनात्मक ज्ञान प्राप्त गर्न

(ख) भवानी भिक्षुका उपन्यासका प्रमुख स्रोत र उत्प्रेरणाहरूबारे जानकारी प्राप्त गर्न र उनले आधुनिक नेपाली कथा र उपन्यासका क्षेत्रमा पारेको प्रभावको निरूपण गर्न

(ग) कथाकार र उपन्यासकार भवानी भिक्षुका सम्बद्ध विधाक्षेत्रका यात्रा, धारा र मुख्य प्रवृत्तिको विश्लेषणका साथै आधुनिक नेपाली कथा र उपन्यास तथा लघुउपन्यासको फांटमा उनको योगदानको मूल्याङ्कन गर्न

(घ) भवानी भिक्षुका समग्र कथाकृति र उपन्यासकृतिको कृतिपरक विश्लेषण तथा मूल्याङ्कन गर्न

(ङ) भवानी भिक्षुका आख्यानकृतिको परिपक्व आस्वादन र मर्मबोधका साथै उनका आख्यानकृतिका बारेमा विशेषज्ञता प्राप्त गर्न

३. एकाइविभाजन

क) आख्यानकार भवानी भिक्षुका जीवनी, व्यक्तित्व र आख्यानकारिताका बीचको अन्त: सम्बन्ध र आख्यानकृतिको वर्गीकृत रूपरेखा (पा.घ. ¼, वार्षिक कक्षा २२)

ख) कथाकार भवानी भिक्षुका कथाकृतिहरू (पा.घ. २, वार्षिक कक्षा ६०)

ग) उपन्यासकार भवानी भिक्षुका उपन्यास तथा लघु उपन्यासहरू (पा.घ.०½ वार्षिक कक्षा १५)

घ) कथाकार भवानी भिक्षुका यात्रा, धारा, प्रवृत्ति र योगदान (पा.घ.१¼, वार्षिक कक्षा ३८)

ङ) उपन्यासकार भवानी भिक्षुका यात्रा, धारा, प्रवृत्ति र योगदान (पा.घ.०½, वार्षिक कक्षा १५)

४. पाठ्यवस्तुविवरण

एकाइ क) आख्यानकार भवानी भिक्षुका जीवनी, व्यक्तित्व र आख्यानकारिताका बीचको अन्त:सम्बन्ध र आख्यानकृतिको वर्गीकृत रूपरेखा

(१) भवानी भिक्षुका जीवनी र व्यक्तित्वका विभिन्न पक्षहरूको रूपरेखा

(२) भवानी भिक्षुका जीवनी र आख्यानकारिताका बीचको अन्त:सम्बन्ध: जीवनीपरक समालोचनात्मक अध्ययन

(३) भवानी भिक्षुका आख्यानकारिताको रूपरेखा र विधागत प्रकारहरूको वर्गीकरण तथा निरूपण

(४) भवानी भिक्षुको आख्यानकारिताका युगसन्दर्भ, प्रमुख स्रोत र उत्प्रेरणा

एकाइ ख) कथाकार भवानी भिक्षुका कथाकृतिहरू

(१) कथातत्व र विभिन्न सान्दर्भिक कोणबाट "गुनकेसरी" र "मैया साहेब" कथासङ्ग्रहका कथाहरूको कृतिगत विश्लेषण र मूल्याङ्कन

(२) कथातत्व र विभिन्न सान्दर्भिक कोणबाट "आवर्त" र "अवान्तर" कथासङ्ग्रहका कथाहरूको कृतिगत विश्लेषण र मूल्याङ्कन

(३) "मैया साहेब" र "आर्वत" कथासङ्ग्रहका कथाहरूका विशिष्ट पङ्क्तिको सप्रसङ्ग समीक्षात्मक व्याख्या

एकाइ ग) उपन्यासकार भवानी भिक्षुका उपन्यासकृतिहरू

(१) उपन्यासतत्वका सापेक्षतामा विभिन्न सान्दर्भिक कोणबाट भवानी भिक्षुका निम्नलिखित उपन्यास र लघुउपन्यासहरूको कृतिगत विश्लेषण र मूल्याङ्कन:

(क) आगत (ख) पाइप नं. २ (ग) सुभद्रा बजै, (घ) सुन्तली

(२) उपर्युक्त उपन्यासहरूका विशिष्ट पङ्क्तिहरूको सप्रसङ्ग समीक्षात्मक व्याख्या

एकाइ घ) कथाकार भवानी भिक्षुका यात्रा, धारा, प्रवृत्ति र योगदान

(१) भवानी भिक्षुका कथायात्रा र त्यसका चरण र उपचरणहरू तथा उनका कथाहरूको प्रकारगत वर्गीकरण

(२) भवानी भिक्षुका कथाकारिताका धारा र मुख्य प्रवृत्तिहरू

(३) यथार्थवादी तथा मनोविश्लेषणात्मक आधुनिक नेपाली कथाका विकासमा भवानी भिक्षुको योगदान

(४) आधुनिक नेपाली कथायात्रामा भवानी भिक्षुको स्थान/योगदान, प्रभाव र प्रेरणाको मूल्याङ्कन

एकाइ ङ) उपन्यासकार भवानी भिक्षुका यात्रा, धारा, प्रवृत्ति र योगदान

(१) भवानी भिक्षुको उपन्यासयात्रा र त्यसका चरण तथा उपन्यासहरूको प्रकारगत वर्गीकरण

(२) भवानी भिक्षुका उपन्यासकारिताका धारा र मुख्य प्रवृत्तिहरू

(३) यथार्थवादी, आदर्शवादी, आञ्चलिक तथा मनोविश्लेषणात्मक आधुनिक नेपाली उपन्यासका विकासमा भवानी भिक्षुको योगदान

(४) आधुनिक नेपाली उपन्यासमा भवानी भिक्षुका स्थान, योगदान, प्रभाव र प्रेरणाको मूल्याङ्कन

५. पाठ्यपुस्तकहरू

१, भवानी भिक्षु, *गुनकेसरी,* साझाप्रकाशन, काठमाडौं
२, भवानी भिक्षु, *मैया साहेब,* साझाप्रकाशन, काठमाडौं
३, भवानी भिक्षु, *आवर्त,* साझाप्रकाशन, काठमाडौं
४, भवानी भिक्षु, *अवान्तर,* साझाप्रकाशन, काठमाडौं
५, भवानी भिक्षु, *आगत,* साझाप्रकाशन, काठमाडौं
६, भवानी भिक्षु, *पाइप नं. २,* साझाप्रकाशन, काठमाडौं
७, भवानी भिक्षु, *"सुन्तली",* गरिमा (२०४०), साझाप्रकाशन, काठमाडौं

६. सहायक सामग्री

१, अच्युतरमण अधिकारी (सम्पा.), *उन्नयन भिक्षुविशेषाङ्क,* काठमाडौं
२, ईश्वर बराल (सं), *झ्यालबाट,* साझाप्रकाशन, काठमाडौं
३, महादेव अवस्थी (सं.) *नेपाली कथा भाग २,* साझाप्रकाशन, काठमाडौं
४, राजेन्द्र सुवेदी (सं.) *स्नातकोत्तर नेपाली कथा,* साझाप्रकाशन, काठमाडौं
५, भैरव अर्याल (सं.) *साझा कथा,* साझाप्रकाशन, काठमाडौं
६, वासुदेव त्रिपाठी, *विचरण,* भानुप्रकाशन, भद्रपुर
७, राजेन्द्र सुवेदी, *नेपाली उपन्यासः परम्परा र प्रवृत्ति,* पाठ्यसामग्री पसल, काठमाडौं
८, ऋषिराज बराल, *उपन्यासको सौन्दर्यशास्त्र,* साझाप्रकाशन, काठमाडौं
९, कृष्णचन्द्रसिंह प्रधान, *नेपाली उपन्यास र उपन्यासकार,* साझाप्रकाशन, काठमाडौं
१०, इन्दबहादुर राई, *नेपाली उपन्यासका आधारहरू,* साझाप्रकाशन, काठमाडौं

नाटककार विजय मल्ल र उनका नाट्यकृति

नेपाली साहित्य : प्रमुख स्रष्टापरक अध्ययन - ५

Nep.509-11

नवौं पत्र
पूर्णाङ्क: १००
वार्षिक पाठ्यभार:१५०
(पाठघण्टा: ५)

१. पाठ्यांशपरिचय

आधुनिक नेपाली नाटक र रङ्गमञ्चका विधागत परिप्रेक्ष्यमा नाटककार विजय मल्लका जीवनी, व्यक्तित्व र नाटककारिताको सघन समग्र अध्ययन

२. पाठ्यांशको उद्देश्य

यस पाठ्यांशको अध्ययनबाट विद्यार्थीहरू निम्नलिखित ज्ञान र क्षमता प्राप्त गर्न समर्थ हुनेछन्:

(क) आधुनिक नेपाली नाटककार विजय मल्लका जीवनी, व्यक्तित्व र कृतित्वको जीवनीपरक समालोचनात्मक ज्ञान प्राप्त गर्न

(ख) विजय मल्लका नाट्यकृतिका प्रमुख स्रोत र उत्प्रेरणाबारे जानकारी प्राप्त गर्न र उनले आधुनिक नेपाली नाटकका क्षेत्रमा पारेको प्रभावको निरूपण गर्न

(ग) नाटककार विजय मल्लका सम्बद्ध विधाक्षेत्रका यात्रा, धारा र मुख्य प्रवृत्तिको विश्लेषणका साथै रङ्गमञ्चपक्षीय विवेचना र आधुनिक नाटकका क्षेत्रमा उनको योगदानको मूल्याङ्कन गर्न

(घ) नाटककार विजय मल्लका नाटक र लघुनाटक (एकाङ्की नाटक) को कृतिपरक विश्लेषण तथा मूल्याङ्कन गर्न

(ङ) विजय मल्लका नाट्यकृतिको परिपक्व आस्वादन र मर्मबोधका साथै उनका नाट्यकृतिका बारेमा विशेषज्ञता प्राप्त गर्न

३. एकाइविभाजन

क) नाटककार विजय मल्लका जीवनी, व्यक्तित्व र कृतित्वको अन्त: सम्बन्ध तथा नाट्यकृतित्वको वर्गीकृत रूपरेखा
(पा.घ. ०½, वार्षिक कक्षा १५)

ख) नाटककार विजय मल्लका नाट्यकृतिहरू(पा.घ. १½, वार्षिक कक्षा ४५)

ग) विजय मल्लका लघु (एकाङ्की) नाट्यकृतिहरू
(पा.घ. १½, वार्षिक कक्षा ४५)

घ) विजय मल्लका नाट्यकारिताका यात्रा, धारा, प्रवृत्ति, रङ्गमञ्चीय पक्ष तथा योगदान (पा.घ. १½, वार्षिक कक्षा ४५)

४. पाठ्यवस्तुविवरण

एकाइ क) नाटककार विजय मल्लका जीवनी, व्यक्तित्व र कृतित्वको अन्त:सम्बन्ध तथा नाट्यकृतिको वर्गीकृत रूपरेखा

(१) नाटककार विजय मल्लका जीवनी र व्यक्तित्वका विभिन्न पक्षहरूको रूपरेखा

(२) नाटककार विजय मल्लका जीवनी र नाट्यकृतित्वका बीचको सम्बन्ध: जीवनीपरक समालोचनात्मक अध्ययन

(३) विजय मल्लको नाट्यकृतित्वको रूपरेखा र विभिन्न आधारमा उनका नाट्यप्रकारको वर्गीकरण तथा निरूपण

(४) विजय मल्लका नाट्यकारिताका युगसन्दर्भ, प्रमुख नाट्यस्रोत र उत्प्रेरणा

एकाइ ख) नाटककार विजय मल्लका नाट्यकृतिहरू

(१) विजय मल्लका नाटक (पूर्ण नाटक) हरूको रचना तथा प्रकाशन/मञ्चनको क्रम र विभिन्न आधारमा मुख्य नाट्यकृतिहरूको प्रकारगत वर्गीकरण र पहिचान, मुख्य प्रवृत्ति र देन

(२) विभिन्न सान्दर्भिक कोणबाट विजय मल्लका निम्नलिखित नाटक (पूर्णनाटक) हरूको कृतिपरक विवेचना र मूल्याङ्कन तथा तिनका विशिष्ट पङ्क्तिको सप्रसङ्ग समीक्षात्मक व्याख्या:

(क) बौलाहा काजीको सपना,
(ख) कोही किन बर्बाद होस्,
(ग) जिउंदो लास,
(घ) स्मृतिको पर्खालभित्र,
(ङ) मानिस र मुकुन्डो
(च) भूलैभूलको यथार्थ
(छ) पहाड चिच्याइरहेछ
(ज) सृष्टि रोकिदैन

एकाइ ग) विजय मल्लका लघु (एकाङ्की) नाट्यकृतिहरू

(१) विजय मल्लका लघु (एकाङ्की) नाटकहरूको रचना तथा प्रकाशन / मञ्चनको क्रम, विभिन्न आधारमा मुख्य लघु नाट्यकृतिहरूको प्रकारगत वर्गीकरण र पहिचान, मुख्य प्रवृत्ति र देन

(२) विभिन्न सान्दर्भिक कोणबाट विजय मल्लका निम्नलिखित लघु नाटकहरूको कृतिपरक विवेचना र मूल्याङ्कन तथा तिनका विशिष्ट पङ्क्तिको सप्रसङ्ग समीक्षात्मक व्याख्या:

(क) बौलाहा काजीको सपना" मा सङ्गृहीत सात लघुनाटकहरू
(ख) "पत्थरको कथा" मा सङ्कलित लघुनाटकहरू
(ग) "दोभान" मा सङ्कलित लघुनाटकहरू
(घ) "भित्ते घडी" मा सङ्कलित लघुनाटकहरू

एकाइ घ) विजय मल्लका नाट्यकारिताका यात्रा, धारा, प्रवृत्ति, रङ्गमञ्चीय पक्ष तथा समष्टि योगदान

(१) नाटककार विजय मल्लको समष्टि नाट्ययात्रा र त्यसका चरणउपचरणहरू

(२) नाटककार विजय मल्लको यथार्थवादी, मनोविश्लेषणात्मक र प्रयोगवादी नाट्यधारा र त्यसका केन्द्रीय प्रवृत्तिहरू

(३) नाटककार विजय मल्लका नाट्यकृतिहरूका रङ्गमञ्चीय अपेक्षा, सम्भावना, चुनौती तथा शक्ति र सीमाको समीक्षा

(४) विजय मल्लका लघुनाटक र नाटकको रङ्गमञ्चीय र चलचित्रीय प्रयोगको सर्वेक्षण र समीक्षा

(५) आधुनिक नेपाली यथार्थवादी मनोविश्लेषणात्मक नाट्यधाराका विकासमा विजय मल्लको योगदान

(६) आधुनिक नेपाली प्रयोगवादी नाट्यधाराका विकासमा विजय मल्लको योगदान

(७) आधुनिक नेपाली नाटकका विधाक्षेत्रमा विजय मल्लको स्थान र समष्टि योगदान एवं प्रभावको मूल्याङ्कन

५. पाठ्यपुस्तकहरू

१) विजय मल्ल, *बौलाहा काजीको सपना,* साझाप्रकाशन, काठमाडौं

२) विजय मल्ल, *कोही किन बर्बाद होस,* साझाप्रकाशन, काठमाडौं

३) विजय मल्ल, *जिउंदो लास,* साझाप्रकाशन, काठमाडौं

४) विजय मल्ल, *पत्थरको कथा,* साझाप्रकाशन, काठमाडौं

५) विजय मल्ल, *दोभान,* नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, काठमाडौं

६) विजय मल्ल, *भित्ते घडी,* साझाप्रकाशन, काठमाडौं

७) विजय मल्ल, *स्मृतिको परखालभित्र,* नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, काठमाडौं

८) विजय मल्ल, *भूलै भूलको यथार्थ,* नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, काठमाडौं

९) विजय मल्ल, *सृष्टि रोकिदैन,* नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, काठमाडौं

६. सहायक पुस्तकहरू

१) विजय मल्ल, *नाटक: एक चर्चा,* नेराप्रप्र, काठमाडौं

२) विजय मल्ल, *सात एकाङ्की,* नेराप्रप्र, काठमाडौं

३) चूडामणि बन्धु, *साझा एकाङ्की,* साझाप्रकाशन, काठमाडौं

४) केशवप्रसाद उपाध्याय, *नाटक र रङ्गमञ्च,* रुमु प्रकाशन, काठमाडौं

५) वासुदेव त्रिपाठी, *विचरण,* भानु प्रकाशन, काठमाडौं

आख्यानकार पारिजात र उनका आख्यानकृति

नेपाली साहित्य : प्रमुख स्रष्टापरक अध्ययन - ६

Nep.509-12

नवौं पत्र
पूर्णाङ्क: १००
वार्षिक पाठ्यभार:१५०
(पाठघण्टा: ५)

१. पाठ्यांशपरिचय

आधुनिक नेपाली आख्यान (कथा र उपन्यास) का विधागत परिप्रेक्ष्यमा आख्यानकार (कथाकार र उपन्यासकार) पारिजातका जीवनी र व्यक्तित्व तथा आख्यानकारिताको सघन समग्र अध्ययन

२. पाठ्यांशको उद्देश्य

यस पाठ्यांशका अध्ययनबाट विद्यार्थीहरूले निम्नलिखित ज्ञान र क्षमता प्राप्त गर्नेछन् :

(क) आधुनिक नेपाली आख्यानकार (कथाकार र उपन्यासकार) पारिजातका जीवनी र व्यक्तित्व तथा कृतित्वको जीवनीपरक समालोचनात्मक ज्ञान प्राप्त गर्न

(ख) पारिजातका कथा र उपन्यासका प्रमुख स्रोत र उत्प्रेरणाहरूबारे जानकारी प्राप्त गर्न र उनले आधुनिक नेपाली कथा र उपन्यासका क्षेत्रमा पारेको प्रभावको निरूपण गर्न

(ग) कथाकार र उपन्यासकार पारिजातका सम्बद्ध विधाक्षेत्रका यात्रा, धारा र मुख्य प्रवृत्तिको विश्लेषणका साथै आधुनिक नेपाली कथा र उपन्यासका क्षेत्रमा उनको योगदानको मूल्याङ्कन गर्न

(घ) पारिजातका समग्र कथाकृति र उपन्यासकृतिको कृतिपरक विश्लेषण तथा मूल्याङ्कन गर्न

(ङ) पारिजातका आख्यानकृतिको परिपक्व आस्वादन र मर्मबोधका साथै उनका आख्यानकृतिका बारेमा विशेषज्ञता प्राप्त गर्न

३. एकाइविभाजन

क) आख्यानकार पारिजातका जीवनी, व्यक्तित्व र कृतित्वको अन्त: सम्बन्ध तथा आख्यानकृतिको वर्गीकृत रूपरेखा (पा.घ. ०¼, वार्षिक कक्षा २२)

ख) कथाकार पारिजातका कथाकृति (पा.घ. ०¼, वार्षिक कक्षा ३८)

ग) उपन्यासकार पारिजातका उपन्यासकृति (पा.घ. १½, वार्षिक कक्षा ४५)

घ) कथाकार पारिजातका यात्रा, धारा, प्रवृत्ति र योगदानको मूल्याङ्कन (पा.घ. ०¼, वार्षिक कक्षा २२)

ङ) उपन्यासकार पारिजातका यात्रा, धारा, प्रवृत्ति र योगदानको मूल्याङ्कन (पा.घ. ०¼, वार्षिक कक्षा २३)

४. पाठ्यवस्तुविवरण

एकाइ क) आख्यानकार पारिजातका जीवनी, व्यक्तित्व र कृतित्वको अन्त:सम्बन्ध तथा आख्यानकृतिको वर्गीकृत रूपरेखा

(१) पारिजातका जीवनी र व्यक्तित्वका विभिन्न पक्षको रूपरेखा
(२) आख्यानकार पारिजातका जीवनी र आख्यानकारिताको अन्त:सम्बन्ध: जीवनीपरक समालोचनात्मक अध्ययन
(३) पारिजातका आख्यानकारिताको रूपरेखा र विधागत प्रकारहरूको वर्गीकरण तथा निरूपण
(४) पारिजातका आख्यानकारिताका युगसन्दर्भ, प्रमुख स्रोत र उत्प्रेरणा

एकाइ ख) कथाकार पारिजातका कथाकृतिहरू

(१) कथातत्व र विभिन्न सान्दर्भिक कोणबाट पारिजातको "आदिम देश" कथासङ्ग्रहका कथाहरूको कृतिगत विश्लेषण र मूल्याङ्कन
(२) कथातत्व र विभिन्न सान्दर्भिक कोणबाट पारिजातको "सडक र प्रतिभा" "साल्गीको बलात्कृत आंसु" र "बधशाला जांदा आउंदा" कथा-सङ्ग्रहका कथाहरूको कृतिगत विश्लेषण र मूल्याङ्कन
(३) उपर्युक्त कथासङ्ग्रहमध्ये "आदिम देश" र "बधशाला जांदाआउंदा" सङ्ग्रहका कथाहरूका विशिष्ट पङ्क्तिको सप्रसङ्ग समीक्षात्मक व्याख्या

एकाइ ग) उपन्यासकार पारिजातका उपन्यासकृतिहरू

(१) उपन्यासतत्वका सापेक्षतामा विभिन्न सान्दर्भिक कोणबाट पारिजातका निम्नलिखित उपन्यासकृतिहरूको कृतिगत विश्लेषण र मूल्याङ्कन:

(क) शिरीषको फूल	(ख) महत्ताहीन
(ग) बैंसको मान्छे	(घ) तोरीबारी बाटा र सपना
(ङ) उसले रोजेको बाटो	(च) पर्खाल भित्र र बाहिर
(छ) अन्तर्मुखी	(ज) परिभाषित आंखाहरू
(झ) अनिंदो पहाडसंगै	(ञ) बोनी

(२) उपर्युक्त उपन्यासहरूमध्ये "शिरीषको फूल", "महत्ताहीन", "पर्खालभित्र र बाहिर", "परिभाषित आंखाहरू", "अनिंदो पहाडसंगै" उपन्यासका विशिष्ट पङ्क्तिहरूको सप्रसङ्ग समीक्षात्मक व्याख्या

एकाइ घ) कथाकार पारिजातका यात्रा, धारा, प्रवृत्ति र योगदान

(१) पारिजातका कथायात्रा र त्यसका चरण र उपचरणहरू तथा कथाहरूको प्रकारगत वर्गीकरण
(२) पारिजातका कथाकारिताका धारा र मुख्यप्रवृत्तिहरू
(३) विसङ्गतिवादी, अस्तित्ववादी, यथार्थवादी, मनोविश्लेषणात्मक र प्रगतिवादी आधुनिक नेपाली कथायात्रामा पारिजातका स्थान, योगदान, प्रभाव र प्रेरणाको मूल्याङ्कन
(४) आधुनिक नेपाली कथायात्रामा पारिजातका स्थान/योगदान, प्रभाव र प्रेरणाको मूल्याङ्कन

एकाइ ङ) उपन्यासकार पारिजातका यात्रा, धारा, प्रवृत्ति र योगदान

(१) पारिजातको उपन्यासयात्रा र त्यसका चरण तथा उपन्यासहरूको प्रकारगत वर्गीकरण
(२) पारिजातको उपन्यासकारिताका धारा र मुख्य प्रवृत्तिहरू

(३) विसङ्गतिवादी, अस्तित्ववादी एवं मनोविश्लेषणात्मक तथा यथार्थवादी-प्रगतिवादी आधुनिक नेपाली उपन्यासका विकासमा पारिजातको योगदान

(४) आधुनिक नेपाली उपन्यासमा पारिजातको स्थान, योगदान, प्रभाव र प्रेरणाको मूल्याङ्कन

५. पाठ्यपुस्तक

१, पारिजात, *आदिम देश, पुस्तक संसार,* विराटनगर
२, पारिजात, *सडक र प्रतिभा,* साझाप्रकाशन काठमाडौं
३, पारिजात, *साल्गीको बलात्कृत आंसु*
४, पारिजात, *बधशाला जांदाआउंदा*
५, पारिजात, *शिरीषको फूल,* साझाप्रकाशन, काठमाडौं
६, पारिजात, *महत्ता हीन,* साझाप्रकाशन, काठमाडौं
७, पारिजात, *बैंसको मान्छे,* दार्जीलिङ
८, पारिजात, *तोरीबारी बाटा र सपनाहरू,* ने.रा.प्र.प्र., काठमाडौं
९, पारिजात, *उसले राजेको बाटो, "वेदना"* पत्रिकामा प्रकाशित
१०, पारिजात, *अन्तर्मुखी,* ने.रा.प्र.प्र., काठमाडौं
११, पारिजात, *पर्खालभित्र र बाहिर*
१२, पारिजात, *परिभाषित आंखाहरू*
१३, पारिजात, *बोनी*
१४, पारिजात, *अनिंदो पहाडसंगै,* सङ्कल्प प्रकाशन

६. सहायक पुस्तकपत्रिका

१, निनु चापागाई र खगेन्द्र संग्रौला (सं.) *पारिजात स्मृतिग्रन्थ,* पारिजात स्मृति केन्द्र, काठमाडौं
२, मोहन दुवाल (सं.), *जनमत* (पारिजात विशेषाङ्क), जनमत प्रकाशन, बनेपा
३, ऋषिराज बराल, *उपन्यासको सौन्दर्यशास्त्र,* साझाप्रकाशन, काठमाडौं
४, राजेन्द्र सुवेदी, *नेपाली उपन्यास परम्परा र प्रवृत्ति,* पाठ्यसामग्री प्रकाशन, काठमाडौं
५, राजेन्द्र सुवेदी, *सृजनविधाका परिधिमा पारिजात,* पाठ्यसामग्री प्रकाशन, काठमाडौं
६, इन्द्रबहादुर राई, *नेपाली उपन्यासका आधारहरू,* साझाप्रकाशन, काठमाडौं
७, निनु चापागाई, *यथार्थवादी रचना: दृष्टि र विवेचना,* दिल वरदान, काठमाडौं
८, कृष्णचन्द्रसिंह प्रधान, *नेपाली उपन्यास र उपन्यासकार,* साझाप्रकाशन, काठमाडौं

दसौं पत्र
(ऐच्छिक)

प्रायोगिक कार्यउन्मुख ऐच्छिक पत्रमध्येको कुनै एक विषयको पत्र लिनु पर्ने			
X	Nep.510-1	शोधपत्र (Thesis)	१००
	Nep.510-2	सिर्जनापत्र (Creative Writing)	
	Nep.510-3	भाषासाहित्य शिक्षण र शिक्षणअभ्यास	
	Nep510-4	नाट्यविज्ञान र रङ्गमञ्चप्रस्तुति	
	Nep.510-5	अनुवाद:सिद्धान्त प्रविधि र अध्ययनपत्र, (Term-paper)	
	Nep.510-6	लोकसाहित्य र अध्ययन पत्र	
	Nep.510-7	तुलनात्मक साहित्यसिद्धान्त र अध्ययनपत्र	
	Nep.510-8	मनोविश्लेषणात्मक समालोचना र अध्ययनपत्र	
	Nep.510-9	मार्क्सवादी समालोचना र अध्ययनपत्र	
	Nep510-10	शैलीवैज्ञानिक समालोचना र अध्ययनपत्र	
	Nep.510-11	पाठालोचन र अध्ययनपत्र	

शोधपत्र

शोधपत्र लेखन समूह -१

Nep.510-1

दसौं पत्र
पूर्णाङ्क: १००

१. पाठ्यांश परिचय

नेपाली भाषा, साहित्य वा लोकसाहित्यसंग सम्बद्ध शोधकार्यमा आधारित शोधपत्रको लेखन

२. पाठ्यांशको उद्देश्य:

यस पाठ्यांशबाट विद्यार्थीहरू निम्नलिखित सीप र क्षमता प्राप्त गर्न समर्थ हुनेछन्:

(क) शोधका विधि र प्रक्रियाको प्रयोग गर्न

(ख) नेपाली भाषा, साहित्य वा लोकसाहित्यसंग संम्बद्ध शोधकार्यको अभ्यास गर्न

(ग) उपर्युक्त क्षेत्रका कुनै पक्षका नयां तथ्यको खोजी गर्न वा पुरानै तथ्यको खोजी गर्न वा पुरानै तथ्यको नयां संयोजन, व्याख्या र विश्लेषण तथा सामान्यीकरण गर्न

(घ) प्राप्त सामग्रीको शोधपरक संयोजन, व्याख्या, विश्लेषण र सामान्यीकरणलाई तर्कसङ्गत, क्रमबद्ध, सन्तुलित, प्रामाणिक तथा स्पष्ट रूपमा शुद्ध नेपाली भाषामा शोधप्रतिवेदनका रूपमा प्रस्तुत गर्न

३. एकाइविभाजन (शोधप्रक्रियाका विभिन्न चरणका कार्यहरू)

एकाइ क) शोधक्षेत्रको छनौट तथा प्रारम्भिक सर्वेक्षण र अध्ययन

एकाइ ख) शोधशीर्षकको निर्धारण तथा प्राथमिक रूपरेखा र शोधप्रस्ताव

एकाइ ग) सामग्रीसंकलन र व्यवस्थापन तथा अध्ययन

एकाइ घ) सामग्रीको विश्लेषण, सामान्यीकरण र शोधप्रतिवेदनको विस्तृत रूपरेखानिर्धारण

एकाइ ङ) प्राथमिक मस्यौदा तथा शोधपत्रको अन्तिम रूप तथा प्रस्तुति

४. पाठ्यवस्तुविवरण

एकाइ क) शोधक्षेत्रको छनौट तथा प्रारम्भिक सर्वेक्षण र अध्ययन

१) शोधक्षेत्रको छनौट

(अ) नेपाली भाषा, साहित्य वा लोकसाहित्यमध्ये कुनै एक क्षेत्र छान्ने

(आ) त्यस क्षेत्रको पनि कुनै एक उपयुक्त पक्ष छान्ने

२) प्रारम्भिक सर्वेक्षण र अध्ययन

(अ) सम्बन्धित क्षेत्रको सम्बद्ध पक्षका तत्काल प्राप्त सामग्रीको प्राथमिक विवरण तयार गर्ने

(आ) उक्त विवरणअनुसारको सामग्री बटुलेर तिनको अध्ययन गर्ने

एकाइ ख) शोधशीर्षकको निर्धारण तथा प्राथमिक रूपरेखा र शोधप्रस्ताव

१) शोधशीर्षकको निर्धारण

उपयुक्त सामग्रीको अध्ययन र स्रोतव्यक्ति (जानिफकार व्यक्तिहरू) संगका परामर्शका आधारमा शोधकार्यका लागि संबन्धित विभागबाट स्वीकृत सूचीमध्येबाट कुनै एक शीर्षक (शोधसमस्या) छान्ने

२) प्राथमिक रूपरेखा र शोधप्रस्ताव

(अ) सम्बन्धित शीर्षकमा शोधकार्य गर्ने सिलसिलामा त्यसको प्राथमिक रूपरेखा र मोटामोटी विवरण तयार गर्ने

(आ) आवश्यक शोधप्रस्ताव निम्न लिखित कुरा पर्नेगरी तयार गर्ने

(क) त्यस शीर्षकमा शोधकार्य गर्नाको औचित्य देखाउने

(ख) त्यसबारेमा भएका पूर्वकार्यको विवरण र समीक्षा दिने

(ग) त्यस शोधकार्यको समस्यामूलक परिचय दिने र उद्देश्य तथा प्राक्कल्पना पनि तयार गर्ने

(घ) शोधकार्यको प्राथमिक रूपरेखा संलग्न गर्ने

(ङ) त्यस शोधसंग सम्बद्ध सामग्रीसङ्कलन र अध्ययनका विधि र शोधका क्रममा अंगालिने सैद्धान्तिक आधारको उल्लेख गर्ने

(च) संबद्ध पुस्तक-पत्रिकाको विवरण क्रमशः लेखक, पुस्तक/रचना, प्रकाशन र त्यसका स्थान र वर्ष (पत्रिका भए अङ्क पनि) राखी दिने

(छ) तोकिएअनुसारको शोधलेख तयार पार्ने

एकाइ ग) सामग्रीको सङ्कलन र व्यवस्थापन तथा अध्ययन

१) सामग्रीसङ्कलनः पुस्तकालयीय

(अ) पुस्तकालय प्रयोगविधिअनुसार सामग्री छान्ने, अध्ययन गर्ने र पत्र (कार्ड) मा सुव्यवस्थित रूपमा टिपोट गर्ने

(आ) अत्यन्त जरूरी सामग्रीको निजी सङ्ग्रहसमेत गरी अध्ययन र टिपोट गर्ने

२) क्षेत्रीय सामग्रीसङ्कलन

(अ) प्रश्नावली तयार गर्ने र लिखितउत्तर वा अन्तर्वार्ता लिने

(आ) त्यसको अध्ययन गरी टिपोट बनाउने

३) सामग्रीको छनौट र तथ्याङ्कन

४) सामग्रीको अध्ययन

(अ) टिपोटको रूपमा आएको सामग्रीको व्यवस्थापन तथा अध्ययन(मनन र शोधनिर्देशकसं ग परामर्श

(आ) आवश्यक देखिएमा थप सामग्रीको सङ्कलन र त्यसको अध्ययन - मनन

एकाइ घ) सामग्रीको विश्लेषण, सामान्यीकरण तथा शोधप्रतिवेदनको विस्तृत रूपरेखा निर्धारण

१) सामग्रीको विश्लेषण र बुंदासंकलन

(अ) अध्ययन (मनन) गरिएका सामग्रीको आधारमा पत्र (कार्ड) मा सुव्यवस्थित रूपमा बुंदा टिप्ने

(आ) ती बुंदाको संयोजन र मनन गर्ने

२) सामान्यीकरण र शोधप्रतिवेदनको विस्तृत रूपरेखा निर्धारण

अ) प्राप्त तथ्य र तिनका अन्तसम्बन्धको विश्लेषण गर्ने, सामान्य निष्कर्ष निकाल्ने र त्यसको परिष्कार गर्ने

आ) उपर्युक्त आधारमा शोधनिर्देशकसंग परामर्श गरी शोधप्रतिवेदनको विस्तृत रूपरेखा तयार गर्ने र त्यसको परिमार्जन गर्ने

एकाइ ङ) प्राथमिक मस्यौदा तथा शोधपत्रको अन्तिम रूप र प्रस्तुति

१) प्राथमिक मस्यौदा

(अ) निर्धारित रूपरेखाअनुसार शोधकार्यको प्राथमिक मस्यौदालेखन गर्ने

(आ) निर्धारित शोधनिर्देशक र अन्य विशेषज्ञसंग परामर्श गरी शोधपत्रको मस्यौदाको परिमार्जनका क्रममा आवश्यक थपघट गर्ने

२) शोधपत्रको अन्तिम रूप तथा प्रस्तुति

(अ) सम्बन्धित शोधनिर्देशकका सम्पर्कका रही शोधपत्रको परिमार्जित अन्तिम रूपरेखाको निर्धारण

(आ) शोधनिर्देशकका रेखदेखमा शोधपत्रको विषयवस्तु, प्रस्तुतीकरण र भाषाको संशोधन

(इ) शोधपत्रको साफी/पुनर्लेखन

(ई) शोधपत्रका आवश्यक अंगहरू (उद्धरण, तालिका, पादटिप्पणी, परिशिष्ट, आमुख, सन्दर्भविवरण आदि) को संयोजन र त्यसको परिमार्जन

(उ) शोधपत्रको टङ्कन र टङ्कनसंशोधन तथा विभागमा अबद्ध (गाताबन्दी नगरिएको शोधपत्र) प्रस्तुति, आवश्यक भएमा शोधढांचा र भाषाशुद्धिसम्बन्धी आवश्यक सुधार

(ऊ) शोधपत्रको गाताबन्दी र शोधसारसहित शोधपत्र विभागमा पेस गर्ने

द्रष्टव्य:

(१) यस पाठ्यांशअन्तर्गतको शोधकार्य सम्बन्धित विभागद्वारा प्रत्येक वर्ष अनुमोदित शोधसूचीअन्तर्गत रही गर्नुपर्नेछ साथै प्रत्येक विभागले त्यस वर्षका निम्ति शोधसूची तयार गर्दा केन्द्रीय विभागको संयोजकीय सहमतिसमेत लिनुपर्नेछ र विभागहरूले प्रत्येक शैक्षिक वर्षमा दर्ता भएका र पूरा भएका शोधशीर्षकसम्बन्धी विवरणसमेत केन्द्रीय विभागमा पठाउनुपर्नेछ । केन्द्रीय विभागले प्रत्येक शैक्षिक वर्षमा दर्ता भई चालू रहेको, अवधि पूरा भई खारेज भएका र पूरा भएका शोधशीर्षकहरूको सङ्कलन र संयोजन गरी सूचीबद्धसमेत तुल्याई अभिलेखसमेत राख्ने एवं सशुल्क उपलब्ध गराउने व्यवस्था पनि गर्नेछ।

(२) यस पाठयांशअन्तर्गतको शोधकार्य गर्नाका निम्ति सम्बन्धित *(नियमित वा विभागसंग आबद्ध प्राइवेट) विद्यार्थीहरूले निम्नलिखित पूर्वयोग्यता प्राप्त गरेको हुनुपर्नेछ*

(क) नेपाली एम्.ए. प्रथम वर्षका *सबै (पांचै) पत्र वा प्रथम र द्वितीय वर्षका दसौं पत्रबाहेकका नौ पत्रमा जम्मा ४५ प्रतिशत अङ्क ल्याई उत्तीर्ण गरेको*

अथवा

नेपाली एम्.ए. *प्रथम वर्षमा कम्तीमा चार पत्रमा कम्तीमा ५० प्रतिशत अङ्क ल्याई उत्तीर्ण गरेको*

(ख) यस शोधपाठ्यांशमा प्रवेश पाउनका निम्ति सम्बन्धित विभागद्वारा विधिवत् सूचित शोधसूचीअन्तर्गतका नेपाली भाषा, साहित्य वा लोकसाहित्यको कुनै एक पक्षको खास प्राज्ञिक समस्यामा आधारित शीर्षकको चयन गरी तत्सम्बन्धी *शोधप्रस्ताव र नमुना शोधकृतिसहित* नेपाली एम्.ए. प्रथम वर्ष (र द्वितीय वर्ष) को प्रमाणित लब्धाङ्कसमेत राखी विभागद्वारा तोकिएको अवधिभित्र निर्धारित शुल्कसहित आवेदन दिनुपर्नेछ । आवेदकका उपर्युक्त प्राप्ताङ्क र शोधप्रस्ताव तथा नमुना शोधकृतिको मूल्याङ्कनका आधारमा सम्बन्धित विभागले शोधस्वीकृति प्रदान गर्नेछ । उक्त शोधप्रस्ताव र नमुना शोधकृतिको स्वरूप र ढांचा यसैको एकाइ "ख" को अनुच्छेद "२" मा निर्धारित गरे बमोजिम हुनेछ एवं त्यसमा आवेदकले उत्तीर्णताका निम्ति कम्तीमा ४० प्रतिशत अङ्क प्राप्त गर्नुपर्नेछ । शोधप्रस्ताव र शोधलेख (नमुनाकृति) का अतिरिक्त विभागले आवश्यक ठानेमा मौखिक अन्तर्वार्ताबाट पनि शोधार्थीको शोधयोग्यता जांचिनेछ ।

(३) शोधस्वीकृति प्राप्त गरेका प्रत्येक शोधार्थीका निम्ति सम्बन्धित विभागले एक शिक्षकलाई निर्देशकका रूपमा तोक्नेछ र निजका निर्देशनमा रही शोधार्थीले शोधकार्य गर्नुपर्नेछ । प्रत्येक शोधार्थीको सम्बन्धित एक शैक्षिक सत्रको शोधनिर्देशन गरेबापत शिक्षकको कार्यभारको गणना प्रतिहप्ता १ कक्षासरह हुनेछ । अथवा यसको कुनै अर्को वैकल्पिक व्यवस्था पनि गर्न सकिने छ ।

(४) शोधपत्र सम्बद्ध विषयको मौलिक खोजी, संयोजन, व्याख्या, विश्लेषण, विवेचना र मूल्यांकनमा आधारित हुनुपर्नेछ ।

(५) शोधपत्र नेपाली भाषामा शुद्ध रूपमा टङ्कित (टाइप गरिएको) गरी त्यसका ५ प्रति अथवा विभागले तोकेअनुसारका प्रति विभागद्वारा समय समयमा निर्धारित शुल्कसहित मूल्याङ्कनका निम्ति सम्बन्धित विभागमा बुझाउनुपर्नेछ । विभागले अबद्ध (खुल्ला) शोधपत्रका शोधढांचा र भाषाशुद्धिको मूल्याङ्कन गरी-गराई स्वीकृति दिएपछि आवश्यक सुधारसहित गाताबन्दी गरिएको शोधपत्र विभागमा प्रस्तुत गर्नुपर्नेछ ।

(६) नेपाली केन्द्रीय विभाग वा सम्बद्ध विभागद्वारा अनुमोदित शोधप्रविधिको परिपालन शोधपत्रमा हुनुपर्नेछ ।

(७) मूल्याङ्कन प्रक्रिया : शोधपत्रको मूल्याङ्कनकार्य सम्बन्धित विभागले नै गर्नेछ । आवश्यक परेमा सम्बन्धित शोधनिर्देशकले कम्तीमा पांच जना

बाह्यपरीक्षकहरूको नामावली विभागसमक्ष सिफारिस गर्नेछ । विभागका प्रमुखद्वारा तोकेबमोजिम दुईजना बाह्य परीक्षकहरूबाट शोधपत्रको मूल्याङ्कन गराइनेछ, जसमध्ये एक जनाले गोप्य मूल्याङ्कन र अर्कोले मौखिक परीक्षा लिने कार्य गर्नेछन् । शोधपत्रको १०० अङ्को वितरण निम्नलिखित आधारमा गरिनेछ :

(क)	शोधप्रस्ताव र नमुना शोधलेखको मूल्याङ्कन ५ + ५ =	१०
(ख)	शोधनिर्देशकद्वारा आन्तरिक मूल्याङ्कन	१०
(ग)	बाह्य परीक्षकद्वारा शोधपत्रको गोप्य मूल्याङ्कन	५०
(घ)	अर्को बाह्यपरीक्षकद्वारा मौखिक परीक्षाका आधारमा मूल्याङ्कन	२०
(ङ)	विभागीय प्रमुखद्वारा मौखिक परीक्षाका आधारमा मूल्याङ्कन	१०

(८) मूल्याङ्कन पूरा भएपछि प्राप्ताङ्कसहित शोधपत्रको एक प्रति नेपाली विषय समिति (नेपाली केन्द्रीय विभाग, कीर्तिपुर) मा पनि पठाउनुपर्ने छ ।

५. सहायक पुस्तक

१. दोस्रो पत्रको शोधका निम्ति प्रस्तावित सबै सहायक र सन्दर्भ सामग्रीहरू

सर्जनापत्र

सिर्जनापत्र लेखन समूह -१

Nep.510-2

दसौं पत्र
पूर्णाङ्क: १००
वार्षिक पाठ्य भार: १५०

१. पाठ्यांशपरिचय

नेपाली साहित्यको विधागत सिर्जनात्मक लेखनसम्बन्धी प्रयोगात्मक प्रशिक्षण तथा साहित्यिक कृति (सृजनापत्र) को लेखन

२. पाठ्यांशको उद्देश्य

यस पाठ्यांशबाट विद्यार्थीहरूले निम्नलिखित सीप र प्रशिक्षण प्राप्त गर्नेछन्

(क) सिर्जनात्मक लेखनको विधि र प्रक्रियाको प्रायोगिक जानकारी प्राप्त गर्न

(ख) नेपाली भाषामा सम्बन्धित साहित्यिक विधाका निर्देशित सिर्जनात्मक लेखनको अभ्यास गर्न

(ग) सम्बन्धित विधामा सृजनात्मक अभिव्यक्तिको क्षमताको विकास गर्न

(घ) निर्देशित विधागत साहित्यिकलेखनका प्रक्रियामा आधारित सिर्जनापत्र (विधागत कृति) को रचना गर्न

३. एकाइविभाजन:

एकाइ क) साहित्यिक विधागत कृतिलेखनका निमित्त विषयछनौट, प्रारम्भिक रूपरेखानिर्माण र सिर्जनाप्रस्ताव

एकाइ ख) विधागत सैद्धान्तिक र सृजनात्मक अध्ययन, विधागत कृतिको संरचनाविश्लेषण र निर्देशित लेखनअभ्यास

एकाइ ग) प्राथमिक मस्यौदा र कृतिको अन्तिम रूप तथा प्रस्तुति

४. पाठ्यवस्तुविवरण

एकाइ क) साहित्यिक विधागत कृतिलेखनका निमित्त विषयछनौट, प्रारम्भिक रूपरेखानिर्माण र सिर्जनाप्रस्ताव

१) नेपाली भाषामा साहित्यिक विधागत कृतिको लेखन (सिर्जना) का निम्ति विषय र त्यसका पक्षको प्रारम्भिक छनौट

२) सम्बन्धित विषयवस्तुका सान्दर्भिक पक्षका सामग्रीको संकलन

३) सिर्जनापत्र (विधागत साहित्यि कृति) को प्रारम्भिक योजना वा रूपरेखाको निर्माणको अभ्यास गरी तत्सम्बन्धी (विषयवस्तु, विधाप्रकार, धारा/वाद, संरचना र शैली, भाषा आदि सम्बन्धी) मोटामोटी विवरणमा आधारित मस्यौदा सिर्जनाप्रस्ताव तयार गर्ने

४) त्यस प्रस्तावको परिमार्जन र विस्तृत सिर्जनायोजना तयार गर्ने

५) सिर्जनाप्रस्तावसंगै विभागमा प्रस्तुत गर्नुपर्ने विधागत नमुना -कृतिको रचना र परिमार्जन

६) उपर्युक्त सिर्जनात्मक र नमुनाकृतिको टङ्कन गराई सिर्जनापत्र लिने अनुमतिका निम्ति विभागद्वारा तोकिएको पूर्वयोग्यताको प्रमाणसहित विभागमा प्रस्तुति

एकाइ ख) विधागत सैद्धान्तिक र सृजनात्मक अध्ययन, विधागत कृतिको संरचनाविश्लेषण र निर्देशित लेखनअभ्यास

१) सिर्जनात्मक लेखनका सन्दर्भमा सम्बन्धित साहित्यिक विधाको विधागत सैद्धान्तिक यात्राक्रमको स्वाध्ययन र साहित्यिक कृतिगत अनुशीलनका आधारमा विधागत अद्यावधिक स्वरूपको पहिचान

२) विश्वसाहित्यका प्रमुख धाराहरूका सन्दर्भमा सो विधाको विंकासक्रमका मुख्य मोडहरू र अद्यावधिक स्थिति तथा सम्भावना र सीमाहरूको पहिचान

३) नेपाली भाषामा सो विधाको विकासक्रम र वर्तमान स्थिति तथा उपलब्धि, कमजोरी र चुनौतीहरूको पहिचान

४) सो विधाका विभिन्न धाराका कम्तीमा पांचवटा प्रमुख नेपाली कृतिकार र तिनका छानिएका कम्तीमा पांचवटा ग्रन्थाकार वा पन्धवटा फुटकर विशिष्ट कृतिहरूको पठन, आस्वादन र अध्ययन-मनन; यस क्रममा जीवित प्रसिद्ध साहित्यकारबाट आफ्नो रचनाप्रक्रियाबारे कक्षामा व्याख्यान पनि गराउन सकिने र सो विधाका विशिष्ट समालोचकका मन्तव्यको जानकारी पनि उनीहरूका व्याख्यानद्वारा गराउन सकिने

५) उपर्युक्त छानिएका नेपाली साहित्यिक कृतिहरूको विधागत संरचनाको नमुनाविश्लेषण र समीक्षा (त्यस क्रममा लेखकीय विधागत सफलता र विफलताका खासखास कारकतर्फ आवश्यक ध्यान दिने)

६) अनुकृतिमूलक र निर्देशित विधागत कृतिको लेखन/पुनर्लेखनको अभ्यास

एकाइ ग) प्राथमिक मस्यौदा र कृतिको अन्तिम रूप तथा प्रस्तुति

१) परिमार्जित र विस्तारित सिर्जनयोजनाअनुसार कृति वा कृतिहरूको प्राथमिक लेखन

२) पठनसत्र र रायसुझाउअनुरूप विधागत कृतिहरूको परिमार्जनक्रम

३) अन्तिम संशोधन/परिमार्जन गरी कृतिको साफी र पुनर्लेखन

४) कृतिको टङ्कन र छपाइशुद्धि

५) टङ्कित कृतिको गाताबन्दी र त्यसको प्रस्तुति

६) सिर्जनापत्रअन्तर्गत सम्बन्धित विधागत कृतिका साथ पेस गर्नुपर्ने कुराहरू:

(अ) सम्बन्धित विधाको परिभाषा र स्वरूप तथा प्रकार एवं धाराका सन्दर्भमा सो सिर्जनापत्रको अवस्थिति

(आ) नेपाली साहित्यमा सो विधाको सामान्य विकास र वर्तमान स्थितिका सन्दर्भमा सो सिर्जनापत्रको अवस्थिति

(इ) सिर्जनात्मक पत्रमा गरिएका विषयवस्तुगत र विधागत स्वरूपसम्बन्धी चयनका पृष्ठभूमि र कारण

(ई) संकलित सिर्जनात्मक र विधागत स्वरूप र लेख/रचनाको प्रकियासम्बन्धी विश्लेषणात्मक ग्रन्थकारको आत्मकथन

(उ) सिर्जनापत्र विधागत सङ्कलन भएमा गद्यरचना न्यूनतम १० र फुटकर कवितारचना न्यूनतम २० हुनुपर्ने र टाइप गरिएको न्यूनतम पृष्ठ ४० को प्रबन्धात्मक वा संकलनात्मक कृति हुनुपर्ने

ऊ) आवश्यक सन्दर्भसूची, परिशिष्ट आदि राख्नुपर्ने; अन्य कुरा शोधपत्रमा जस्तै गर्ने

द्रष्टव्य:

(१) यो पाठ्यांश सिर्जनात्मक प्रतिभा भएका विद्यार्थीहरूले लिन पाउनेछन् ।

(२) यो पाठ्यांश लिने विद्यार्थीमा सिर्जनात्मक लेखनतर्फ पूर्वअभिरुचि र उत्सुकता हुनु आवश्यक छ ।

(३) सम्बन्धित विद्यार्थीको छनौटका निम्ति शोधपत्रका लागि तोकिएअनुसार नै नेपाली एम्.ए. प्रथम र द्वितीय वर्षको प्राप्ताङ्क प्रतिशत आवश्यक हुनेछ । विद्यार्थीका सिर्जनाप्रस्ताव र निर्धारित नमुनाकृतिका साथै पूर्वप्रकाशित रचना र आवश्यक परेमा मौखिक अन्तर्वार्तालाई पनि हेरी अभिरुचि र क्षमताको मूल्याङ्कन गरिनेछ । यो पाठ्यांश लिने अनुमतिका निम्ति ५ + ५ अङ्कका उपर्युक्त सिर्जनाप्रस्ताव र नमुना कृतिका विभागीय मूल्याङ्कनका क्रममा जम्मा ४० प्रतिशत अङ्क प्राप्त गर्नुपर्नेछ ।

(४) विद्यार्थीले सिर्जनात्मक लेखनको कार्य सम्बन्धित विभागमा नाम दर्ता गराई तोकिएका शिक्षक वा बाह्य निर्देशकका निर्देशनमा रही गर्नुपर्नेछ । यस्ता निर्देशकको कार्यभार शोधपत्रका निर्देशक सरह गणना हुनेछ ।

(५) साहित्यविधामध्ये साना रूप (कथा, एकाङ्की, फुटकर कविता आदि) कृति लेख्ने हो भने सङ्ग्रह तयार गर्नुपर्नेछ र ठूला रूप (उपन्यास, नाटक, खण्डकाव्य, महाकाव्य आदि) को कृति लेख्ने हो भने एउटा कृति तयार पार्नुपर्नेछ । यस क्रममा बालसाहित्य पनि लेख्न सकिनेछ ।

(६) शिक्षणका क्रममा व्याख्यान, सामूहिक छलफल, अभ्यास, कार्यशाला, गृहकार्य आदि विभिन्न तरिकाको प्रयोग गरिनेछ ।

(७) सम्बन्धित कृतिका बारेमा मौखिक परीक्षा पनि हुनेछ ।

(८) *यो ऐच्छिक पत्र नियमित विद्यार्थीहरूले वा विभागमा आबद्ध प्राइवेट परीक्षार्थीहरूले पनि लिन सक्नेछन् ।*

(९) यस पत्रका सिर्जनाप्रस्ताव र नमुनाकृतिको मूल्याङ्कन, विभागीय दर्ता र सिर्जनापत्रको बाह्य मूल्याङ्कनसम्बन्धी शुल्क सम्बन्धित विभागद्वारा समयसमयमा तोकिएबमोजिम हुनेछ ।

(१०) सिर्जनापत्रका ५ प्रति अथवा विभागले तोके अनुसारका प्रति मूल्याङ्कनका निम्ति विभागमा प्रस्तुत गर्नुपर्नेछ ।

५. मूल्याङ्कन

शोधपत्रकै सरह यसको अन्तिम मूल्याङ्कन हुनेछ र मूल्याङ्कन कार्य पूरा भए पछि प्राप्ताङ्क सहित सिर्जनापत्रको एक प्रति नेपाली विषयसमिति (नेपाली केन्द्रीय विभाग, कीर्तिपुर) मा पनि पठाउनु पर्ने छ ।

६. सहायक पुस्तक र अन्य शैक्षिक सामग्री

यसका निमित्त सम्बन्धित शिक्षकद्वारा तोकिएअनुसारका सहायक पुस्तक र अन्य शैक्षिक सामग्रीहरू रहनेछन् । आधारभूत कुराको जानकारी निम्नलिखित पुस्तकहरूबाट प्राप्त हुनेछ ।

सिर्जनात्मक लेखनका निम्ति

१. चूडामणि बन्धु (सम्पा.), *सिर्जनात्मक लेखन,* ने. रा. प्रज्ञाप्रतिष्ठान, काठमाडौं
२. रोबर्ट स्कोलेस समेत, *इलिमेन्ट्स अफ लिटरेचर एस्से,* फिक्सन, पोइट्री, ड्रामा, फिल्मस अमेरिका

कविताका निमित्त

१. क्लेन्थ बुक्स र रोबर्ट पेन वाटेन, *फन्डामेन्टलस् अफ् गुडराइटिङ्ग ए हायण्ड बुक अफ् मोडर्न रेट्रोरिज्म,* अमेरिका
२. मर्जरी बाउल्ट, *एनाटोमी अफ् पोयट्री,* नयां दिल्ली
३. डव्लु, इ. *रोसेन्हाइम, व्हाट हापेन्स इन् पोयट्री,* अमेरिका
४. लीच, *ए लिङ्ग्विस्टिक गाइड टु इङ्ग्लिस पोयट्री,* लण्डन
५. वासुदेव त्रिपाठीसमेत (सम्पा.) *नेपाली कविता,* भाग ४ साझा प्रकाशन, काठमाडौं

कथा र उपन्यासका निमित्त

१. हेनरी जेम्स, *द आर्ट अफ् फिक्सन*
२. पर्सी ल्युबोक, *द क्राफ्ट अफ् द फिक्सन*
३. इ.एम. फोर्स्टर, *आस्पेक्ट्स अफ नोवेल*
४. एडबिन म्युइर, *द स्ट्रक्चर अफ द नोवेल*
५. रोभन, जोनाथन, *द टेक्निक अफ मोडर्न फिक्सन*
६. डा. रवीन्द्रकुमार जैन, *उपन्यास: सिद्धान्त और संरचना*
७. डा. गोपाल राय, *उपन्यास शिल्प*
८. व्युरेक (सम्पा.), *उपन्यास लेखनशिल्प (हिन्दी अनुवाद अनु. राममित्र चतुर्वेदी र रमेश शुक्ल)*
९. इ.एम. अलब्राइट, *द सर्ट स्टोरी*
१०. इ.एम. ग्लेन क्लार्क, *ए म्यानुएल अफ द सर्ट स्टोरी*
११. पिकेन, वाल्टर वी आर्ट रानु, *बिजनेस अफ स्टोरी राइटिङ*
१२. मर्जरी बाउल्टन, *एनाटमी अफ प्रोज, नयां दिल्ली*

नाटकका निमित्त

१. मर्जरी बाउल्टन, *द एनाटमी अफ् ड्रामा*
२. ट्रामिस बोगार्ड, विलियम आइ. अलिवर, *मोडर्न ड्रामा, अक्सफोर्ड युनिभर्सिटी प्रेस,* न्यूयोर्क
३. उना इलिएडस् फेरनोर, *द फ्रन्टियर्स अफ् ड्रामा*

४. लक्ष्मीनाथ शर्मा, *चलचित्रकला,* साझा प्रकाशन, काठमाडौं
५. केशवप्रसाद उपाध्याय, *नाटक र रङ्गमञ्च,* रुमु प्रकाशन, काठमाडौं
६. ए. निकल, *द थोरी अफ ड्रामा,* दोआय हाउस, दिल्ली
७. गोविन्दप्रसाद भट्टराई (अनु.) *भरतमुनिको नाट्यशास्त्र,* नेराप्रप्र, काठमाडौं
८. कुंवरजी अग्रवाल, *आधुनिक नाटक का अन्वेषण,* मोतीलाल बनारसीदास, दिल्ली

भाषासाहित्यशिक्षण र शिक्षणअभ्यास
शिक्षणसमूह - १

Nep.510-3 दसौं पत्र

पूर्णाङ्क: १००

वार्षिक पाठ्यभार: १५०

१. पाठ्यांशको परिचय

भाषा र साहित्यको शिक्षणका आधारभूत सिद्धान्त र पद्धति तथा नेपाली भाषा र साहित्यको शिक्षणको विकासप्रक्रियाको अध्ययनका साथै नेपाली भाषा र साहित्यशिक्षणको अभ्याससम्बन्धी प्रायोगिक कार्य

२. पाठ्यांशको उद्देश्य

यस पाठ्यांशको अध्ययनबाट विद्यार्थीहरूले निम्नलिखित ज्ञान र सीप प्राप्त गर्नेछन्

(क) शिक्षाका सामान्य सिद्धान्त र पद्धतिका सन्दर्भमा भाषा र साहित्यको शिक्षणका प्रमुख मान्यता र पद्धतिको जानकारी प्राप्त गर्न

(ख) भाषासिद्धान्त र साहित्यसिद्धान्त एवं समालोचनापद्धतिका सन्दर्भमा नेपाली भाषा र साहित्यको शिक्षाको विकासप्रक्रिया र वर्तमान स्वरूपका साथै उच्चमाध्यमिक र स्नातक तहको आदर्श शिक्षणका पद्धति र प्रविधिहरूबारे जानकारी प्राप्त गर्न

(ग) उपर्युक्त मान्यता, पद्धति र प्रविधिहरूका आधारमा नेपाली भाषा र साहित्यको शिक्षणसम्बन्धी अल्पकालीन शिक्षणअभ्यास पूरा गरी शिक्षणकलासम्बन्धी आधारभूत, व्यावहारिक अनुभव र अभिमुखीकरण प्राप्त गर्न,

३. एकाइविभाजन

एकाइ क) भाषाशिक्षण र साहित्यशिक्षणका आधारभूत मान्यता र पद्धति (पाठघण्टा २, कक्षा ६०)

एकाइ ख) नेपाली भाषा र साहित्यको शिक्षण: विकासप्रकिया र वर्तमान प्रवृति (पाठघण्टा ०½ , कक्षा १५)

एकाइ ग) नेपाली भाषा र साहित्यको शिक्षणअभ्यास(पाठघण्टा २½, कक्षा ७५)

४. पाठ्यवस्तु विवरण

एकाइ क) भाषाशिक्षण र साहित्यशिक्षणका आधारभूत मान्यता र पद्धति

१) शिक्षाका सामान्य सिद्धान्तका परिप्रेक्ष्यमा भाषा र साहित्यको शिक्षासम्बन्धी प्रमुख मान्यताको चिनारी

२) पाठ्यक्रम, शिक्षणविधि र पाठयोजना, पाठ्यसामग्री र मूल्याङ्कनसम्बन्धी सामान्य सिद्धान्तका परिप्रेक्ष्यमा भाषा र साहित्यका शिक्षासंग सम्बद्ध मूलभूत पक्षको चिनारी

३) भाषाशिक्षण

(अ) भाषिक-प्राप्ति र आर्जन

(१) व्यवहारवादी तथा अनुभववादी धारणा

(२) बुद्धिवादी तथा मनोवादी धारणा

(३) भाषिक अन्तरीकरण (पृथकीकरण, समायोजन र नियमन)
(ऊ) निराकरणात्मक शिक्षण
(आ) वर्णविन्यासशिक्षण
(इ) शब्दार्थशिक्षण
(ई) व्याकरणशिक्षण
(१) शब्दव्युत्पादनशिक्षण
(२) शब्दस्रोतशिक्षण
(३) व्याकरणिकद्वाराशिक्षण
(४) उपवाक्य तथा वाक्यशिक्षण
(उ) व्याकरणशिक्षणका चरणहरू (नियमीकरण, उदाहरणीकरण, व्याख्या र प्रयोग) को शिक्षण
(ऋ) व्याकरणशिक्षणका वर्तमानपद्धतिहरू
(ॠ) भाषाकलाका रूपमा प्रथमभाषाशिक्षण (श्रुति, वक्तृत्व, पठन, वाचन, लेखन)
(ए) भाषापाठ्यक्रम र मूल्याङ्कन
(ऐ) भाषापाठ्यक्रमका सिद्धान्तहरू
(१) पाठ्यविषयको छनोट र क्रमबद्धता
(२) श्रृङ्खलाबद्ध र चक्रीय पाठ्यक्रम
(३) सामान्य र विषेश पाठ्यक्रम
(४) भाषिक बोधको मूल्याङ्कनका प्रकारहरू
(५) आंशिक र समग्रपरीक्षण
(६) बन्द तथा सी-परीक्षण
(७) श्रुतिबोध, पठनबोध, मौखिक तथा लिखित अभिव्यक्ति र परीक्षण
(८) व्याकरण र शब्दभण्डारको परीक्षण

४) दोस्रो भाषाशिक्षण

(अ) दोस्रो भाषासिकाइका कारकतत्वहरू: भाषिक विभिन्नता, सामाजिक दबाव, वातावरणीय सम्पर्क, जनसंख्या, मनोवैज्ञानिक स्थिति (उमेर, उत्प्रेरणा, बुद्धि, व्यक्तित्व, स्मरणशक्ति, तत्परता, अभिवृत्ति)
(आ) भाषाशिक्षणका प्रमुख पद्धतिहरू
(१) निगमनात्मक, आगमनात्मक, श्रुतिभाषिक, संज्ञानात्मक, सहज, प्रकार्यात्मक, संप्रेषणात्मक
(इ) भाषाशिक्षणका विधि (व्याकरणविधि, अनुवादविधि, व्याकरणानुवाद विधि, प्रत्यक्ष विधि, ध्वन्यात्मक विधि, संरचनात्मक विधि, भाषानियन्त्रण विधि, पठन र मौन विधि)
(ई) भाषिक सीपशिक्षण विधि
(१) श्रवण तथा श्रुतिबोध शिक्षण
(२) मौखिक अभिव्यक्ति उच्चारणशिक्षण
(३) पठनशिक्षण

(४) लेखनशिक्षण

(उ) व्यतिरेकी विश्लेषण, त्रुटिविश्लेषण

५) साहित्यशिक्षण

(अ) साहित्यशिक्षणका क्रममा संस्कृत काव्यशास्त्र र समालोचना पद्धतिका मान्यताको सान्दर्भिकताको सर्वेक्षण,

(आ) साहित्यशिक्षणका क्रममा पाश्चात्य साहित्यशास्त्रका प्रमुख सिद्धान्त र समालोचनाप्रणालीका साथै साहित्यिक र समालोचनात्मक वादहरूको सान्दर्भिकताको अध्ययन

(इ) साहित्यका विधागत कृति पाठहरूको शिक्षण

(१) कविता/काव्य शिक्षण

(क) **लय शिक्षण** - मात्रिक, वर्णमात्रिक, वार्णिक (लोक) र मुक्तछन्दको शिक्षण (गति, यति वा विश्रामका सन्दर्भबाट)

(ख) **विषयवस्तु शिक्षण** - भाव वा विचारको प्रयोग, विस्तार र व्याख्या

(ग) **भाषाशैली शिक्षण** - अलङ्कार, बिम्ब र प्रतीकको प्रयोग;अभिधा, लक्षणा, व्यञ्जनाको प्रयोग; भाषिक विचलन रसमानान्तरता; अपूर्णान्वयनको प्रयोग; विशिष्ट भाषाको प्रयोग

(२) कथा/उपन्यासशिक्षण

(क) **कथानक शिक्षण**- टनाहरूको प्रयोग, मुख्य कथानक र सहायक थानक, क्रमिक कथानक र व्यतिक्रमिक कथानक, अकथा

(ख) **पात्र शिक्षण**- वर्गीय र व्यक्तिगत, अनुकूल र प्रतिकूल, तिशील र गतिहीन, नायक, नायक, खलनायक, एकनायक बहुनायक

(ग) **विषयवस्तु शिक्षण**- सामाजिक, ऐतिहासिक, सांस्कृतिक

(घ) **धारा**- आदर्शवादी, यथार्थवादी, मनोवैज्ञानिक, अस्तित्ववादी, विसङ्गतिवादी, नारीवादी, प्रगतिवादी

(ङ) **प्रविधि**- घटनाप्रधान, चरित्रप्रधान, परिवेशप्रधान (आञ्चलिक)

(च) **दृष्टिबिन्दु**- प्रथमपुरुष र अन्य पुरुष, सारांशपद्धति, दृश्याङ्कनपद्धति

(छ) **भाषा शिक्षण**- गद्य भाषाको प्रयोग

(ज) **कथ्यान्वयन र बोध**- अनुच्छेदहरूका मुख्यमुख्य वाक्यहरूको कथ्यान्वयन (Paraphrasing), बोधप्रश्न र उत्तर

(झ) व्याख्या र मूल्याङ्कन

(३) नाटक/एकाङ्की शिक्षण

(क) **संवाद शिक्षण**- वक्ता, स्थिति, परिवेशअनुसार, लामो संवाद र छोटोछरितो संवाद, एकालाप र वार्तालाप

(ख) **द्वन्द्वशिक्षण** - आन्तरिक र बाह्यद्वन्द्व

(ग) **कथानक शिक्षण**- अङ्क, दृश्यअनुसार कथानकविभाजन, आकस्मिक मोडहरू र चरम सुखान्त र दुखान्त

(घ) **चरित्र शिक्षण**- (कथावत्)

(ङ) **रङ्गमञ्च शिक्षण**- अभिनेयता, मञ्चनीयता, रङ्गसज्जा

(च) **भाषाशैली**- गद्य वा पद्यभाषाको प्रयोग

(४) निबन्ध शिक्षण

(क) विषयवस्तु शिक्षण-मूल बुंदाहरू

(ख) प्रकार शिक्षण-भाव वा विचारप्रधान, तार्किक, आख्यानात्मक

(ग) पुष्टीकरण शिक्षण-आफ्ना पक्ष, मान्यता उपस्थित गर्ने ढङ्ग र त्यसको पुष्टि

(घ) भाषाशैली शिक्षण-सरल र आलङ्कारिक भाषा, समास र व्याख्यात्मक शैली

(ङ) उद्देश्य शिक्षण-प्रयोजन: सूचना, मनोरञ्जन, यथार्थको प्रस्तुति

एकाइ ख) नेपाली भाषा र साहित्यको शिक्षण विकासप्रकिया र वर्तमान प्रवृत्ति

१) नेपाली भाषा र साहित्यको शिक्षण: ऐतिहासिक अवलोकन (प्रारम्भ, विस्तारका विभिन्न पक्षहरू र चरणहरू)

२) नेपाली भाषा र साहित्यको शिक्षणको वर्तमान स्वरूप (पाठ्यक्रम, शिक्षक र शिक्षणविधि तथा शिक्षक-शिक्षण, पाठ्यसामग्री, मूल्याङ्कन र सम्प्राप्ति, शैक्षिक तहगत स्थिति: प्राथमिक, निम्नमाध्यमिक, माध्यमिक, उच्चमाध्यमिक, स्नातक र स्नातकोत्तर सन्दर्भ; मुख्य उपलब्धि, समस्या र चुनौती, सम्भावना र सम्बर्धनका उपायहरू)

एकाइ ग) नेपाली भाषा र साहित्यको शिक्षणअभ्यास

१) तयारी र शिक्षणप्रस्ताव तथा आधारभूत अभिमुखीकरण

(अ) यस पाठ्यांशको प्रस्तुत एकाइको प्रायोगिक कार्यस्वरूप शिक्षण अभ्यास गर्न चाहने विद्यार्थीले सो शिक्षणअभ्यासका निम्ति थलो र शिक्षणसंस्था (उच्च माध्यामिक विद्यालय/क्याम्पस) को र नेपाली भाषा तथा साहित्यसम्बन्धी खास विधाहरूको छनौट गरी शिक्षण - अभ्यास प्रस्ताव तयार गरी त्यसको टङ्कित प्रस्तावका साथ निवेदन सम्बन्धित विभागमा दर्ता गर्नुपर्नेछ । शिक्षण अभ्यासका निम्ति प्रस्तावित शिक्षण संस्था सम्बन्धित विभागबाट दैनिक आवतजावत र निरीक्षण गर्न सकिने स्थानमा अवस्थित हुनुपर्नेछ ।

(आ) *यो पाठ्यांश विभागमा अध्ययनरत नियमित विद्यार्थीहरूले मात्र लिन पाउने छन् ।*

२) शिक्षण अभिमुखीकरण र विभागद्वारा तोकिएका शिक्षक/शिक्षिकाका सुपरिवेक्षणमा शिक्षणअभ्यास र त्यसको मूल्याङ्कन

(अ) यस एकाइको शिक्षणप्रशिक्षणको अभिमुखीकरण कक्षागत सामूहिक मार्गदर्शन, गोष्ठी र कार्यशालाको सञ्चालन, विद्यार्थीहरूद्वारा कक्षागत शिक्षणको नमुना प्रस्तुति र शिक्षकद्वारा समीक्षात्मक सुझाव दिने प्रकिया, सम्पर्ककक्षा आदिका आधारमा सम्बन्धित कक्षाशिक्षकहरूले प्रदान गर्ने छन् ।

(आ) प्रयोगात्मक शिक्षणअभ्यासको अवधि ४ हप्ताको हुनेछ र जम्मा कक्षाभार कम्तीमा २४ कक्षा हुनुपर्नेछ ।

(इ) सम्बन्धित शैक्षिक सत्रको वार्षिकपरीक्षाको तालिकाको समयावधि सकिएको सामान्यत: एक महिनाभित्र विभागद्वारा निर्धारित भए अनुसार अभ्यासशिक्षण र त्यसको मूल्याङ्कनको प्रक्रिया पूरा हुनुपर्नेछ ।

(ई) सम्बन्धित शिक्षणअभ्यासकर्ता स्वयंले तत्कालीन निर्वाह खर्चको व्यवस्था गर्नुपर्नेछ र सम्बन्धित विभागले मूल्याङ्कनकर्ता शिक्षकलाई दैनिक र भ्रमण भत्तासहित बढीमा ६ दिनका निम्ति मूल्याङ्कनका लागि काजमा खटाउने छ । अभ्यासशिक्षणकर्ताको शिक्षणको विषयवस्तु र शिक्षणकलाको मूल्याङ्कन विभागद्वारा निर्धारित मूल्याङ्कन आधार र त्यसको ढांचाबमोजिम गर्नुपर्ने छ । मूल्याङ्कनकर्ताले मूल्याङ्कनप्रतिवेदन सम्बन्धित विभागमा पेश गर्नेछन् र विभागले सम्बन्धित परीक्षा निकायमा पठाउनेछ ।

द्रष्टव्य:

यस पाठ्यांशको एकाइ "क" र "ख" का ५० अङ्का निम्ति दुई घण्टाको बाह्य लिखित परीक्षा हुनेछ । एकाइ "ग" को ५० अङ्को मूल्याङ्कन विभागले माथि तोकेको प्रक्रिया अनुसार शिक्षण-अभ्यासका आधारमा हुनेछ ।

५. सहायक पुस्तक

१. सोमनाथ शर्मा: *साहित्य प्रदीप,* साझा प्रकाशन, काठमाडौं

२. डा. वासुदेव त्रिपाठी: *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा,* भाग १ र २, साझाप्रकाशन, काठमाडौं

३. मोहनराज शर्मा: *समकालीन समालोचना सिद्धान्त र प्रयोग,* ने.राजकीय प्रज्ञाप्रतिष्ठान, काठमाडौं

४. डब्लु.एफ.म्याके: *ल्याङ्ग्वेज टिचिङ एनलाइसेस,* लङ्म्यान

५. ए.एच.स्टर्न: *फन्डामेन्टल कन्सेप्टस् अफ् ल्याङ्ग्वेज टिचिङ*

६. रोजर टी. वेल: *अन इन्ट्रोडक्सन टु एप्लाइड लिङ्ग्विस्टिक्स:* एप्रोच एण्ड मेथडस

७. ज्याक सि.रिनर्डस् एण्ड थिजोडोर एस. राजर्स: *एप्रोच एण्ड मेथड्स् इन् ल्याङ्ग्वेज टिचिङ,* क्याम्ब्रिज युनिभर्सिटी प्रेस

८. *दि लिङ्ग्विस्टिक साइन्सेस्स एण्ड ल्याङ्ग्वेज टिचिङ,* एम.के.ह्यालि डे एण्ड ब्रदर्श, इस्लब्रिम्स

९. स्किल्स् रिभर्स: *टिचिङ फोरेन ल्याङ्ग्वेज*

१०. महावीर सूरजैन: *अन्य भाषाशिक्षण*

११. हेमाङ्गराज अधिकारी, *भाषाशिक्षण केही परिप्रेक्ष्य तथा पद्धति,* ने.रा. प्रज्ञाप्रतिष्ठान, काठमाडौं

१२. हेमाङ्गराज अधिकारी: *नेपाली भाषाशिक्षण,* काठमाडौं

१३. पारस भण्डारी, *प्रायोगिक भाषाविज्ञान,* विद्यार्थी पुस्तक भण्डार, काठमाडौं

१४. कार्टर, रोनाल्ड एण्ड मिचेल के. लङ्ग, *वेब अफ वर्ड. एक्प्लोटिड लिटरेचर थ्रो ल्याङ्गुएज,* क्याम्ब्रिज: सीयुपी - १९८१

१५. लाजार, गिलियन, *लिटरेचर एण्ड ल्याङ्गुएज टिचिङ,* क्याम्ब्रिज : सीयुपी (१९९३, १९९७

६. सन्दर्भ सामग्री

१. रावर्ट ल्याडो, *ल्याङ्गुएज टिचिङ,* भारतीय संस्करण

२. हेरोल्ड बी. एलेन, *रिडिङस् इन अपलाइड लिङ्गुइस्टिक्स,* भारतीय संस्करण,

३. डा. रवीन्द्रनाथ श्रीवास्तव, *भाषाशिक्षण,* वाणी प्रकाशन, दिल्ली

नाट्यविज्ञान र रङ्गमञ्चप्रस्तुति
नाट्यरङ्गमञ्च समूह - १

Nep.510-4

दसौं पत्र
पूर्णाङ्क: १००
वार्षिक पाठ्यभार: १५०

१. पाठ्यांशपरिचय

पूर्वीय र पाश्चात्य नाट्यशास्त्र तथा रङ्गमञ्चविज्ञानका साथै नेपाली लोकनाट्य र रङ्गमञ्चको अध्ययनका साथै नेपाली नाटकको सामूहिक रङ्गमञ्च प्रस्तुति सम्बन्धी प्राविधिक कार्य

२. पाठ्यांशको उद्देश्य

यस पाठ्यांशको अध्ययनबाट विद्यार्थीहरू निम्नलिखित ज्ञान, सीप र क्षमता प्राप्त गर्न समर्थ हुनेछन्

(क) संस्कृतनाट्यशास्त्र र रङ्गमञ्चको सैद्धान्तिक तथा प्रायोगिक स्वरूपको ज्ञान प्राप्त गर्न

(ख) पारसी नाट्यचिन्तन र रङ्गमञ्चको सैद्धान्तिक र प्राविधिक पक्षको जानकारी प्राप्त गर्न

(ग) भारतवर्षीय (बङ्गला, हिन्दी, उर्दू, मराठी, असमिया र मैथिली) आधुनिक नाट्यचिन्तन र रङ्गमञ्चको सैद्धान्तिक र प्राविधिक पक्षको जानकारी प्राप्त गर्न

(घ) चिनिया र जापानी नाट्यचिन्तन र रङ्गमञ्चको सैद्धान्तिक र प्राविधिक पक्षको जानकारी प्राप्त गर्न

(ङ) पाश्चात्य (युरोप/अमेरिकाली) नाट्यशास्त्रको विकासप्रक्रिया र त्यसका प्रमुख नाट्यमान्यता र रङ्गमञ्चप्रविधिको जानकारी प्राप्त गर्न

(च) नेपाली लोकनाट्य र रङ्गमञ्च तथा आधुनिक नेपाली नाट्यरङ्गमञ्च र नाट्यचिन्तनको विकासप्रक्रिया एवं वर्तमान स्वरूपको जानकारी प्राप्त गर्न

(छ) नेपाली साहित्यको कुनै नाट्यकृतिको सामूहिक रङ्गमञ्चप्रयोगका व्यावहारिक अनुभव र सीप प्राप्त गर्न

३. एकाइविभाजन

एकाइ क) नाट्यशास्त्र र रङ्गमञ्चको अध्ययन
(पा.घ. २½ वार्षिक कक्षा ७५)

एकाइ ख) नेपाली नाट्यकृतिको सामूहिक रङ्गमञ्च प्रयोग
(पा.घ.२½, वार्षिक प्रायोगिक कक्षाभार ७५)

४. पाठ्यवस्तुविवरण

एकाइ क) नाट्यशास्त्र र रङ्गमञ्चको अध्ययन

१) संस्कृतनाट्यशास्त्र र रङ्गमञ्च

(अ) संस्कृत नाट्यचिन्तन र रङ्गमञ्चप्रयोगसम्बन्धी पूर्वसाक्ष्य, संस्कृत नाट्यपरम्परा, रङ्गमञ्च र नाट्यशास्त्रको

विकासप्रक्रिया: भरत, धनञ्जय र धनिक, रामचन्द्रगुणचन्द्र र विश्वनाथको आधारभूत योगदान

(आ) नाटकका स्वरूप, प्रयोग र प्रयोजन; श्रव्य-पाठ्य-दृश्यकाव्यका रूपमा नाटकको स्वरूप र काव्यवर्गीकरणका सन्दर्भमा नाटकको स्थितिसम्बन्धी चिन्तनको विकासक्रम; रङ्गमञ्चका प्रकार र स्वरूपहरू; अभिनयका चार प्रकार र स्वरूप; नाट्यसङ्ग्रह र त्यसका अङ्गहरू; नाटकका प्रमुख तत्वहरू; नाट्यमातृका, वृत्ति र प्रवृत्ति; नाट्यालङ्कार, नाट्योक्ति र नाट्यभाषा; वस्तु: स्रोत र पञ्चसन्धि; प्रकृति र नेता (नायकनायिकाभेदसमेत); रस र भाव; स्वरूप र प्रकार; रूपकउपरूपक; प्रकार र स्वरूप

२) पारसेली नाट्यचिन्तन: परम्परा र विकास; पारसेली नाट्यपरम्परा, नाट्यचिन्तन र रङ्गमञ्चस्वरूप: अरबेली प्रभाव, भारतवर्षीय प्रसार, प्रयोग र स्वरूप

३) भारतवर्षीय (बङ्गला, हिन्दी, उर्दू, मराठी, असमिया, मैथिली) नाटकका परम्परा र आधुनिक दिशा; नाट्यचिन्तन र रङ्गमञ्चको आधारभूत, सैद्धान्तिक र प्राविधिक स्वरूप तथा नवप्रवृत्तिहरू

४) चिनियाँ र जापानी नाट्यपरम्परा; नाट्यचिन्तन र रङ्गमञ्च परम्परा र विकासप्रक्रिया तथा नवप्रवृत्ति

५) पाश्चात्य नाट्यशास्त्र र रङ्गमञ्च

(अ) प्राचीन ग्रिसेली नाटक: रङ्गमञ्च र नाट्यमान्यता; परिष्कारवादी नाट्यचिन्तनका क्षेत्रमा अरिस्टोटलको काव्यशास्त्रको योगदान

(आ) प्राचीन रोमेली नाटक, रङ्गमञ्च र नाट्यमान्यता (होरेसका काव्यशास्त्रीय नाट्यचिन्तनसमेत)

(इ) पुनर्जागरणकालीन पूर्वस्वच्छन्दतावादी, नवपरिष्कारवादी र स्वच्छन्दतावादी युरोपेली नाटक, रङ्गमञ्च र नाट्यमान्यता (स्केलिगर, कोर्निल, कारनेइ, ब्वाइल्यू, ड्राइडेन र लेसिङ्गका नाट्य मान्यतासमेत)

(ई) यथार्थवादी-प्रकृतवादी, अतियथार्थवादी, प्रतीकवादी, अभिव्यञ्जनावादी र विसङ्गतिवादी-अस्तित्ववादी र समयुगीन युरोपेली नाटक, रङ्गमञ्च र नाट्यमान्यताको आधारभूत सैद्धान्तिक र प्राविधिक रूपरेखा

(उ) नाटक: विधागत स्वरूप र प्रमुख नाटकीय तत्वहरू

(ऊ) नाटकका प्रमुख प्रकार : लोकनाट्य, महानाटक, नाटक र लघु (एकाङ्की) नाटक; सुखान्त र दु:खान्त नाटक तथा तिनका विभिन्न उपभेद र मिश्रण: उच्चसुखान्त, क्षुद्रसुखान्त, रोमाञ्चक सुखान्त, आचरण सुखान्त, स्वभावगत सुखान्त; प्रहसनात्मक सुखान्त; नवसुखान्त, भावनात्मक सुखान्त, सुखात्मकदु:खान्त र दु:खात्मक सुखान्त; अनुकृति नाटक / माइम, प्रहसन / फार्सव्यङ्ग्य नाटक; वीरतानाटक; क्रोनिकल नाटक; भावनाटक अतिरञ्जनानाटक, अद्भुत

र रहस्यात्मक नाटक, नैतिक नाटक; पद्य; गद्य र मिश्रित नाटक; सङ्गीतनाटक; सङ्गीत प्रहसन/बर्लेहा, गीतिनाटक, नो नाटक, कोठे नाटक र खुला/सडक नाटक, समस्यानाटक, महाकाव्यात्मक नाट्य/रङ्गमञ्च; विसङ्गत नाटक; क्रूर रङ्गमञ्च; अनाटक; आलोचनात्मक नाटक/रङ्गमञ्च; वृत्तात्मक नाट्य/रङ्गमञ्च आदि

(ऋ) पाश्चात्य विभिन्न युगीन र प्रादेशिक रङ्गमञ्चको विकासप्रक्रियाको तुलनात्मक अध्ययन; ग्रिसेली रङ्गमञ्च, रोमेली प्राचीन एन्टिथिएटर, पुनर्जागरणकालीन नवपरिष्कारवादी र स्वच्छन्दतावादी युगका इटाली, बेलायत, स्पेन, फ्रान्स र जर्मनीका रङ्गमञ्चप्रयोगका आधारभूत उपलब्धि, युरोप र अमेरिकाका प्रमुख नाट्यकेन्द्रका यथार्थवादी, प्रकृतवादी, गीतिनाट्यात्मक प्रतीकवादी, दादावादी, अतियथार्थवादी, अभिव्यञ्जनावादी, विसङ्गतिवादी-अस्तित्ववादी, महाकाव्यात्मक, क्रूरतावादी, वृत्तचित्रात्मक र खुला/सडक रङ्गमञ्चका विभिन्न प्रयोग र तिनका आधारभूत विशेषता

(ॠ) रेडियो नाट्य, चलचित्र र टेलिचलचित्र तथा अन्य उन्नत दृश्य - श्रव्यमाध्यमबाट नाट्यरङ्गमञ्चलाई प्राप्त नवऊर्जा, सम्भावना र चुनौती; चलचित्रसिद्धान्त (फिल्म थ्योरी) र यसका नाट्यात्मक व्याकरण र प्राविधिक पक्षहरू

(६) पूर्वीय-पाश्चात्य नाट्यशास्त्र, नाट्यशाला र रङ्गमञ्चविधानका तुलनात्मक पक्षहरू

(अ) पूर्वीय-पाश्चात्य नाट्यमान्यताका आधारभूत समानता र असमानता

(आ) पूर्वीय-पाश्चात्य नाट्यशालाका आधारभूत साम्य र वैषम्यहरू

(इ) पूर्वीय(पाश्चात्य रङ्गविधानका आधारभूत समानता र असमानता

(ई) नाटककार, नाटक, रङ्गकर्मी र प्रेक्षकको अन्त:सम्बन्ध; पूर्वी-पश्चिमी सन्दर्भको तुलनात्मक रूपरेखा

(८) नेपाली लोकनाट्यपरम्परा तथा नेपाली रङ्गमञ्चविधानको विकासप्रक्रिया र नवप्रवृत्ति

(अ) नेपाली लोकनाट्यको स्वरूप तथा यसको प्रारम्भ र विकासप्रक्रिया; नेपाली लोकनाट्यका विभिन्न धारा र शैलीहरू; नेपाली लोकनाट्यको वर्तमान अवस्था

(आ) नेपाली रङ्गमञ्चको विकासप्रक्रिया र नवप्रवृत्ति, नेपालीरङ्गमञ्चको आद्यरूप: डबली: मल्लकालीन नेपाली रङ्गमञ्च, माध्यमिक कालीन नेपाली रङ्गमञ्च: पारसी थिएटरको प्रभाव र निजत्व; आधुनिक नेपाली रङ्गमञ्चको आरम्भ र विकासप्रक्रियास मुख्य प्रयास, प्रवृत्ति, समस्या र उपलब्धि; नेपाली रङ्गमञ्चको वर्तमान अवस्था (परम्परावादी रङ्गमञ्च-प्रयोगवादी रङ्गमञ्च)

एकाइ ख) नेपाली नाट्यकृतिको सामूहिक रङ्गमञ्चप्रयोग:

कुनै एक नेपाली नाटक या लघुनाटकको रङ्गमञ्चप्रयोगका आधारमा नाट्यसिद्धान्त र रङ्गमञ्चका सैद्धान्तिक ज्ञान र प्राविधिक सीपलाई सामूहिक

स्तरमा प्रायोगिक रूपमा प्रस्तुत गर्नुपर्नेछ । त्यस्तो नाट्यकृति आफैद्वारा वा अरूद्वारा रचिएको पनि हुन सक्नेछ । रङ्गमञ्चप्रस्तुतिका क्रममा विभागद्वारा तोकिएका निर्देशकका अधीनमा रही नाट्यरचना, निर्देशन, अभिनय र मञ्चनसबन्धी विभिन्न पक्षको प्रायोगिक सामूहिक अभ्यास गर्नुपर्नेछ र त्यसको मूल्याङ्कन संबन्धित विभागले तोकेअनुसार हुनेछ । *यो पाठ्यांश नियमित विद्यार्थीहरूले मात्र संबन्धित विभागका स्वीकृतिमा लिन सक्नेछन्* र यस पाठ्यांशमा प्रवेश पाउने आधारसमेत विभागले तोक्नेछ ।

द्रष्टव्य:

यस पाठ्यांशको ५० अङ्को एकाइ (क) को २ घण्टे बाह्य लिखित परीक्षा हुनेछ भने ५० अङ्कै एकाइ (ख) को शिक्षणप्रशिक्षण प्रविधि, रङ्गमञ्चप्रस्तुतिको दर्ता, रङ्गमञ्चप्रयोगप्रस्तावको स्वरूप र रङ्गमञ्चप्रयोगसम्बन्धी तयारी र प्राभ्यास तथा अन्तिम प्रदर्शनको मूल्याङ्कनव्यवस्था नेपाली केन्द्रीय विभागले तोकेबमोजिम आन्तरिक र बाह्य दुवै प्रकृतिको हुनेछ र तदनुरूप सो मूल्याङ्कनको व्यवस्था चाहिं सम्बन्धित विभागहरूले स्वयं नै गर्नेछन् । मूल्याङ्कन-प्रयोजनका लागि गरिने प्रस्तुति सामान्यत: वार्षिक परीक्षातालिका समाप्त भएको महिना दिनसम्ममा भइसक्नुपर्नेछ ।

५. सहायक पुस्तक

१. भरत, *नाट्यशास्त्र* (अनु. गोविन्दप्रसाद भट्टराई) ने.रा.प्र. काठमाडौं
२. रामचन्द्रगुणचन्द्र, *नाटयदर्पण* (अनु.आचार्य विश्वेश्वर), दिल्ली विश्वविद्यालय, दिल्ली
३. धनञ्जय र धनिक, *दशरूपक,* चौखम्बा विद्याभवन, वाराणसी
४. डा. दशरथ ओझा, *हिन्दी नाटक: उद्भव और विकास,* राजपाल एण्ड सन्स, दिल्ली
५. डा. लक्ष्मीनारायण लाल, *पारसी हिन्दी रङ्गमञ्च,* राजपाल एण्ड सन्स, दिल्ली
६. मनोहर काले, *भारतीय नाट्यसौन्दर्य,* मेघप्रकाशन, दिल्ली
७. डा. नगेन्द्र (सम्पा.), *भारतीय नाट्यसाहित्य,* एसचन्द एण्ड कम्पनी, दिल्ली
८. डा. सुदर्शन मिश्र, *नाटयकला: प्राच्य एवं पाश्चात्य,* भारतमनीषा, वाराणसी
९. नेमिचन्द्र जैन, रंगदर्शन, *राधाकृष्ण प्रकाशन,* नयी दिल्ली
१०. डा. वासुदेव त्रिपाठी, *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा* (भाग १ र २) साझाप्रकाशन, काठमाडौं
११. गुमानसिंह चामलिङ, *एरिस्टोटल र उनको काव्यशास्त्र,* ने.रा. प्रज्ञाप्रतिष्ठान, काठमाडौं
१२. प्रचण्ड मल्ल, *नेपाली रङ्गमञ्च,* ने.रा.प्रज्ञाप्रतिष्ठान, काठमाडौं
१३. रत्नध्वज जोशी, *नेपाली नाटकको इतिहास,* ने.रा. प्रज्ञाप्रतिष्ठान, काठमाडौं
१४. घनश्याम उपाध्याय कंडेल, *पाश्चात्य यथार्थवादी नाटक,* काठमाडौं

१५. कुंवरजी अग्रवाल (सम्पा.), *आधुनिक नाटक का अन्वेषण,* मोतीलाल बनारसीदास, दिल्ली
१६. डा. कमलिनी मेहता, *नाटक और यथार्थवाद,* नागरीप्रचारिणी सभा, वाराणसी
१७. डा. मान्धाता ओझा, *हिन्दी समस्यानाटक,* नेशनल पब्लिसिड हाउस, दिल्ली
१८. अलाडाईस निकोल, *वर्ल्ड ड्रामा,* जर्ज. जी. हरफ एण्ड को लिमिटेड, लण्डन
१९. बाउनजोन रसेल, *मोडर्न ब्रिटिश ड्रामाटिस्ट ट्वेन्टिन्थ सेन्चुरी भ्युज,* नई दिल्ली प्रेन्टिस हल अफ इन्डिया प्रा.लि.
२०. मार्जोरी, बाउल्टन, *द एनाटोमी अफ ड्रामा,* लुधियाना कल्याणी पब्लिसर्स, दिल्ली
२१. जर्ज बर्नार्ड, *द क्विन्ट सेन्स अफ इबोर्निज्म*
२२. लक्ष्मीनाथ शर्मा, *चलचित्रकला,* साझाप्रकाशन, काठमाडौं
२३. कीर इलाम, *"द सेमिओटिक्स अफ थिएटर एण्ड ड्रामा",* मीथन एण्ड कम्पनी लि. लण्डन
२४. जयदेव तनेजा, *आज के हिन्दी रंगनाटक : परिवेश और परिदृश्य,* तक्षशिला प्रकाशन
२५. जयदेव तनेजा, *समकालीन हिन्दी नाटक और रंगमञ्च,* तक्षशिला प्रकाशन
२६. गोविन्द चातक, *नाट्यभाषा,* तक्षशिला प्रकाशन
२७. गोविन्द चातक, *रङ्गमञ्च कला औ दृष्टि,* तक्षशिला प्रकाशन
२८. लक्ष्मीनारायणलाल, *रंगमञ्च देखना और जानना,* सातवाहन पब्लिकेशन
२९. रीतारानी पालीवाल, *रङ्मञ्च नयां परिदृश्य,* लिपिप्रकाशन, दिल्ली
३०. नरनारायण राय, *नाट्यविमर्श,* सन्मार्गप्रकाशन, हापुड, यू.पी.
३१. डा. रामसेवक सिंह, *एब्सर्ड नाट्यपरम्परा,* अक्षरप्रकाशन, दिल्ली
३२. इन्द्रबहादुर राई, *दार्जीलिङ्ग नेपाली नाटकको अर्धशताब्दी प्रारम्भिक विवृति* साझा पुस्तक प्रकाशन, दार्जीलिङ्ग
३३. विजय मल्ल, *नाटक: एक चर्चा,* ने.रा.प्रज्ञाप्रतिष्ठान, काठमाडौं
३४. केशवप्रसाद उपाध्याय, *नाटक र रङ्गमञ्च,* रुमु प्रकाशन, काठमाडौं
३५. केशवप्रसाद उपाध्याय, *समको दु:खान्त नाट्यचेतना* (दो.सं.), साझा प्रकाशन, काठमाडौं
३६. माइकेल ग्रोडेन र मार्टिन केअसवर्थ (सं.) *द जोन हप्किन्स गाइड टु लिटरेरी थ्योरी एण्ड किटिसिज्म,* द जोन हप्किन्स युनिभर्सिटी प्रेस, बाल्टिमोर, लण्डन
३७. डा. भारतेन्दु द्विवेदी, *नाटयशास्त्र में आङ्गिक अभिनय,* विश्वभारती अनुसन्धान परिषद्, वाराणसी

६. सन्दर्भ सामग्री

उपलब्ध नेपाली नाटकप्रकाशन र प्रसिद्ध नेपाली साहित्यिक कृतिमा आधारित रेडियो रूपक, चलचित्र, टेलिचलचित्र र तिनका लिखित/प्रकाशितसमेत सामग्रीहरू

अनुवाद: सिद्धान्त, प्रविधि र अध्ययनपत्र: (१)
अनुवाद समूह - १

Nep.510-5

दसौं पत्र
पूर्णाङ्क: १००
वार्षिक पाठ्यभार: १५०

१. पाठ्यांशपरिचय

अनुवादका सिद्धान्त तथा प्रविधिको अध्ययन तथा नेपाली अनुवादकार्यको सर्वेक्षणका साथै प्रायोगिक अनुवादकार्य

२. पाठ्यांशको उद्देश्य

यस पाठयांशको अध्ययनबाट विद्यार्थीहरूले निम्नलिखित ज्ञान र सीप हासिल गर्नेछन्:

(क) अनुवादका अद्यावधिक सिद्धान्त र प्रविधिसंग परिचित भई प्रभावकारी अनुवादविधिको जानकारी प्राप्त गर्न

(ख) नेपाली अनुवादकार्य (विभिन्न भाषाहरूबाट नेपाली भाषामा अनूदित साहित्य र साहित्येतर वाङ्मय) को सर्वेक्षण गरी तिनका आधारभूत उपलब्धि र समस्याहरूबारे जानकारी प्राप्त गर्न

(ग) नेपालका राष्ट्रिय भाषा, संस्कृत भाषा र प्रमुख एशियाली एवं युरोप/अमेरिकाली भाषाका साहित्यिक वा साहित्येतर उत्कृष्ट कृतिको नेपाली अनुवादकार्य गर्न

३. एकाइविभाजन

क) अनुवाद: सिद्धान्त र प्रविधि (पा.घ. २, वार्षिक कक्षा ६०)

ख) नेपाली भाषासंग सम्बद्ध अनुवादकार्यको सर्वेक्षण (पा.घ. ०½,, वार्षिक कक्षा १५)

ग) अनुवादकार्यमा आधारित अध्ययनपत्र (पा.घ. २½, वार्षिक कक्षा ७५)

४. पाठ्यवस्तुविवरण

एकाइ क) अनुवाद: सिद्धान्त र प्रविधि

१) अनुवाद: स्वरूप र परिभाषा; विशेषता, विषय र क्षेत्र; उपयोगिता र चुनौती

२) अनुवादकलासम्बन्धी परम्परागत अवधारणा र विधि; नव अध्ययनविषयका रूपमा अनुवादविज्ञानका पृष्ठभूमि, प्रवृत्तिहरू; अनुवाद: पद्धति, विधि र प्रविधिहरू

३) अनुवादका प्रकार: विषयगत प्रकार तथा साहित्यिक र साहित्येतर अनुवाद; मानवीय र यान्त्रिक अनुवाद

४) अनुवाद र समानान्तरता, बहुसांस्कृतिक परिप्रेक्ष्य: मध्यस्थता र मरीचिका तथा त्यसको नियन्त्रणका सम्भावना

५) अनुवादकार्य र यसका समस्याहरू

(अ) अनुवादको उद्देश्य

(आ) अनुवादका लागि आवश्यक सामग्री

(इ) एकभाषिक, द्विभाषिक र बहुभाषिक शब्दकोशको उपयोग

(ई) पारिभाषिक / प्राविधिक शब्दावलीको प्रयोग

(उ) अनुवादको वस्तुनिष्ठता

(ऊ) अनुवादकका योग्यता

एकाइ ख) नेपाली भाषासंग सम्बद्ध अनुवादकार्यको सर्वेक्षण

१) परम्परा: संस्कृत भाषाका साहित्येतर र साहित्यिक ग्रन्थको अनुवाद/रूपान्तर (मुख्य प्रयास र दिशा: उपलब्धि, चुनौती र सम्भावना)

२) नेपाली भाषा र विभिन्न राष्ट्रिय भाषा (मैथिली, नेवारी, उर्दू आदि) का बीचको अनुवादकार्य: (मुख्य प्रयास र दिशा तथा उपलब्धि, चुनौती र सम्भावना)

३) नेपाली भाषा र बङ्गला, हिन्दी र असमिया भाषाका बीचको अनुवादकार्य (मुख्य प्रयास, दिशा, उपलब्धि, चुनौती र सम्भावना)

४) नेपाली भाषा र अङ्ग्रेजी भाषाका बीचको अनुवादकार्य : मुख्य प्रयास, दिशा, उपलब्धि, चुनौती र सम्भावना

५) नेपाली भाषा र विभिन्न वैदेशिक भाषाहरूका बीचको अनुवादकार्य (मुख्य प्रयास, दिशा, उपलब्धि, चुनौती र सम्भावना)

६) शिक्षा तथा ज्ञानविज्ञान र प्रविधि सञ्चार; प्रशासन र राजनीति; कानुन, आर्थिक कारोवार र अन्य विभिन्न सार्वजनिक प्रयोगक्षेत्रको नेपाली अनुवाद (प्रमुख प्रयास र प्रवृत्ति, चुनौती र उपलब्धि तथा सम्भावना र अपेक्षित संवर्द्धन कार्यका उपायहरू)

७) नेपाली एकभाषिक र द्विभाषिक-बहुभाषिक कोश तथा पारिभाषिक/प्राविधिक शब्दावली: विकासक्रम र वर्तमान स्थिति; मुख्य प्रवृत्ति, चुनौती र समस्याक्षेत्र ; सम्भावना र प्रवर्द्धनात्मक उपायहरू

एकाइ ग) अनुवादकार्यमा आधारित अध्ययनपत्र

१) अनुवादकार्यको भाषिक, विषयक्षेत्रगत र कृतिगत छनौट तथा अनुवादप्रस्ताव

(अ) यो पाठ्यांश लिन चाहने विद्यार्थीले प्रायोगिक कार्यका रूपमा संस्कृत भाषा, नेपालका राष्ट्रिय भाषाहरू वा वैदेशिक भाषारूमध्ये कुनै एक भाषाको साहित्यिक वा साहित्येतर विषयक्षेत्रको कुनै एक महत्वपूर्ण ग्रन्थ वा कम्तीमा दशवटा विधागत फुटकर कृतिहरूको अनुवाद नेपाली भाषामा गर्नुपर्नेछ । यस क्रममा मूल कृतिको भाषामा निजको सामान्य दखल प्रमाणित हुनुपर्नेछ र आवश्यक देखिएमा विभागले निर्धारित शुल्क लिई भाषिक र अनुवादात्मक क्षमताको सामान्य जांचसमेत लिन सक्नेछ ।

(आ) उक्त प्रायोगिक अनुवादकार्य गर्नका निम्ति सम्बन्धित विद्यार्थीले भाषिक, विषक्षेत्रगत र कृतिगत छनौटसहित अनुवादप्रस्ताव तयार गरी विभागमा दर्ता गर्नुपर्नेछ । *प्राइवेट परीक्षार्थीले पनि नेपाली स्नातकोत्तर पठनपाठन हुने कुनै विभागमा उक्त प्रस्ताव पेश गरी नामदर्ता गर्न सक्नेछन् ।*

२) अनुवादकार्यका निम्ति सामग्रीसङ्कलन, अनुवाद र परिमार्जन तथा टङ्कन, सिलाइ र विभागमा बाह्यमूल्याङ्कनप्रकियाका निम्ति प्रस्तुति

द्रष्टव्य:

(१) यस पाठ्यांशका एकाइ (क) र (ख) का ५० अङ्कका निम्ति दुई घण्टाको बाह्य लिखित परीक्षा हुनेछ ।

(२) यस पाठ्यांशको एकाइ (ग) को ५० अङ्कको प्रायोगिक अनुवादकार्य सम्बन्धी नेपाली ग्रन्थ वा सङ्कलन कम्तीमा ६० पृष्ठको हुनुपर्नेछ । सो अन्तर्गत अनुवादविधि र सन्दर्भसामग्री आदिको समेत उल्लेख हुनुपर्नेछ ।

(३) सामान्यत: *चालू शैक्षिक सत्रको वार्षिक परीक्षातालिकाको अवधि सकिएपछिको ३ महिनाभित्रै अनूदित कृति विभागमार्फत बाह्य मूल्याङ्कनका निम्ति बुझाउनुपर्नेछ ।* उक्त मूल्याङ्कनको शुल्क विभागद्वारा तोकिएबमोजिम हुनेछ ।

(४) अनुवादको आधिकारिकता र वस्तुनिष्ठता, भाषाशुद्धि र शैलीगत तथा प्रस्तुतिगत उपयुक्तता एवं प्रभावकारिताका आधारमा अनूदित कृतिको मूल्याङ्कन गरिनेछ । *उक्त अनुवादकृतिका ३ वा विभागले तोकेअनुसारका प्रति बाह्य मूल्याङ्कनका निम्ति प्रस्तुत गर्नुपर्नेछ ।*

(५) यस पाठ्यांशको एकाइ (ग) को अनुवादसंबन्धी प्रायोगिक कार्यको पूर्णाङ्क ५० को शिक्षण कक्षागत सामूहिक मार्गदर्शन, गोष्ठी र कार्यशालाको संचालन, सम्पर्ककक्षा आदि विधिका आधारमा संबन्धित शिक्षक वा शिक्षकहरूले गर्नेछन् र यसका निम्ति कुनै खास निर्देशक तोकिनेछैनन् ।

५. सहायक पुस्तक

१. थिओ हेमर्न्स, *द म्यानिपुलेसन अफ लिटरेचर,* क्रूमहेल्म लिमिटेड, लण्डन

२. पेटेर न्यूयोर्क, *एप्रोचेज टु ट्रान्सलेसन,* पेगार्मोन प्रेस, अक्सफोर्ड

३. इ. ए. निडा, *टुवार्डस ए साइन्स अफ ट्रान्सलेटिङ्ग,* इ. जी. ब्रिल, लिडेन

४. थिओडोर सभोरी, *द आर्ट अफ ट्रान्सलेसन स्टडिज,* अन इन्टिग्रेटेड एप्रोच, जीन बेन्जामिन पब्लिसिङ्ग कम्पनी, आम्स्टरडम

५. जर्ज स्टेइनर, *अफ्टर बाबेल: आस्पेक्ट अफ ल्याङ्ग्वेज एण्ड ट्रान्सलेसन,* ओयुपी, लण्डन

६. गिडेओन टाइरी (सं.), *ट्रान्सलेसन एक्रस कल्चर्स,* बहारी पब्लिकेसन्स, न्यू दिल्ली

७. लरेन्स भेनुटी (सम्पा.), *रिथिङ्किङ्ग ट्रान्सलेसन,* रुप्लेज, लण्डन

८. वोल्फ्रम विल्स, *द साइन्स अफ ट्रान्सलेसन: प्रोब्लेम्स एण्ड मेथड्स,* गुन्टेर नार भर्लेग, टुबिन्गेन
९. मिचेल ग्रोडेन र मार्टिन केइस्वर्थ, *द जोन हप्किन्स गाइड टु लिटरेरी थ्योरी एण्ड किटिसिज्म,* द जोन हप्किन्स युनिभर्सिटी प्रेस, वाल्टिमोर, लण्डन
१०. जे.सी. क्याटफोर्ड, *लिङ्गुइस्टिक्स थियरी अफ ट्रान्सलेसन,* ओ.यु.पी.
११. हेरोल्ड बी. एलेन, *रिडिङस् इन् अप्लाइड लिङ्गुइस्टिक्स,* भारतीय संस्करण
१२. डी.पी. पटनायक, *आस्पेक्टस् अफ अप्लाइड लिङ्गिविस्टिक्स,* बम्बइ एसिया पब्लिसिड हाउस,
१३. डा. राजमल वोरा, *अनुवाद क्या है,* वाणीप्रकाशन, नई दिल्ली
१४. डा. सुरेश कुमार, *अनुवाद सिद्धान्त की रूपरेखा,* वाणीप्रकाशन, नई दिल्ली,
१५. डा. आरसु, *साहित्यानुवाद: संवाद और संवेदना,* वाणीप्रकाशन, नई दिल्ली,
१६. चन्द्रभान रावत, दिलीप सिंह, *अनुवाद: अवधारणा और अनुप्रयोग,* नेशनल पब्लिशिड हाउस, नयी दिल्ली,
१७. रवीन्द्रनाथ श्रीवास्तव, कृष्ण कुमार, *अनुवाद: सिद्धान्त और समस्याएं,* आलेख प्रकाशन, दिल्ली,

लोकसाहित्य र अध्ययनपत्र (२)
लोकसाहित्यसमूह - १

Nep.510-6

दसौं पत्र
पूर्णाङ्क: १००
वार्षिक पाठ्यभार: १५०

१. पाठ्यांशको परिचय

लोकसाहित्यका सिद्धान्त र अध्ययनपद्धतिका साथै नेपाली लोकसाहित्यका प्रमुख विधा एवं अध्ययनकार्यको ज्ञान र नेपाली लोकसाहित्यसम्बन्धी अध्ययनकार्यमा आधारित प्रतिवेदन (अध्ययनपत्र) को लेखन

२. पाठ्यांशको उद्देश्य

यस पाठयांशको अध्ययनबाट विद्यार्थीहरूले निम्नलिखित ज्ञान, क्षमता र सीप प्राप्त गर्नेछन्:

(क) लोकसाहित्यका प्रमुख सिद्धान्त र अध्ययनपद्धतिहरूको जानकारी प्राप्त गर्न र तिनका आधारमा नेपाली लोकसाहित्यको प्रभावकारी अध्ययनका सीप र क्षमता प्राप्त गर्न

(ख) नेपाली लोकसाहित्यका प्रमुख विधा-उपविधाहरूका स्वरूप, तत्व र प्रकारहरूको ज्ञान प्राप्त गर्न

(ग) लोकसाहित्यका सिद्धान्त र अध्ययनपद्धतिका आधारमा नेपाली लोकसाहित्यका विधागत कृतिहरूको सङ्कलन र विश्लेषणात्मक अध्ययन गरी त्यसमा प्रतिवेदनका रूपमा अध्ययनपत्र प्रस्तुत गर्न

३. एकाइविभाजन

क) लोकसाहित्यका प्रमुख मान्यता र अध्ययनपद्धति तथा नेपाली लोकसाहित्य (पा.घ. २½, वार्षिक कक्षा ७५)

ख) नेपाली लोकसाहित्यसम्बन्धी प्रायोगिक कार्यमा आधारित अध्ययनपत्र (पा.घ. २½, वार्षिक कक्षा ७५)

४. पाठ्यवस्तुविवरण

एकाइ क) लोकसाहित्यका प्रमुख मान्यता र अध्ययनपद्धति तथा नेपाली लोकसाहित्य

१) लोकसंस्कृति र लोकगीतका परिप्रेक्ष्यमा लोकसाहित्य, शिष्टलिखित साहित्यका परिप्रेक्ष्यमा मौखिक लोकसाहित्य, लोकसाहित्य: विभिन्न नामकरण, स्वरूप र विशेषता तथा तत्व, ज्ञानका विभिन्न शाखासंग लोकवार्ताविज्ञानको सम्बन्ध र लोकसाहित्यको सान्दर्भिकता

२) विधासिद्धान्त र लोकसाहित्यका विधाहरू

३) नेपाली लोकसाहित्यका प्रमुख विधा-उपविधाको वर्गीकरण, विधासिद्धान्तका परिप्रेक्ष्यमा नेपाली लोकगीत र गाथा, लोकनाट्य, लोककथा, लोकपद्य र लोकोक्ति आदिका स्वरूप, तत्व र प्रकारहरू

४) लोकवार्ता अध्ययनको विकासक्रमको ऐतिहासिक रूपरेखा र वर्तमान प्रवृत्तिहरू, लोकसाहित्यिक अध्ययनका प्रमुख सिद्धान्त र पद्धतिहरू; ऐतिहासिक, भौगोलिक पद्धति र तुलनात्मक अध्ययनविधि;

संरचनात्मक पद्धति, मनोविश्लेषणात्मक पद्धति, सन्दर्भपरक पद्धति (मूलभूत मान्यता, वाक्यिाको जातित्व, परम्परा र परिस्थितिका सन्दर्भमा लोकवार्ताको सम्पादन)

५) साहित्यिक सिद्धान्त, समालोचनापद्धति र शोधपद्धतिका परिप्रेक्ष्यमा लोकसाहित्यका विधागत कृतिको अध्ययनपद्धति; संस्कृत काव्यशास्त्रीय विभिन्न पद्धतिहरू; पाश्चात्य साहित्यशास्त्रीय र अन्तर्विषयक विभिन्न पद्धतिहरू (नीतिवाद, समाजपरक समालोचनाका सन्दर्भमा मार्क्सवादी समालोचना, मनोविश्लेषणात्मक र आदिमतापरक समालोचना, विधा र सङ्गथन तथा रूप-संरचना र शैली एवं भाषासम्बन्धी विभिन्न समालोचनामान्यता), एकल र बहुल अध्ययनपद्धतिको प्रयोगको लाभ, चुनौती र सीमाहरू

६) लोकसाहित्यिक अध्ययनको क्षेत्रीय कार्य: उद्देश्य, औचित्य, योजना, पूर्वतयारी, आधारभूत मान्यता तथा पद्धति एवं प्रक्रिया

७) नेपाली लोकसाहित्यको अध्ययनपरम्परा र यसका वर्तमान प्रवृत्तिहरू

एकाइ ख) नेपाली लोकसाहित्यसम्बन्धी प्रायोगिक कार्यमा आधारित अध्ययनपत्र

१) प्रारम्भिक अध्ययनकार्य र अध्ययनप्रस्ताव

(क) नेपाली लोकसाहित्यका अध्ययनका निम्ति प्रादेशिक र विधागत क्षेत्र र छनौट पक्षको तत्सम्बन्धी पूर्वकार्यसंग सम्बद्ध सामग्रीको सङ्कलन तथा अध्ययन एवं समीक्षा, लोकसाहित्यिक अध्ययनपत्रका निम्ति शीर्षकचयन, विषयगत/अन्तर्विषयक वा एकल/बहुल अध्ययन पद्धतिको निर्धारण, अध्ययनप्रस्तावलेखन (यसका अङ्गहरू सामान्यत: शोधप्रस्तावकै अनुरूप हुनेछन्) अध्ययनप्रस्तावको टङ्कन र विभागमा प्रस्तुति, अध्ययनकार्यको तयारी

२) क्षेत्रीय कार्यका आधारमा सामग्रीको सङ्कलन र व्यवस्थापन, विश्लेषण र सामान्यीकरण, अध्ययनपत्रको मस्यौदा र परिमार्जन, टङ्कन, सिलाइ र विभागमार्फत बाह्य मूल्याङ्कनप्रक्रियाका निम्ति ४ प्रति अध्ययनपत्रको प्रस्तुति (अध्ययनपत्रका स्वरूप र ढांचा सामान्यत: शोधपत्रकै अनुरूप हुनेछन्)

द्रष्टव्य:

१) यस पाठ्यांशको एकाइ (क) को ५० अङ्कका निम्ति दुई घण्टाको बाह्य लिखित परीक्षा हुनेछ ।

२) यस पाठ्यांशको प्रायोगिक कार्यात्मक एकाइ (ख) को ५० अङ्कका निमित्त माथि उल्लेख गरिएबमोजिम अध्ययनपत्र प्रस्तुत गर्नुपर्नेछ र त्यसको बाह्य मूल्याङ्कन हुनेछ । *उक्त अध्ययनपत्रका टङ्कित ३ वा विभागले तोकेअनुसारका प्रति सामान्यतया सो सत्रका वार्षिक परीक्षा तालिकाको समयावधि सकिएको मितिले ३ महिनाभित्र प्रस्तुत गर्नुपर्नेछ* र त्यो कम्तीमा ५० पृष्ठको हुनुपर्नेछ । बाह्य मूल्याङ्कनको शुल्क विभागद्वारा तोकिएबमोजिम हुनेछ ।

३) उक्त अध्ययनपत्रसम्बन्धी प्रस्ताव प्राइवेट विद्यार्थीले नेपाली स्नातकोत्तर पठनपाठन हुने कुनै विभागमा पेस गरी आफ्नो नामदर्ता गर्न सक्नेछन्।

४) यस पाठ्यांशको एकाइ (ख) को नेपाली लोकसाहित्यसंबन्धी प्रायोगिक कार्यको पूर्णाङ्क ५० को शिक्षण कक्षागत सामूहिक मार्गदर्शन, गोष्ठी र कार्यशालाको संचालन, सम्पर्ककक्षा आदि विधिका आधारमा संबन्धित शिक्षक वा शिक्षकहरूले गर्नेछन् र यसका निम्ति कुनै निर्देशक तोकिनेछैनन् ।

५. सहायक ग्रन्थहरू:

१. चौथो पत्रको लोकसाहित्य र दोस्रो पत्रको शोधका निम्ति प्रस्तावित सबै पुस्तकहरू

२. सत्यमोहन जोशी, *हाम्रो लोक संस्कृति,* रत्नपुस्तक भण्डार, काठमाडौं

३. राहुल सांकृत्यायन, *हिन्दी साहित्यका बृहत् इतिहास* (सोह्रौंभाग) नागरी प्रचारिणी सभा, वाराणसी

४, सत्येन्द्र, *लोकसाहित्यविज्ञान,* शिवलाल अग्रवाल एण्ड कम्पनी, आगरा

५, मुनरो एस. एन्डर्सन, *लोर: एन इन्ट्रोडक्सन टु द साइन्स अफ फोक्लोर आएण्ड लिटरेचर,* होल्ड रिनेहार्ट आएण्ड विन्स्टन

६, एलान डुन्डेस, *दि स्टडी अफ फोक्लोर,* इगलाद क्लिक् प्रेन्टिसहल इन्क

७, आर्थक टेलर, *इगलिक रोडल्स फ्रम ओरल टेडिसन बनले,* लस एन्जेलस, युनिभर्सिटी अफ क्यालिफोर्निया प्रेस

८, स्टेथ थोमसन, *द फोक्टेल,* होल्ट राइन हार्ट आयन्ड विन्सटन इन्क

९, मिचेल ग्रोडेन तथा मार्टिन केइसवर्थ (सम्पा.) *द जोन हाप्किन्स गाइड टु लिटरेरी थ्योरी एण्ड किटिसिज्म,* द जोन हप्किन्स युनिभर्सिटी प्रेस, वाल्टिमोर, लण्डन

१०, सोमनाथ शर्मा, *साहित्यप्रदीप,* साझा प्रकाशन, काठमाडौं

११, वासुदेव त्रिपाठी, *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा,* भाग १ र २, साझा प्रकाशन, काठमाडौं

तुलनात्मक साहित्यसिद्धान्त र अध्ययनपत्र (३)
समालोचना समूह -१

Nep.510-7

दसौं पत्र
पूर्णाङ्क: १००
वार्षिक पाठ्यभार: १५०

१. पाठ्यांशपरिचय

साहित्यसमालोचनाको तुलनात्मक पद्धतिका सन्दर्भमा तुलनात्मक साहित्यसम्बन्धी आधारभूत सिद्धान्त, पद्धति र प्रयोगहरूको अध्ययनका साथै तुलनात्मक साहित्यसम्बन्धी प्रायोगिक कार्य

२. पाठ्यांशको उद्देश्य

यस पाठ्यांशको अध्ययन र प्रयोगात्मक कार्यबाट विद्यार्थीहरूले निम्नलिखित ज्ञान र सीपगत दक्षता प्राप्त गर्नेछन्:

(क) समालोचनाको परम्परागत तुलनात्मक पद्धति र यसका प्रायोगिक पक्षका सम्बन्धमा ज्ञान प्राप्त गर्न

(ख) तुलनात्मक साहित्यसम्बन्धी पाश्चात्य सिद्धान्त र पद्धति तथा प्रमुख सम्प्रदायबारे ज्ञान र सीप प्राप्त गर्न

(ग) भारतीय र नेपाली परिप्रेक्ष्यमा भएका तुलनात्मक साहित्यसम्बन्धी समालोचनाकार्य र शोधकार्यबारे जानकारी प्राप्त गर्न

(घ) नेपालमा नेपाली भाषा र अन्य भाषाका साहित्यसंग सम्बद्ध र नेपाली भाषा र पूर्वीय-पाश्चात्य (विश्व) साहित्यसंग सम्बद्ध तुलनात्मक साहित्यिक समालोचना तथा शोधकार्यसम्बन्धी प्रायोगिक कार्य गर्न

३. एकाइविभाजन

क) समालोचनाको तुलनात्मक पद्धति तथा तुलनात्मक साहित्यसिद्धान्त र यसका विभिन्न पद्धति एवं सम्प्रदाय (पा.घ. २, वार्षिक कक्षा ६०)

ख) तुलनात्मक साहित्यसम्बन्धी भारतीय र नेपाली प्राज्ञिक कार्यको रूपरेखा (पाठघण्टा ०½, वार्षिक कक्षा १५)

ग) तुलनात्मक साहित्यसम्बन्धी प्रायोगिक कार्यमा आधारित अध्ययनपत्र (पा.घ. २½, वार्षिक कक्षा ७५)

४. पाठ्यवस्तुविवरण

एकाइ क) समालोचनाको तुलनात्मक पद्धति तथा तुलनात्मक साहित्यसिद्धान्त र यसका विभिन्न पद्धति एवं सम्प्रदाय

१) पृष्ठभूमि र ऐतिहासिक रूपरेखा

(अ) प्राचीन ग्रीस र रोम तथा युरोपेली राष्ट्रवाद, उपनिवेशकाल र विश्वसम्पर्क तथा उत्तरउपनिवेशकालीन तृतीय विश्वचेतनाको ऐतिहासिक सन्दर्भ; प्राचीन ग्रिसेली-रोमेली काव्यशास्त्र र रङ्गमञ्च तथा समालोचनापद्धतिका सन्दर्भमा कृतिगत र स्रष्टागत तुलनात्मक मूल्याङ्कनका प्रसङ्गहरू; लन्जाइनसद्वारा गरिएको ग्रिसेली र ल्याटिन साहित्यको तुलनात्मक सन्दर्भ; प्राचीन (ग्रिसेली ल्याटिन) साहित्य र

नव्य युरोपेली भाषाका साहित्यका बीचको तुलनात्मक सन्दर्भका ऐतिहासिक साक्ष्य तथा नवपरिष्कारवादी र स्वच्छन्दतावादी युरोपेली विद्वान्हरूका अवधारणा; युरोपेली काव्यशास्त्र, समालोचनापद्धति र प्रायोगिक समालोचनामा तुलनात्मक समालोचनाविधिको प्रयोग र त्यसका सीमाहरू; नेपोलियनयुद्धोत्तर मेटेर्निक प्रणाली र युरोपएकीकरणको आदर्श तथा अमेरिकाली विडरो विल्सनको एकविश्वअवधारणाको प्रभाव; इटालेली विको विङ्केलमन र थोमसब्लाक बेलका सांस्कृतिक मान्यता र जातीय, प्रादेशिक एवं युगीन तुलनापद्धति; जर्मन महाकवि गोथेका विश्वसाहित्य र राष्ट्रिय साहित्यका अवधारणा तथा हेगेलका युगचेतना र समूहचेतना एवं इतिहासवाद र जर्मन राष्ट्रवादका सन्दर्भमा श्लेगेल र हेर्डरका राष्ट्रिय साहित्य, इतिहास र तुलनात्मक साहित्यअवधारणा; सेन्तब्युभ, तेन, ब्रुन्तायर आदिको इतिहासवाद र सापेक्षतावाद तथा अर्नेस्त रैनाका विजातीय तत्व, मुक्तिवादका सन्दर्भमा फ्रान्सेली विद्वान्हरूको तुलनात्मक साहित्यसम्बन्धी सम्मिलित कार्य;

(आ) युरोपका विभिन्न नव्य भाषाको साहित्यिक इतिहासलेखनको क्रम र तुलनात्मक समालोचनाविधिको प्रयोग; अन्तर्युरोपेली र पूर्वीपश्चिमी प्राज्ञिक सम्पर्कक्रमका सन्दर्भमा युरोपेली र अन्य महाद्वीपका विभिन्न भाषाका पुराना र नयां साहित्यको अनुवाद र पठनको क्रम तथा अन्तर्भाषिक तुलनात्मक साहित्यिक अध्ययनका प्रयासहरू, उत्तरउपनिवेशकाल र तुलनात्मक साहित्यिक अध्ययनका प्रमुख नवीन सन्दर्भ र प्रयासहरू; अन्तर्राष्ट्रिय तुलनात्मक साहित्यपरिषद्को स्थापना र प्रमुख प्राज्ञिक तथा प्रसारात्मक गतिविधि र विभिन्न राष्ट्रहरूमा त्यसको प्रभाव एवं प्रसारका साथै त्यहां भएका प्रमुख प्राज्ञिक कार्यहरू

२) तुलनात्मक साहित्यिक अध्ययनका स्वरूप, क्षेत्र एवं त्यसका प्रमुख सम्प्रदाय तथा तिनका मान्यता

(क) तुलनात्मक साहित्यका स्वरूप, क्षेत्र, लक्ष्य र प्रयोजन

(अ) साहित्यका विश्वजनीनता, मानवीयता, सामान्यता र साहित्यिकताका अपेक्षाका सन्दर्भमा एउटै विश्वसाहित्यको अवधारणा र यस मान्यतासंग सम्बद्ध सहमति एवं असहमति; समष्टि विश्वसाहित्य र बहुल-व्यष्टिगत राष्ट्रिय साहित्यका अवधारणा; विश्वसाहित्य र राष्ट्रिय साहित्यका द्वन्द्व र पूरकताका मान्यता एवं बहुभाषिक र बहुसाहित्यिक राष्ट्रभित्रको साहित्यिक राष्ट्रियता;

(आ) समालोचनाका पद्धति र प्रायोगिक कार्यका अङ्गका रूपमा तुलनात्मक साहित्यिक अध्ययनका स्वरूप र मुख्य विशेषता तथा परिभाषा; तुलनात्मक साहित्यिक अध्ययनका द्विभाषिक, बहुभाषिक क्षेत्रसम्बन्धी मतभेद; मौलिक रचनाको पठन र

अनुवाद (प्रत्यक्ष, अप्रत्यक्ष र विकृत नकारात्मक अनुवाद) का सन्दर्भमा तुलनात्मक साहित्यको स्वरूप, शक्ति र सीमा; तुलनात्मक साहित्यका युरोपेली, युरोप -अमेरिकाली, पूर्वी-पश्चिमी अन्तर्महाद्वीपीय-उपमहाद्वीपीय समान स्रोतभाषागत, औपनिवेशिक र उत्तर-औपनिवेशिक अन्तर्भाषिक र राष्ट्रिय बहुभाषिक, साहित्यविषयक र अन्तर्विषयक, तुलनात्मक साहित्यिक अध्ययनका स्वरूप, शक्ति र सीमा; तुलनात्मक साहित्यिक अध्ययनका प्रमुख परिप्रेक्ष्यहरू: (१) भाषागत, (२) स्थानगत, (३) कालगत इतिहासपरक, निरन्तरता, नवप्रर्वतन र बहुल अन्तराल र विच्छेदका सन्दर्भमा कालविभाजन एवं कालविशेषसम्बन्धी, (४) कृतिपरक र स्रष्टापरक, (५) विधागत, उपविधागत र अन्तर्विधागत, (६) सिद्धान्त, वाद र प्रवृत्तिसंग सम्बद्ध, (७) वातावरणीय सामाजिक, सांस्कृतिक, वैचारिक, राजनैतिक, आर्थिक र समस्रोतपरक, (८) सौन्दर्यात्मक एवं मूल्यगत र स्थाननिर्धारणात्मक;

(इ) तुलनात्मक साहित्यिक अध्ययनका आधारभूत दिशा र लक्ष्य (१) अनुकरण-अपहरण र मौलिकता एवं श्रेष्ठतासम्बन्धी तुलना, (२) प्रभाविता र प्रत्यक्ष-अप्रत्यक्ष प्रभावग्रहण एवं प्रतिप्रभाव तथा मौलिकीकरण र श्रेष्ठता (स्वत्व र प्रतिष्ठा) सम्बन्धी तुलना, (३) सादृश्य-असादृश्यसम्बन्धी समानान्तर अध्ययन र मौलिक सौन्दर्यप्राप्तिसम्बन्धी तुलना;

(ई) तुलनात्मक साहित्य र साहित्यसिद्धान्त तथा ज्ञानका अन्य विभिन्न शाखाको बीचको सम्बन्ध: (१) तुलनात्मक साहित्यिक अध्ययनमा विभिन्न साहित्यसिद्धान्त र समालोचनापद्धतिको एकल वा बहुल अनुकूलित प्रयोग, (२) तुलनात्मक साहित्य र ज्ञानका विभिन्न शाखाका बीचको अन्तर्विषयक सैद्धान्तिक र प्रयोगात्मक पक्ष, (३) तुलनात्मक साहित्यिक अध्ययनको आफ्नो पद्धति र त्यसका विशेषता

(उ) तुलनात्मक साहित्यिक अध्ययनका प्रमुख प्रयोजनहरू: (१) साहित्यिक प्रतिमान स्थापना र सैद्धान्तिकीकरण, (२) समभाषिक र समसांस्कृतिक स्रोतगत साहित्यिक तथ्य र साहित्यिकताको पहिचान, (३) साहित्यिक समालोचना र सौन्दर्यचेतनाको सम्भावनाका विस्तार र प्रविधि पक्ष, (४) अन्य विषयगत/अन्तर्विषयक साहित्यअध्ययनका सम्भावना र प्रविधि-पक्षका सादृश्य/असादृश्य र (५) गैरभाषिक वा साहित्येतर कलाका तुलनामा साहित्यिकअध्ययनविधिको विस्तार र त्यसका प्रविधिपक्ष, साहित्य र अन्य साञ्चारिक माध्यमसम्बन्धी अध्ययनविधि र प्रविधिपक्ष,

(ऊ) तुलनात्मक साहित्यिक अध्ययनका क्रममा प्रभावअभिलेखनका प्रमुख सामग्री: (१) जीवनी, दैनिकी र आत्मकथा, (२) प्रकाशित रचना र पाण्डुलिपि, (३) पत्राचार, (४) पुस्तकसमीक्षा, (५) साहित्येतिहास, (६) समालोचना, (७) साहित्यकोश, (८) विश्वकोश, शब्दको आदि

(ऋ) तुलनात्मक साहित्यिक अध्ययनका सन्दर्भहरू: (१) समयगत समकालिकता, अग्रता र पश्चता, (२) स्थानगत निकटता र दूरी, (३) प्रत्यक्ष-अप्रत्यक्ष सम्पर्क र प्रभाव तथा उत्प्रेरणा, (४) मूल रचनापठन र प्रत्यक्ष-अप्रत्यक्ष तथा अनुवादात्मक पठन, (५) सम्पर्क र प्रभावका बाह्य र आन्तरिक कृतिगत साक्ष्य र प्रमाण, (६) सम्पर्क र प्रभावको स्पष्ट साक्ष्यरहित सौन्दर्यगत समानान्तरता र निकटता

(ख) तुलनात्मक साहित्यिक अध्ययनका प्रमुख पर्याधार, सम्प्रदाय र तिनका आधारभूत मान्यता

(अ) युगचेतना र इतिहासवाद एवं नवइतिहासवादका अवधारणा; समूहचेतना, जातिवाद, प्रदेशवाद र राष्ट्रवादका साथै विश्ववाद/अन्तर्राष्ट्रियतावाद र मानवतावादका अवधारणा; तुलनात्मक समालोचना र साहित्येतिहासका अवधारणा; मानवशास्त्रीय सांस्कृतिक सापेक्षतावाद, परिप्रेक्ष्यवाद, स्वत्व एवं अन्यता तथा मूलसंस्कृति र गौण संस्कृतिका अवधारणा; सांस्कृतिक बहुपद्धतीय समरूपता र विरुद्धताका अवधारणा; उपनिवेशवाद र उत्तरउपनिवेशवादका अवधारणा; सङ्केतविज्ञान तथा रूपवादी र संरचनावादी काव्यशास्त्रका अवधारणा; परिघटनापरक र पाठकपरक समालोचनापद्धतिका बहुल अवधारणाका सन्दर्भमा ग्रहणशीलतासिद्धान्त, प्रभाव र प्रभावतनाव एवं पितृबिम्बसिद्धान्त;

(आ)तुलनात्मक साहित्यिक अध्ययनको फ्रान्सेली सम्प्रदाय: (१) परम्परा र विकास प्रक्रिया; रेने इटिएम्बलको तुलनात्मक साहित्यसम्बन्धी मान्यता; रेने वेलेक र अमेरिकाली सम्प्रदायसंग फ्रान्सेली सम्प्रदायको मतभिन्नता, फ्रान्सेली तुलनात्मक साहित्यका प्रमुख मान्यता, पद्धति, कार्य एवं तिनका उपलब्धि र सीमा,

(इ) रेने वेलेक र तुलनात्मक साहित्यिक अध्ययनको अमेरिकाली सम्प्रदाय: (१) रेने वेलेकका साहित्यिक सिद्धान्त र समालोचनापद्धति तथा साहित्येतिहाससम्बन्धी स्थापनाका सन्दर्भमा उनका तुलनात्मक साहित्यसम्बन्धी प्रमुख मान्यता; (२) अमेरिकाली तुलनात्मक साहित्यका परम्परा र विकासप्रक्रिया तथा त्यसका आधारभूत पद्धति एवं तिनका उपलब्धि र सीमा:

(ई) पूर्वयुरोपेली तुलनात्मक साहित्यअध्ययन:(१) परम्परा र विकासप्रक्रिया; (२) प्रमुख अध्ययनकर्ता र तिनका मान्यता, पद्धति एवं कार्य;

(उ) उत्तरउपनिवेशवादी समालोचनाका सन्दर्भमा तुलनात्मक साहित्यिक अध्ययनका नवप्रवृत्तिहरू (१) पूर्ववाद; तृतीय विश्वअध्ययन; राष्ट्रमण्डलीय अध्ययन; ल्याटिन अमेरिकाली अध्ययन; अफ्रिकाली काला जातिसम्बन्धी र रङ्गभेदविरोधी अध्ययन; आन्तरिक उपनिवेशीकरण र अल्पसङ्ख्यक तथा प्रतिरोधी समूहसम्बन्धी अध्ययन; दोहोरो उपनिवेशसिद्धान्त र नारीवादी अध्ययन; नवमार्क्सवादी अध्ययन र नवइतिहासवादअन्तर्गतका तुलनात्मक साहित्यिक अध्ययनसम्बन्धी प्रमुख सिद्धान्त पद्धति, कार्य एवं तिनका शक्ति र सीमा ।

३) तुलनात्मक साहित्यिक अध्ययनका सैद्धान्तिक मानदण्डका सन्दर्भमा प्रमुख साहित्यसिद्धान्त

(क) *रूपतत्व:* एरिस्टोटलका काव्यशास्त्रीय मान्यता, भरतको नाट्यशास्त्रीय मान्यता, अलङ्कारवाद, रूपवाद, संरचनावाद र विसंरचनाका प्रमुख मान्यता र पद्धति

(ख) *अर्थ र भाव:* एरिस्टोटलको काव्यशास्त्रीय अनुकरणवाद, रसवाद र ध्वनिवाद, यथार्थवाद, इम्पसनको बहुवर्थकतावाद, नवसमालोचना र पाठव्याख्याका सघन पाठगत अर्थ

(ग) *शैली:* उक्ति, सङ्गथन र आख्यानका मान्यता, रीति, वक्रोक्ति, प्रतीक, बिम्ब र शैलीविज्ञान

(घ) *सन्दर्भ:* समाजशास्त्रीय, मार्क्सवादी, मनोविश्लेषणात्मक र आद्यबिम्बात्मक

(ङ) *कतिपय प्रमुखवाद:* यथार्थवाद र यसको नियति, प्रतीकवादको परम्परा र उत्तराधिकार, अभिव्यञ्जनावाद, विसङ्गतिवाद र अस्तित्ववाद

(च) *विधाविकास र नवप्रवृत्ति:* (क) कविता: चोखो कविता र यसका विविध प्रकार, मिश्रित कविता र यसका विविध प्रकार, अकविता र रिपोर्ताज कविता, (ख) आख्यान : बृहत् आख्यानविघटन, बहुकेन्द्रकता र बहुत्व, अउपन्यास, अकथा, (घ) नाटक: क्रूर महाकाव्यात्मक, विसङ्गत, आलोचनात्मक र वृत्तचित्रात्मक रङ्गमञ्च

(छ) *विषयवस्तु:* ऐकान्तिक मनुष्य र अतर्कसङ्गत विश्व; राजनीति, अपराध र हिंसा; यान्त्रिकता र आदिमता; आर्थिक वैषम्य र प्राचुर्य आदि

एकाइ ख) तुलनात्मक साहित्यसम्बन्धी भारतीय र नेपाली प्राज्ञिक कार्यको रूपरेखा

१) भारतमा विश्वसाहित्यचेतना र तुलनात्मक साहित्यिक अध्ययनको चेतनाको उन्मेष; तुलनात्मक साहित्यिक अध्ययनका क्षेत्रमा भारतमा

भएका संस्थागत प्रयास र प्रमुख प्राज्ञिक कार्य; भारतका राष्ट्रिय र अन्तर्राष्ट्रिय अन्तर्भाषिक तुलनात्मक साहित्यिक अध्ययनका स्वरूप पद्धति, उपलब्धि र सीमा

२) नेपालमा तुलनात्मक साहित्यिक अध्ययनका उत्प्रेरणा र प्रयासहरू ; नेपालमा स्रोतभाषापरक, राष्ट्रभाषा र राष्ट्रिय भाषासम्बन्धी एवं अन्तर्राष्ट्रिय तुलनात्मक साहित्यिक अध्ययनका आवश्यकता र सम्भावनाहरू

एकाइ ग) तुलनात्मक साहित्यसम्बन्धी प्रायोगिक कार्यमा आधारित अध्ययनपत्र

१) तुलनात्मक साहित्यिक अध्ययनका निम्ति क्षेत्रछनोट र शीर्षकचयन (अ) नेपाली भाषा र संस्कृत भाषा, (आ) नेपाली भाषा र नेपालका कुनै राष्ट्रिय भाषाका वा (इ) नेपाली भाषा र एशियाली/ युरोप/ अमेरिकाली/ अफ्रिकाली कुनै भाषाका साहित्यिक कृति र लेखक वा साहित्यिक विधा, युग, धारा, वाद, प्रवृत्ति वा पक्षविशेषसम्बन्धी विषयगत/ अन्तर्विषयक क्षेत्रबाट तुलनात्मक साहित्यिक अध्ययनका निम्ति उपयुक्त कुनै एक शीर्षकको चयन गर्ने ; यस क्रममा सम्बन्धित पाठ्यांश शिक्षक/शिक्षकहरूले कक्षा-शिक्षण, अभ्यासशिक्षण र सम्पर्ककक्षा, गोष्ठी आदिमार्फत तुलनात्मक अध्ययनकर्ताहरूलाई मार्गदर्शनका साथै सामूहिक परामर्शप्रदान गर्नेछन् । क्षेत्रछनौट गरी शीर्षकचयन गर्ने सन्दर्भमा पूर्वकार्य र सम्भाव्यताको प्रारम्भिक सर्वेक्षण आवश्यक हुनेछ ।

२) प्रारम्भिक कार्य, तुलनात्मक अध्ययनप्रस्तावनिर्माण र त्यसको प्रस्तुति सम्बन्धित विभागमा तुलनात्मक अध्ययनको शीर्षक दर्ता भएपछि अध्ययनकर्ताहरूले उपलब्ध सामग्री र सम्बद्ध शिक्षकहरूबाट कक्षाशिक्षण, अभ्यासशिक्षण, सम्पर्क कक्षा, गोष्ठी, कार्यशाला आदिमार्फत प्राप्त मार्गदर्शन र परामर्शसमेतका आधारमा सम्बन्धित तुलनात्मक अध्ययनको शीर्षकसम्बन्धी पूर्वकार्य र उपलब्ध सामग्रीको प्रारम्भिक छानबिन गरी तुलनात्मक अध्ययन प्रस्ताव तयार गरी विभागमा प्रस्तुत गर्नु पर्नेछ । उक्त तुलनात्मक अध्ययन प्रस्तावमा सामान्यतया यी कुराहरूको समावेश हुनुपर्नेछ: शीर्षकको चिनारी, प्रयोजन र औचित्य; समस्या, उद्देश्य, पूर्वकार्यहरूको समीक्षा; प्राक्कल्पना, सीमाङ्कन, पुस्तकालयीय र क्षेत्रीय सामग्री-सङ्कलनविधि, सिद्धान्त र परिप्रेक्ष्यस पद्धति र प्रविधि; अध्ययनपत्रको रूपरेखा, अवधि र लागत, जनशक्ति, सन्दर्भसामग्रीविवरण आदि । *प्राइवेट परीक्षार्थीहरूले पनि नेपाली स्नातकोत्तर पठन(पाठन हुने कुनै विभागमा सम्पर्क राखी क्षेत्र, शीर्षक चयन-प्रशिक्षण आदि प्रक्रियासहित अध्ययनपत्रको प्रस्ताव दर्ता गराउनु पर्नेछ ।*

३) पुस्तकालयीय र क्षेत्रीय विधिका आधारमा तुलनात्मक अध्ययनकार्यका निम्ति अपेक्षित सामग्री र साक्ष्यको सङ्कलन, व्यवस्थापन र विश्लेषण एवं सामान्यीकृत निष्कर्षण

४) तुलनात्मक अध्ययनको प्रतिवेदनस्वरूप अध्ययनपत्रको मस्यौदा, गोष्ठीसहभागिता, परिमार्जन, टङ्कन र टङ्कनशुद्धि, सिलाइ, अध्ययनसारको निर्माण र प्रस्तुति तथा मूल्याङ्कन । उपर्युक्त कार्य सामान्यत: *सम्बन्धित शैक्षिक सत्रभित्रै ढिलोमा द्वितीय खण्डको वार्षिक परीक्षातालिकाको समय समाप्त भएको तीन महिनाको अवधिभित्र पूरा गर्नुपर्नेछ ।* यस पाठ्यांशको निम्ति तोकिएको पाठघण्टाअनुसार सम्बन्धित पाठयांशका शिक्षक/शिक्षकहरूले अध्ययनकर्तालाई कक्षाशिक्षण, अभ्यासशिक्षण, सम्पर्ककक्षा, गोष्ठी, कार्यशाला आदिमार्फत सामूहिक मार्गदर्शन प्रदान गर्नेछन् र यसका निम्ति *कुनै निर्देशक तोकिनेछैनन् ।* तुलनात्मक अध्ययनपत्रको सामान्य सङ्गठन तथा ढांचा शोधपत्रकै अनुरूप हुनेछ । *अध्ययनपत्र कम्तीमा ५० पृष्ठसम्मको हुनु पर्दछ । अध्ययनकर्ताले बाह्य मूल्याङ्कनका निम्ति अध्ययनपत्रका टङ्कित तीन वा विभागले तोकेअनुसार प्रतिहरू विभागमा बुझाउनुपर्नेछ ।* अध्ययनपत्रको बाह्य मूल्याङ्कनका निम्तिको शुल्क विभागबाट तोकिएबमोजिम हुनेछ ।

उपर्युक्त प्रायोगिक कार्यबाहेक यस पाठ्यांशका एकाइ (क) र (ख) का ५० अङ्का सैद्धान्तिक पाठ्यवस्तुको भने दुई घण्टाको लिखित बाह्यपरीक्षा नै हुनेछ ।

५. सहायक पुस्तकहरू

१. डा. वासुदेव त्रिपाठी, *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा,* भाग १ र २, साझाप्रकाशन, काठमाडौं

२. अन जेफर्सन र डेभिड रोबी (सम्पा.) *मोडर्न लिटरेरी थिआरी ए कम्प्यारेटिभ इन्ट्रोडक्सन,* बी.टी. ब्याट्सफोर्ड, लण्डन

३. माइकेल ग्रोडेन र मार्टिन क्रेइस्वर्थ, *द जोन हप्किन्स गाइड टु लिटरेरी थिओरी एण्ड क्रिटिसिज्म,* जोन हप्किन्स युनिभर्सिटी प्रेस, बाल्टिमोर, लण्डन

४. फ्रयान्क लेन्ट्रिक्सिया र थोमस म्याकलघ्लिन, *क्रिटिकल टर्म्स फर लिटरेरी स्टडी,* द युनिभर्सिटी अफ सिकागो प्रेस, सिकागो

५. विल्बर स्कट (सम्पा.), *फाइब एप्रोचेज अफ लिटरेरी क्रिटिसिज्म,* कोलायर बुक्स, न्यूयोर्क

६. बिम्सेट र ब्रुक्स, *लिटरेरी क्रिटिसिज्म: ए सर्ट हिस्ट्री,* अक्सफोर्ड एण्ड आई.बी. एच्. पब्लिकेसन्स, कलकत्ता

७. रेने वेलेक र अस्टेन वारेन, *साहित्यसिद्धान्त* (अनु. बी.एस्. पालीवाल), लोकभारती प्रकाशन, इलाहावाद

८. डा. लक्ष्मीसागर वार्ष्णेय, *पश्चिमी आलोचनाशास्त्र,* हिन्दी समिति, लखनऊ

९. डेभिड लज (सम्पा.) *मोडर्न क्रिटिसिज्म एण्ड थिओरी* भाग १ र २), लङ्गमन, लन्डन, न्यूयोर्क

१०. डेभिड लज, *ट्वेन्टिन्थ सेन्चुरी क्रिटिसिज्म ए रिडर,* लङ्गमन, लन्डन

११. एम्.एच्. अब्राम्स, *ए ग्लोसरी अफ् लिटेरेरी टर्म्स,* कर्नेल युनिभर्सिटी, फिलाडेल्फिया
१२. कृष्ण गौतम, *आधुनिक आलोचना अनेक रूप अनेक पठन,* साझा प्रकाशन, काठमाडौं
१३. स्वपन मजुमदार, *कम्प्यारेटिभ लिटरेचर इन्डियन डाइमेन्सन,* पेपीरस, कलकत्ता
१४. रेने वेलेक, *आलोचनाकी धारणाएं* (अनु. इन्द्रनाथ मदान), हरियाणा हिन्दीग्रन्थ अकादमी, चण्डीगढ
१५. सोमनाथ शर्मा, *साहित्य प्रदीप,* नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, काठमाडौं
१६. केशवप्रसाद उपाध्याय, *साहित्यप्रकाश,* साझा प्रकाशन, काठमाडौं
१७. केशवप्रसाद उपाध्याय, *पूर्वीय साहित्य सिद्धान्त,* साझा प्रकाशन, काठमाडौं
१८. डा. नगेन्द्र, *भारतीय काव्यशास्त्रकी भूमिका,* नेशनल पब्लिशिङ्ग हाउस, दिल्ली
१९, डा. नगेन्द्र, *रससिद्धान्त,* नेशनल पब्लिशिङ हाउस, दिल्ली
२०, डा. नगेन्द्र, *भारतीय काव्यशास्त्र की परम्परा,* नेशनल पब्लिशिङ्ग हाउस, दिल्ली
२१, डा. नगेन्द्र (सम्पा.) *तुलनात्मक साहित्य,* नेशनल पब्लिशिङ हाउस, नई दिल्ली

मनोविश्लेषणात्मक समालोचना र अध्ययनपत्र (४)
समालोचनासमूह - २

Nep.510-8

दसौं पत्र
पूर्णाङ्क: १००
वार्षिक पाठ्यभार: १५०

१. पाठ्यांशपरिचय

मनोविज्ञानका विभिन्न सम्प्रदायका सन्दर्भमा फ्रायडवादी मनोविश्लेषण - सम्प्रदायका सिद्धान्त र पद्धतिमा आधारित मनोविश्लेषणात्मक समालोचनापद्धतिको अध्ययनका साथै नेपाली साहित्यको मनोविश्लेषणात्मक समालोचनाको सर्वेक्षण र नेपाली साहित्यको पक्षविशेषको मनोविश्लेषणात्मक प्रायोगिक कार्य

२. पाठ्यांशको उद्देश्य

यस पाठ्यांशका अध्ययनबाट विद्यार्थीहरूले निम्नलिखित ज्ञान र सीप/क्षमता प्राप्त गर्नेछन्:

(क) मनोविज्ञानका विभिन्न सम्प्रदायका सापेक्षतामा फ्रायडवादी मनोविश्लेषणका विभिन्न सिद्धान्त र पद्धतिमा आधारित मनोविश्लेषणात्मक समालोचनाप्रणालीका सैद्धान्तिक ज्ञान र प्रयोगात्मक सीप प्राप्त गर्न

(ख) नेपाली साहित्य र समालोचनाका क्षेत्रमा प्रयुक्त मनोविश्लेषणात्मक प्रयोगको सर्वेक्षण र मूल्याङ्कन गर्न

(ग) मनोविश्लेषणात्मक समालोचनापद्धतिका आधारमा नेपाली साहित्यको पक्षविशेषको मनोविश्लेषणात्मक प्रायोगिक कार्य गर्न

३. एकाइविभाजन

क) मनोविज्ञानका प्रमुख सम्प्रदायका सापेक्षतामा फ्रायडवादी मनोविश्लेषणमा आधारित मनोविश्लेषणात्मक समालोचनाका परम्परा र नवप्रवृत्ति (पाठघण्टा २, वार्षिक कक्षा ६०)

ख) नेपाली साहित्य र समालोचनाका क्षेत्रमा मनोविश्लेषणको प्रभाव र प्रयोग (पाठघण्टा ०½, वार्षिक कक्षा १५)

ग) मनोविश्लेषणात्मक समालोचनापद्धतिका आधारमा नेपाली साहित्यको पक्षविशेषको प्रायोगिक कार्यमा आधारित अध्ययनपत्र (पा.घ.२½, वार्षिक कक्षा ७५ प्रायोगिक)

४. पाठ्यवस्तु विवरण

एकाइ क) मनोविज्ञानका प्रमुख सम्प्रदायका सापेक्षतामा फ्रायडवादी मनोविश्लेषणमा आधारित मनोविश्लेषणात्मक समालोचनाका परम्परा र नवप्रवृत्ति

१) मनको अध्ययनको परम्परा र मनोविज्ञानका प्रमुख सम्प्रदाय, शाखाप्रशाखा तथा तिनका साहित्यचिन्तन

(अ) पाश्चात्य धर्म, दर्शन र साहित्यका क्षेत्रका मनसम्बन्धी परम्परागत अवधारणा; दे कार्त; रूसो, कान्ट, गोथे, हेगेल, स्केलिङ्ग, कलरिज,

सोपेनहावर र नित्सेका ज्ञात र अज्ञात मनसम्बन्धी स्थापना; इड्वार्ड उन हर्टमनको अवचेतनको दर्शन; पाउल रिकार्डका अवधारणा

(आ) आधुनिक मनोविज्ञानको अभ्युदय र त्यसका सैद्धान्तिक कारकहरू; मनोविज्ञानको विकासप्रक्रिया: मनोविज्ञानका प्रमुख सम्प्रदाय र तिनका शाखाप्रशाखाले मानसिक अध्ययनमा ल्याएका नवआयामहरू; साहित्यिक स्रष्टा, कृति र पाठक तथा चिन्तन र समालोचनापद्धतिसंग मानवमनको सम्बन्ध र मनोविज्ञानका विभिन्न शाखाप्रशाखा तथा सम्प्रदायहरूका चिन्तनपद्धतिले पारेका प्रमुख प्रभावहरू

२) मनोविश्लेषण र मनोविश्लेषणात्मक समालोचनापद्धतिको प्रवर्तन : सिग्मन्ड फ्रायड

(अ) सिग्मन्ड फ्रायडका जीवनी, पेसा र व्यक्तित्व तथा प्रमुख कृतित्व; फ्रायडेली मनोविश्लेषणात्मक अध्ययनका प्रमुख स्रोतहरू: मनोरोगचिकित्सा, स्वप्न, बालक्रीडा र सम्मोहनको विश्लेषण; बोलीका चिप्लिने क्रिया, पुनरावृत्ति र इन्कारका सन्दर्भहरू; श्लेष अनभीप्सित अर्थ र अधिकार्थका अन्तराल; पुराकथा र साहित्य

(आ) मनको तहगत मूलत: द्वैत संरचना: चेतन, मध्यवर्ती अर्द्धचेतन, दमनकारी अवरोधक र अवचेतन तथा यिनको स्वरूप र प्रकार्यको विश्लेषण; मनको गत्यात्मक त्रैत संरचनासम्बन्धी परिमार्जित स्थापना: इद (कामवृत्ति), इगो (अहम्) र सुपरइगो (आदर्श अहम्) तथा यिनका स्वरूप र प्रकार्यको विश्लेषण,

(इ) बालबालिकाका पूर्वइडिपस र इडिपसअवस्थासम्बन्धी अध्ययन एवं तिनका यौनविकासका मौखिक-गुदद्वारीय लैङ्गिक अवस्थाहरू; आत्मरति, संरति र विसंरतिका अवधारणा; स्वप्नकृतिको विश्लेषण र त्यसका विभिन्न प्रवृत्तिहरू; कलाकारका मनोरोगिता, दिवास्वप्न र त्यसका रूपान्तरणका अवधारणा; मनोविश्लेषणका क्रममा प्रयुक्त आलङ्कारिक सन्दर्भहरू; साहित्यसृजना, साहित्यचिन्तन र समालोचनाका क्षेत्रमा फ्रायडेली मनोविश्लेषणका आधारभूत प्रभाव, योगदान र सीमा

३) एडलर र युङ्का मनोविश्लेषणका प्रमुख स्थापना र तिनले साहित्यिक क्षेत्रमा पारेका प्रभावहरू

(अ) एडलर: कतिपय फ्रायडेली अवधारणाको आलोचना तथा समाजसापेक्ष व्यक्तिमनोविज्ञानका सन्दर्भमा हीनताग्रन्थि र उच्चताग्रन्थिका अवधारणा एवं तिनले साहित्यिक सृजन, चिन्तन र समालोचनामा पारेको प्रभाव

(आ) कार्लयुङ्: फ्रायडेली कतिपय स्थापना र साहित्य अवधारणाको आलोचना; मनका चार प्रकार्य: विचार, अनुभव, संवेदन र सहजानुभूति, व्यक्तिगत र सामूहिक अवचेतनका स्थापना; आद्यविम्ब वा प्रकारका अवधारणा; अन्तर्मुखी र बहिर्मुखी व्यक्तिका अवधारणा;

मुकुन्डो पर्सोना) को मान्यता; द्विलिङ्गता एवं नरगुण र नारीगुण एनिमस र एनिमा) तथा तिनको मिश्रणको अवधारणा; जीवनका चार अवस्थाका दैनिक र ऋतुगत विम्बहरू; उपर्युक्त विभिन्न मान्यताहरूले सास्कृतिक मानवशास्त्र र आदिमतापरक साहित्यिक सृजन, चिन्तन र समालोचनामा पारेको संयुक्त प्रभाव

४) कारेनहोर्नी, मेलाइनक्लाइन, सिमोनबग्लेसर, नर्मनएन् होलान्, नर्मनओब्राउन, अटो रान्क, इला फ्रिमनसार्प, मेरी बोनापार्टे, फ्रेडरिक किउ, अर्नेस्ट जोन्स, हन्स जस्क, ए.ए. ब्रिल, एडमन्ड बर्नर, अरवेन्डर, आई.ए. रिचर्ड्स आदिका मनोविश्लेषणात्मक थप मान्यता तथा मनोविश्लेषणात्मक समालोचनापद्धतिको प्रसार; फ्रायडका मनोविश्लेषणात्मक मान्यताका दुई चरणका सन्दर्भमा फ्रान्सेली र अमेरिकाली अवचेतनकेन्द्री र अहंकेन्द्री दुई मनोविश्लेषणात्मक सम्प्रदायको उत्थान र द्वन्द्व

५) ल्याकन: नवमनोविश्लेषण

लेकं (ल्याकन) का जीवनी, व्यक्तित्व पेसा र कृतित्व; फ्रायडको मनोविश्लेषणात्मक मान्यताको प्रथम चरणको चेतन-अवचेतनमूलक भूआकृतिगत द्वैत संरचनाको समर्थन र परवर्ती चरणको इद्-इगो-सुपरइगोको त्रैत संरचनाप्रति असहमति; अवचेतन आविष्कृत हुनासाथ चेतनद्वारा दमित हुने फ्रायडेली मान्यताको पुनर्व्याख्या र त्यसका आधारमा त्रैत संरचनाको संयोजन; हेगेलको द्वन्द्ववाद, परिघटनावादी आभास, सस्युरको संरचनात्मक भाषाविज्ञान, रोमन जाकोब्सनका रूपक र प्रतीकका अवधारणा एवं लेबि-स्ट्राउसका सांस्कृतिक मानवशास्त्रीय संरचनावादी मान्यताका संयोजनका आधारमा फ्रायडको मनोविश्लेषणमा थपिएको नवआयाम; अवचेतनका संरचना र भाषिक संरचनाको बीचका सामञ्जस्यको मान्यता, भाषाको अवचेतनपरक स्वप्नसंरचनाको मान्यत; स्व र अन्यताको मान्यता; सङ्केतक र सङ्केतितको मान्यताको विलोमीकरण; यी नवमनोविश्लेषणात्मक मान्यताबाट साहित्यिक सृजन, चिन्तन र समालोचनाका क्षेत्रमा प्राप्त योगदान; उत्तरवर्ती प्रभाव : रोलां बार्थका संरचनावाद र उत्तर संरचनावाद; जेकुइस डेरिडाको विसंरचना, माइकेल फाउकल्टको ज्ञानको पुरातात्विकता र जुलिया क्रिस्तोवाको नारीवाद एवं पाठकीय समालोचना र संरचनावादी मार्क्सवादी समालोचनामा परेको असर

६) उत्तरवर्ती नवमनोविश्लेषणात्मक समालोचना र तिनका प्रमुख प्रवृत्ति

ह्यारोल्ड ब्लुम: साहित्यिक कृतिको उद्भव र अन्तिम चरणसम्बन्धी पाठकीय मनोविश्लेषण; जिओफ्रि हटमन : पाठव्याख्यात्मक मनोविश्लेषण; हेलेन किक्साउस, जुलिया क्रिस्तोभा र जुलियट मिचेल: नारीमनोविश्लेषण; लुसी इरिगेरी, माइकेल-मोन्त्रेले, सोसाना फेल्मोन, गिलेस देल्युज, फेलिक्स ग्वातारी आदिका अन्तर्विषयक संरचनावादी मनोविश्लेषणपरक समालोचनाप्रवृत्ति

७) मनोविश्लेषणात्मक समालोचनाका साहित्यिक मुख्य परिप्रेक्ष्यहरू

(अ) जीवनीपरक/स्रष्टामनोविश्लेषणपरक

(आ) कृतिपरक: पात्रपरक, आख्यानपरक, आद्यविम्बपरक, भाषापरक, संरचनापरक र

(इ) कृतिगत पाठकमनोविश्लेषणपरक

एकाइ ख) नेपाली साहित्य र समालोचनाका क्षेत्रमा मनोविश्लेषणको प्रभाव र प्रयोग

१) आधुनिक नेपाली साहित्यका विभिन्न विधा (नाटक तथा कथाउपन्यास) का स्रष्टा र तिनका कृतिमा मनोविश्लेषणमूलक पश्चिमी र भारतवर्षीय कृतिहरूको उत्प्रेरणा र प्रभाव

२) नेपाली साहित्यका विभिन्न विधाका प्रमुख कृतिहरूको मनोविश्लेषणात्मक समालोचना: प्रमुख प्रयोग, विकासप्रक्रिया र नवप्रवृत्ति

एकाइ ग) मनोविश्लेषणात्मक समालोचनापद्धतिका आधारमा नेपाली साहित्यको पक्षविशेषको प्रायोगिक कार्यमा आधारित अध्ययनपत्र

१) मनोविश्लेषणात्मक समालोचनाकार्यका निम्ति क्षेत्रछनौट र शीर्षकचयन, नेपाली साहित्यको कुनै विशिष्ट ग्रन्थ (मनोविश्लेषणात्मक प्रचुरसम्भाव्यता भएको कुनै एक उपन्यास, कथासङ्ग्रह, नाटक, लघुनाटकसङ्ग्रह, खण्डकाव्य, महाकाव्य, कवितासङ्ग्रह आदि) र त्यसका मनोविश्लेषणात्मक अध्ययनका क्रममा प्रयोग गरिने आधारभूत सिद्धान्त एवं समालोचनापद्धतिको छनौट गरी उपयुक्त शीर्षकको चयन गर्ने । यस क्रममा सम्बन्धित पाठ्यांश शिक्षक/शिक्षकहरूले कक्षाशिक्षण, अभ्यासशिक्षण र सम्पर्ककक्षा, गोष्ठी आदिमार्फत मनोविश्लेषणात्मक समालोचनाकर्ताहरूलाई मार्गदर्शनका साथै सामूहिक परामर्श प्रदान गर्नेछन्। क्षेत्रछनौट गरी शीर्षकचयन गर्ने सन्दर्भमा पूर्वकार्य र सम्भाव्यताको प्रारम्भिक सर्वेक्षण आवश्यक हुनेछ ।

२) प्रारम्भिक कार्य मनोविश्लेषणात्मक समालोचनाप्रस्ताव र त्यसको प्रस्तुति: सम्बन्धित विभागमा मनोविश्लेषणात्मक समालोचनाकार्यको शीर्षक दर्ता भएपछि समालोचनाकर्ताहरूले उपलब्ध सामग्री र सम्बद्ध शिक्षक/शिक्षकहरूबाट कक्षाशिक्षण, अभ्यासशिक्षण, सम्पर्क कक्षा, गोष्ठी, कार्यशाला आदिमार्फत प्राप्त मार्गदर्शन र परामर्शसमेतका आधारमा सम्बन्धित मनोविश्लेषणात्मक समालोचनाकार्यको शीर्षकसम्बन्धी पूर्वकार्य र उपलब्ध सामग्रीको प्रारम्भिक छानबिन गरी मनोविश्लेषणात्मक समालोचनाप्रस्ताव तयार पारी विभागमा प्रस्तुत गर्नु पर्नेछ । उक्त मनोविश्लेषणात्मक समालोचनाप्रस्तावमा सामान्यत यी कुराहरूको समावेश हुनुपर्नेछ : शीर्षकको चिनारी, प्रयोजन र औचित्य; समस्या, उद्देश्य, पूर्वकार्यको समीक्षा, प्राक्कल्पना, सीमाङ्कन, पुस्तकालयीय र क्षेत्रीय सामग्रीसङ्कलनविधि, सिद्धान्त र परिप्रेक्ष्य, पद्धति र प्रविधि, अध्ययनपत्रको रूपरेखा, अवधि र लागत, जनशक्ति, सन्दर्भसामग्रीविवरण आदि । *प्राइवेट परीक्षार्थीहरूले पनि नेपाली स्नातकोत्तर पठनपाठन*

हुने कुनै विभागमा सम्पर्क राखी क्षेत्र, शीर्षकचयन, प्रशिक्षण आदि प्रक्रियासहित अध्ययन पत्रको प्रस्ताव दर्ता गराउनु पर्ने छ ।

३) पुस्तकालयीय र क्षेत्रीय विधिका आधारमा मनोविश्लेषणात्मक समालोचनाकार्यका निम्ति अपेक्षित सामग्री र साक्ष्यको सङ्कलन, व्यवस्थापन र विश्लेषण एवं सामान्यीकृत निष्कर्षण

४) मनोविश्लेषणात्मक समालोचनाकार्यको प्रतिवेदनस्वरूप अध्ययनपत्रको मस्यौदा, गोष्ठी सहभागिता, परिमार्जन, टङ्कन, टङ्कनशुद्धि, सिलाइ, अध्ययनसारको निर्माण र प्रस्तुति तथा मूल्याङ्कन जस्ता *उपर्युक्त कार्य सामान्यत: सम्बन्धित शैक्षिक सत्रभित्रै (ढिलोमा द्वितीय खण्डको वार्षिक परीक्षाको समय तालिका समाप्तभएको तीन महिनाको अवधिभित्र) पूरा गर्नुपर्नेछ ।* यस पाठ्यांशका निम्ति तोकिएको पाठघण्टाअनुसार सम्बन्धित पाठ्यांशका शिक्षक/ शिक्षकहरूले समालोचनाकर्ताहरूलाई कक्षाशिक्षण, अभ्यासशिक्षण, सम्पर्ककक्षा, गोष्ठी, कार्यशाला आदिमार्फत सामूहिक मार्गदर्शन प्रदान गर्नेछन् र यसका निंति *कुनै खास निर्देशक तोकिनेछैनन् ।* मनोविश्लेषणात्मक समालोचनापत्रको सामान्य सङ्गठन तथा ढांचा शोधपत्रकै अनुरूप हुनेछ र *यो अध्ययन पत्र कम्तीमा ५० पृष्ठ सम्मको हुनुपर्दछ ।* मनोविश्लेषणात्मक समालोचनाकर्ताले *बाह्य मूल्याङ्कनका निम्ति अध्ययनपत्रका टङ्कित तीन वा विभागले तोकेअनुसारका प्रतिहरू* विभागमा बुझाउनुपर्नेछ । अध्ययनपत्रको बाह्य मूल्याङ्कनका निम्तिको शुल्क विभागद्वारा तोकिएबमोजिम हुनेछ ।

उपर्युक्त प्रायोगिक कार्यबाहेक यस पाठ्यांशका एकाइ (क) र (ख) का ५० अङ्कका सैद्धान्तिक पाठ्यवस्तुको भने दुई घण्टाको लिखित बाह्य परीक्षा नै हुनेछ ।

५. सहायक पुस्तकहरू

१. डा. वासुदेव त्रिपाठी, *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा* (भाग १ र २) साझा प्रकाशन, काठमाडौं

२. बिल्बर स्कट (सं), *फाइब एप्रोचेज अफ लिटरेरी किटिसिज्म,* कोलायर बुक्स, न्यूयोर्क

३. बिम्सेट र ब्रुक्स, *लिटरेरी किटिसिज्म: ए सर्ट हिस्ट्री,* अक्सफोर्ड एण्ड आई. बी. एच्. पब्लिकेसन्स, कलकत्ता

४. डा. शान्तिस्वरूप गुप्त, *पाश्चात्य काव्यशास्त्र के सिद्धान्त,* अशोक प्रकाशन, दिल्ली

५. रमन सेल्डेन र पेटेर विडोब्सन, *ए रिडर्स गाइड टु कन्टेम्पोररी लिटरेरी थियोरी* (तृ.सं.) द युनिभर्सिटी प्रेस अफ केन्टुकी, केन्टुकी

६. डेभिड लज (सम्पा), *मोडर्न किटिसिज्म एण्ड थिओरी* (भाग १ र २) लङ्गमन, लन्डन, न्युयोर्क

७. डेभिड लज, *ट्वेन्टिन्थ सेन्चुरी किटिसिज्म ए रिडर,* लङ्गमन, लन्डन

८. एम्.एच्. अब्राम्स, *ए ग्लोसरी अफ् लिटरेरी टर्म्स,* कर्नेल युनिभर्सिटी, फोर्टवर्थ, फिलाडेल्फिया
९. माइकेल ग्रोडेनर, मार्टिन केइस्वर्थ, *द जोन हप्किन्स गाइड टु लिटरेरी थिओरी एन्ड क्रिटिसिज्म,* द जोन हप्किन्स युनिभर्सिटी प्रेस, बाल्टिमोर, लन्डन
१०. फ्र्याङ्क लेन्ट्रिक्सिया र थोमस म्याकलघ्लिन, *क्रिटिकल टर्म्स फर लिटरेरी स्टडी,* द युनिभर्सिटी अफ सिकागो प्रेस, *सिकागो,* लन्डन,
११. कृष्ण गौतम, *आधुनिक आलोचना: अनेक रूप अनेक पठन,* साझा प्रकाशन, काठमाडौं
१२. अभि सुवेदी, *पाश्चात्य काव्यसिद्धान्त* (द्वि.सं.), साझा प्रकाशन, काठमाडौं
१३. शम्भुदत्त झा, *रिचर्ड्स के आलोचनासिद्धान्त,* भारती भवन, पटना
१४. जेम्स स्ट्राची (अनु./सं.) *द कम्प्लिट साइकोलोजिकल वर्क्स अफ् सिग्मन्ड फ्रायड* (भाग १२), हेगार्थ प्रेस र द इन्स्टिच्यूट अफ साइको एनालिसिस, लन्डन

मार्क्सवादी समालोचना र अध्ययनपत्र (५)
समालोचनासमूह - ३

Nep.510-9 नवौं पत्र
पूर्णाङ्क: १००
वार्षिक पाठ्य भार: १५०

१. पाठ्यांशको परिचय

मार्क्सवादी समालोचनाका आधारभूत सिद्धान्त तथा त्यसमा कालक्रमिक रूपमा थपिदै आएका नयां नयां अवधारणा र पद्धतिहरूको अध्ययन तथा मार्क्सवादी समालोचनाका आधारमा नेपाली साहित्यको कुनै कृति वा पक्षको प्रायोगिक समालोचनाकार्यको प्रतिवेदनस्वरूप अध्ययनपत्रको लेखन

२. पाठ्यांशका उद्देश्यहरू

यस पाठ्यांशका अध्ययनबाट विद्यार्थीहरूले निम्नलिखित ज्ञान र क्षमता प्राप्त गर्न सक्नेछन्:

(क) मार्क्सवादी समालोचनाका दार्शनिक आधार र आधारभूत सिद्धान्तको जानकारी पाउन

(ख) मार्क्सवादी समालोचनाका नयां अवधारणा र पद्धतिहरूको जानकारी पाउन

(ग) नेपाली साहित्यिक समालोचनाका मार्क्सवादी धाराका सिद्धान्त र प्रयोगपक्षहरूको विकासप्रक्रियाको जानकारी प्राप्त गर्न

(घ) मार्क्सवादी समालोचनाका आधारमा नेपाली साहित्यका कुनै कृति वा पक्षको प्रायोगिक अध्ययनकार्य गरी त्यसको प्रतिवेदन अध्ययनपत्रका रूपमा प्रस्तुत गर्न

३. एकाइविभाजन

एकाइ क) मार्क्सवादी समालोचनाका दार्शनिक आधार र आधारभूत सिद्धान्त (पाठघण्टा १, वार्षिक कक्षा ३०)

एकाइ ख) मार्क्सवादी समालोचनाको विकासप्रक्रिया र नवयुगीन अवधारणाहरू (पाठघण्टा १, वार्षिक कक्षा ३०)

एकाइ ग) नेपाली मार्क्सवादी समालोचना : परम्परा र वर्तमान स्वरूप (पा.घ. ०½, वार्षिक कक्षा १५)

एकाइ घ) मार्क्सवादी समालोचनामा आधारित अध्ययनपत्र (पा.घ. २½, वार्षिक कक्षा ७५)

४. पाठ्यवस्तु विवरण:

एकाइ क) मार्क्सवादी समालोचनाका दार्शनिक आधार र आधारभूत सिद्धान्त

१) मार्क्सवादी समालोचनाको दार्शनिक आधारका रूपमा मार्क्स र एङ्गेल्सका द्वन्द्वात्मक तथा ऐतिहासिकभौतिकवादसंबन्धी प्रमुख मान्यता

२) मार्क्सवादी समालोचनामा मार्क्सका आधार र अधिरचनासंबन्धी धारणाको प्रयोग

३) मार्क्सवादी साहित्यिक समालोचनाका संबन्धमा मार्क्सएङ्गेल्सका प्रमुख धारणाहरू: (क) यथार्थवादसंबन्धी धारणा; (ख) प्रारूपीयता,

(ग) रूप तथा अन्तर्वस्तुसंबन्धी धारणा; (घ) नायकसंबन्धी धारणा; (ङ) भाषाशैलीसंबन्धी धारणा, (च) दु:खान्तसंबन्धी धारणा (छ) इतिहासको मूल्याङ्कनसंबन्धी धारणा; (ज) सौन्दर्यबोधसंबन्धी धारणा; (झ) वर्गीय पक्षधरता तथा (ञ) लेखक र पाठकसम्बन्धी धारणा

एकाइ ख) मार्क्सवादी समालोचनाको विकासप्रक्रिया र नवयुगीन अवधारणाहरू

१) मार्क्सवादी समालोचनाको विकासप्रक्रिया र यसका मुख्य चरणहरूको सर्वेक्षण

२) भी.आई. लेनिनका साहित्य र समालोचनासंबन्धी प्रमुख मान्यता:
(क) दलीय संगठन र साहित्यबीचको संबन्धको व्याख्या; (ख) लेखक र राजनैतिक साङ्गठनिक प्रतिबद्धताको व्याख्या; (ग) स्वतन्त्र साहित्यसंबन्धी धारणा; (घ) पाठक र पाठ/कृतिसंबन्धी धारणा; (ङ) भाषाशैलीसंबन्धी धारणा; (च) साहित्यिक मूल्याङ्कनसंबन्धी धारणा र (छ) क्रान्तिकारी भविष्यदृष्टिसम्बन्धी धारणा

३) माओ त्से तुङका साहित्य र समालोचनासम्बन्धी प्रमुख मान्यता :
(क) कला र साहित्यको स्रोतसबन्धी धारणा; (ख) आम जनताको साहित्यको नयां व्याख्या; (ग) साहित्यिक जमातसंबन्धी धारणा; (घ) राजनैतिक र कलात्मक मानदण्ड ; (ङ) वर्गीय उपयोगितासंबन्धी धारणा; (च) सौन्दर्यबोधात्मकता र सौन्दर्यचेतनासम्बन्धी धारणा; (छ) सरलीकरण र स्तरीयतासंबन्धी अवधारणा; (ज) वर्गसङ्घर्षको निरन्तरतासंबन्धी धारणा

४) मार्क्सवादी समालोचनाका आधारभूत मान्यता र पद्धतिहरू:
(क) प्लेखानोभ, (ख) लुनाचार्स्की (ग) कृष्टोफर कडवेल, (घ) राल्फ फक्स, (ङ) गोर्की, (च) जर्ज लुकास, (छ) मिखायल बाक्तिन, (ज) जर्ज थमसन, (झ) याओ यान युवान, (ञ) वोरिस सुखोव र (ट) मिखायल खापचेन्कोका कृतित्व, मूल्यमान्यता र समालोचनापद्धति

५) मार्क्सवादी समालोचनाक्षेत्रका नवयुगीन सम्प्रदाय
(क) फ्रैङ्कफुर्ट सम्प्रदाय: नकारात्मक शिक्षासंबन्धी धारणा, (ख) उत्पादनसिद्धान्त: लउस आल्थर र पियरे मासेरी, (ग) संरचनात्मक अवधारणा: लुसिए गोल्डमानस, (घ) भाषाकेन्द्रित चिन्तन: मिखाएल बाक्तिन र बालासिनोभ तेन्यानोभ र (ङ) मार्क्सवादी समालोचनाको उत्तरसंरचनावादी चरण: टेरी इग्लटन र फ्रेडरिक जेमसनका प्रमुख मान्यता र पद्धति

एकाइ ग) नेपाली मार्क्सवादी समालोचना: परम्परा र वर्तमानस्वरूप

१) नेपाली साहित्य र समालोचनाका क्षेत्रमा प्रगतिवादको उत्थान र विकासप्रक्रियाका प्रमुख चरणहरू

२) नेपाली साहित्यका प्रमुख मार्क्सवादी समालोचकहरूका कृतित्व, मुख्य मान्यता, पद्धति तथा शक्ति र सीमा

३) नेपाली मार्क्सवादी समालोचनाका वर्तमान दिशा र प्रवृत्तिहरू

एकाइ घ) मार्क्सवादी समालोचनामा आधारित अध्ययनपत्र

१) मार्क्सवादी समालोचनामा आधारित अध्ययनपत्र लेखनका निम्ति तयारी र अध्ययनप्रस्ताव:

यस पाठ्यांशअन्तर्गत प्रायोगिक कार्यस्वरूप मार्क्सवादी समालोचनामा आधारित अध्ययनपत्र लिन चाहने विद्यार्थीहरूले क्षेत्रको छनोट र शीर्षकको चयनका साथै तत्संवन्धी उपयुक्त मार्क्सवादी समालोचनाढांचा निश्चित गरी आवश्यक प्रारम्भिक अध्ययनका आधारमा अध्ययनप्रस्ताव तयार गर्नुपर्नेछ । उक्त क्षेत्रको छनौट र शीर्षकचयनका क्रममा नेपाली साहित्यको कुनै युग वा विधाक्षेत्रको कुनै एक प्रबन्धात्मक वा सङ्कलनात्मक कृतिको चयन गरी आफ्नो अध्ययनको विशिष्ट पक्षको निर्धारण गर्नुपर्नेछ र सामान्यत: शोधप्रस्तावकै ढांचामा टङ्कित अध्ययन प्रस्ताव तयार गरी विभागमा आफ्नो नाम दर्ता गराउनु पर्ने छ । *प्राइवेट विद्यार्थीहरूले नेपाली स्नातकोत्तर तहको पठनपाठन हुने विभागमा सो प्रस्ताव प्रस्तुत गर्न सक्नेछन् ।*

२) सामग्रीको सङ्कलन, व्यवस्थापन र सामान्यीकरण: अध्ययनपत्रको मस्यौदा लेखन, परिमार्जन, टङ्कन र सिलाइ तथा बाह्य मूल्याङ्कनका निम्ति विभागमा प्रस्तुति:

(क) यस अध्ययनपत्रको स्वरूप र ढांचा शोधपत्रकै अनुरूप हुनेछ । अध्ययनपत्र कम्तीमा ५० पृष्ठको हुनुपर्नेछ र वाह्यमूल्याङ्कनका निम्ति टङ्कित अध्ययन *पत्रका ३ वा विभागले तोकेअनुसारका प्रति विभागले तोकेको शुल्कसहित विभागमा प्रस्तुत गर्नुपर्नेछ ।*

(ख) सामान्यत: चालु शैक्षिक सत्रको वार्षिक परीक्षाको तालिका सकिएको *तीन महिनाभित्र सो अध्ययनपत्र सम्बन्धित विभागमा प्रस्तुत हुनुपर्नेछ ।*

द्रष्टव्य:

(१) यस पाठयांशका एकाइ क, ख र ग को पूर्णाङ्क ५० का निम्ति दुई घण्टाको वाह्य लिखित परीक्षा हुनेछ ।

(२) यस पाठयांशको एकाइ "घ" को मार्क्सवादी समालोचनासम्बन्धी प्रायोगिक कार्यको पूर्णाङ्क ५० को शिक्षण कक्षागत सामूहिक मार्गदर्शन, गोष्ठी र कार्यशालाको संचालन, सम्पर्क कक्षा आदि विधिका आधारमा सम्बन्धित शिक्षक वा शिक्षकहरूले गर्नेछन् । *यसका निम्ति अलग्गै शोध निर्देशक उपलब्ध गराइनेछैन ।*

५. सहायक पुस्तक:

१. मार्क्स एङ्गेल्स : *साहित्य र कला,* अनु. राजेन्द्र मास्के, सूर्यप्रकाश पौडेल, प्रगति प्रकाशन, मास्को

२. डा. शिवकुमार मिश्र, *मार्क्सवादी साहित्य चिन्तन,* इतिहास तथा सिद्धान्त, मध्यप्रदेश हिन्दी ग्रन्थ अकादमी भोपाल

३. गोविन्द भट्ट (रविलाल अधिकारी सम्पा.), *गोविन्द भट्टका समालोचना,* बगरफाउण्डेसन, काठमाडौं

४. निनु चापागाईं, *यथार्थवादी रचनादृष्टि र विवेचना,* दिल वरदान र महिम चापागाईं, काठमाडौं
५. देवीप्रसाद गौतम, *प्रगतिवाद: परम्परा र मान्यता,* श्रीमती मुना गौतम, काठमाडौं
६. डा. ऋषिराज बराल, *मार्क्सवाद र उत्तर आधुनिकतावाद,* सविता बराल, विराटनगर
७. वासुदेव त्रिपाठी, *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा,* भाग १ र २, साझाप्रकाशन, काठमाडौं
८. क्रिस्टोफर कडवेल, *विभ्रम और यथार्थ* (अनु. भगवान सिंह), राजकमल प्रकाशन, नयी दिल्ली
९. निर्मला जैन, *साहित्य के समाजशास्त्रीय चिन्तन,* हिन्दीमाध्यम कार्यान्वयन निर्देशनालय, दिल्ली
१०. राल्फ फक्स, *उपन्यास और लोकजीवन* (अनु. रामविलास शर्मा), पिपुल्स पब्लिसिंग हाउस, नयी दिल्ली
११. नामवर सिंह (सम्पा.), *कार्लमार्क्स, कला और साहित्यचिन्तन,* (अनु. गोरख पाण्डेय) राजकमल प्रकाशन, नयी दिल्ली
१२. अभि सुवेदी, *पाश्चात्य काव्य सिद्धान्त,* साझा प्रकाशन, काठमाडौं
१३. डा. नगेन्द्र (प्र.सं.), *पाश्चात्य काव्यशास्त्र: मार्क्सवादी परम्परा,* दिल्ली विश्वविद्यालय, दिल्ली
१४. लीलाप्रसाद शर्मा, *जर्ज लुकासको साहित्यिक सिद्धान्त,* नेराप्रप्र, काठमाडौं
१५. रमन सेल्डेन र पेटेर विड्रोसन, *ए रिडर्स गाइड टु कन्टेम्पोरेरी,* द युनिभर्सिटी प्रेस अफ केन्टुकी, केन्टुकी
१६. मिचाइल ग्रोडेन र मार्टिन केइस्वर्थ (सम्पा.), *द जोन हप्किन्स गाइड टु लिटरेरी थ्योरी एण्ड किटिसिज्म,* द जोन हप्किन्स युनिभर्सिटी प्रेस, बाल्टिमोर, लन्डन ।
१७. कृष्ण गौतम, *आधुनिक आलोचना: अनेक रुप,* अनेक पठन, साझा प्रकाशन, काठमाडौं
१८. घनश्याम ढकाल, *मार्क्सवादी सौन्दर्यशास्त्रको विवेचना,* विजय ढकाल, पोखरा ।
१९. चैतन्य, *मार्क्सवादी कलादृष्टि र समीक्षा,* चिन्तन प्रकाशन,
२०. निनु चापागांई, *मार्क्सवादी चिन्तनमा सौन्दर्य,* मुदला चापागांई, ललितपुर
२१. टेरी इग्लटन, *लिटरेरी थियरी एन इन्ट्रोडक्सन,* अक्सफोर्ड बासिल ल्वाकवेल १९८३
२२. एन जेफरसन एण्ड डेभिड खे (सम्पा.), *मोडर्न लिटरेरी थियोरी,* लण्डन, बी. टी. बेट्सफोर्ड लि. १९८६
२३. मिखायल खापचेन्को, *आर्टिस्टिक क्रिएटिभिटी, रियलिटी एण्ड म्यान,* मास्को, रादुगा पब्लिसर्स १९७८

शैलीविज्ञान र अध्ययनपत्र (६)
समालोचनासमूह - ४

Nep.510-10

दसौं पत्र
पूर्णाङ्क: १००
वार्षिक पाठ्यभार: १५०

१. पाठ्यांश परिचय

शैलीविज्ञानका सिद्धान्त र समालोचनापद्धति तथा नेपाली साहित्यको शैलीपरक एवं शैलीवैज्ञानिक समालोचनाको विकासप्रक्रियाको अध्ययनका साथै नेपाली साहित्यको कुनै कृतिको शैलीवैज्ञानिक अध्ययनमा आधारित प्रायोगिक कार्यको प्रतिवेदनस्वरूप अध्ययनपत्रको लेखन

२. पाठ्यांशको उद्देश्य

यस पाठ्यांशका अध्ययनबाट विद्यार्थीहरूले निम्नलिखित ज्ञान, सीपक्षमता प्राप्त गर्नेछन्:

(क) शैलीविज्ञानका सिद्धान्त र समालोचनापद्धतिको जानकारी प्राप्त गर्न
(ख) नेपाली साहित्यको शैलीपरक एवं शैलीवैज्ञानिक समालोचनाको विकास प्रक्रिया र त्यसका प्रमुख विशेषताको जानकारी प्राप्त गर्न
(ग) शैलीवैज्ञानिकपद्धतिका आधारमा कुनै नेपाली साहित्यिक कृतिको समालोचनात्मक अध्ययन गरी त्यसका प्रतिवेदनका रूपमा अध्ययनपत्र प्रस्तुत गर्न

३. एकाइविभाजन

एकाइ क) शैलीविज्ञान: सिद्धान्त र समालोचनापद्धति (पाठघण्टा २, वार्षिक कक्षा ६०)
एकाइ ख) नेपाली साहित्यको शैलीपरक र शैलीवैज्ञानिक समालोचना: विकास प्रक्रिया र उपलब्धि (पा.घ. ०½, वार्षिक कक्षा १५)
एकाइ ग) शैलीवैज्ञानिक अध्ययनपत्र (पा.घ. २½ वार्षिक कक्षा ७५)

४. पाठ्यवस्तु विवरण

एकाइ क) शैलीविज्ञान: सिद्धान्त र समालोचनापद्धति

१) शैलीविज्ञानको परिचय

(क) भाषाविज्ञानको शाखाका रूपमा
(ख) समालोचनाका रूपमा
(ग) शैलीविज्ञानको प्रकृति र क्षेत्र

२) शैलीविज्ञानको उद्भव र विकास

(क) पाश्चात्य पृष्ठभूमि (शैलीशास्त्र)
(ख) पूर्वीय साहित्यसिद्धान्तहरूसंग निकटता
(ग) आधुनिक शैलीचिन्तन र शैलीविज्ञानको विकास-यसका विभिन्न धाराहरू र वर्तमान स्थिति

३) शैलीको परिचय

(क) शैलीशास्त्रीय परिभाषाहरू
(ख) शैलीवैज्ञानिक परिभाषाहरू

(ग) शैलीको आधुनिकस्वरूप

४) *शैलीविज्ञानका प्रविधिहरू*

(क) संरचना-लघु घटकहरूको विभाजन

(ख) बुनोट : रूपगत घटकहरू (छन्द, अलङ्कार, बिम्ब, प्रतीक, घटना, पात्र, स्थान, समय आदि) को निर्धारण

(ग) चयन

(घ) अग्रभूमिको निर्माण

अ) विचलन

आ) समानान्तरता

(ङ) शैलीचिह्नकहरू

५) *विश्लेषणका प्रक्रिया र चरणहरू*

(क) विश्लेषणका स्तरहरू: वर्णस्तर, शब्दस्तर, वाक्यस्तर, सङ्कथनस्तर, अर्थस्तर

(ख) विश्लेषणका चरणहरू

(अ) तथ्याङ्कन

(आ) विश्लेषण

(इ) व्याख्या

६) *विशिष्ट प्रारूपहरू*

(क) आख्यानशास्त्रीय प्रारूप

(ख) पाठकप्रतिक्रियावादी प्रारूप

(ग) प्रकार्यपरक प्रारूप (रुकैया हसन)

एकाइ ख) नेपाली साहित्यको शैलीपरक र शैलीवैज्ञानिक समालोचना: विकासप्रक्रिया र प्रमुख कार्यहरू

१) नेपाली साहित्यका समालोचनाप्रक्रियामा कृतिको शैलीपक्षको अध्ययन: प्रमुख प्रयास र तिनका सैद्धान्तिक आधार, स्वरूप, विशेषता, उपलब्धि र सीमाहरू

२) नेपाली साहित्यको शैलीवैज्ञानिक समालोचनाका प्रयासहरू: सैद्धान्तिक आधार र ढांचा, प्रमुख प्रयास र तिनका स्वरूप, विशेषता र योगदान

एकाइ ग) शैलीवैज्ञानिक अध्ययनपत्र

१) शैलीवैज्ञानिक अध्ययनपत्रलेखनका निम्ति तयारी र अध्ययनप्रस्ताव यो पाठ्यांश लिन चाहने विद्यार्थीले शैलीवैज्ञानिक प्रायोगिक कार्यको निम्ति क्षेत्र र शीर्षकको छनोट गर्ने क्रममा तत्सम्बन्धी उपयुक्त शैलीवैज्ञानिक समालोचनाको ढांचा निश्चित गरी आवश्यक प्रारम्भिक अध्ययनका आधारमा अध्ययनप्रस्ताव तयार गर्नुपर्नेछ । उक्त क्षेत्र र शीर्षक - चयनका क्रममा नेपाली साहित्यको कुनै युग वा विधा-क्षेत्रको कुनै एक प्रबन्धात्मक वा उपयुक्त कृतिको चयन गरी आफ्नो अध्ययनका विशिष्ट पक्षको निर्धारण गर्नुपर्नेछ र सामान्यत: शोधप्रस्तावकै ढांचामा टङ्कित अध्ययनप्रस्ताव तयार गरी विभागमा आफ्नो नाम दर्ता गराउनुपर्नेछ ।

प्राइवेट विद्यार्थीले पनि नेपाली स्नातकोत्तर तहको पठनपाठन हुने विभागमा सो प्रस्ताव प्रस्तुत गर्न सक्नेछन् ।

२) सामग्रीको सङ्कलन, व्यवस्थापन र सामान्यीकरण, अध्ययनपत्रको मस्यौदालेखन, परिमार्जन, टङ्कन र सिलाइ तथा बाह्यमूल्याङ्कनका निम्ति विभागमा प्रस्तुति ।

(क) यस अध्ययनपत्रका स्वरूप र ढांचा शोधपत्रकै अनुरूप हुनेछन् । अध्ययनपत्र कम्तीमा ५० पृष्ठको हुनुपर्नेछ र *बाह्यमूल्याङ्कनका निम्ति टङ्कित अध्ययनपत्रका ३ वा विभागले तोकेअनुसारका प्रति विभागले तोकेको शुल्कसहित विभागमा प्रस्तुत गर्नुपर्नेछ ।*

(ख) सामान्यत: *चालू शैक्षिक सत्रको वार्षिक परीक्षाको तालिका सकिएको ३ महिनाभित्र सो अध्ययनपत्र सम्बन्धित विभागमा प्रस्तुत हुनुपर्नेछ ।*

द्रष्टव्य:

१. यस पाठ्यांशका एकाइ "क" र "ख" को पूर्णाङ्क ५० का निम्ति दुई घण्टाको बाह्य लिखित परीक्षा हुनेछ ।

२. यस पाठ्यांशको एकाइ "ग" को शैलीविज्ञानसम्बन्धी प्रायोगिक कार्यको पूर्णाङ्क ५० को शिक्षण कक्षागत सामूहिक मार्गदर्शन, गोष्ठी र कार्यशालाको सञ्चालन, सम्पर्क कक्षा आदि विधिका आधारमा सम्बन्धित शिक्षक वा शिक्षकहरूले गर्नेछन् । *यसका निम्ति कुनै खास निर्देशक तोकिनेछैनन् ।*

५. सहायक पुस्तक

१. मोहनराज शर्मा, *शैलीविज्ञान,* नेराप्रप्र, काठमाडौं

२. घनश्याम नेपाल, *शैलीविज्ञान,* आंकुरा प्रकाशन, गान्तोक

३. वासुदेव त्रिपाठी, *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा,* भाग १ र २, साझा प्रकाशन, काठमाडौं

४. अभि सुवेदी, *पाश्चात्य काव्यशास्त्र,* साझा प्रकाशन, काठमाडौं

५. ए.क्लुसेनार, *इन्ट्रोडक्सन टु लिटरेरी स्टाइलिस्टिक्स,* ब्याट्स्फोर्ड, लण्डन

६. आर. च्यापमन, *लिङ्ग्विस्टिक्स एण्ड लिटरेचर अन इन्ट्रोडक्सन टु लिटरेरी स्टाइलिस्टिक्स,* लिटिल फिड, न्यू जर्सी

७. सिमोन पोटेर, *लिङ्ग्विस्टिक क्रिटिसिज्म,* अक्सफोर्ड युनिभर्सिटी प्रेस, न्यूयोर्क

८. नगेन्द्र, शैलीविज्ञान, *नेशनल पब्लिशिंग हाउस,* नई दिल्ली

९. नगेन्द्र, (प्र.सं.) *भारतीय काव्यशास्त्र की भूमिका,* नेशनल पब्लिसिंग हाउस, नयी दिल्ली

१०. सुरेशकुमार, *शैलीविज्ञान,* द मैकमिलन कम्पनी अफ इन्डिया लिमिटेड, दिल्ली

११. सुरेशकुमार र रवीन्द्रनाथ श्रीवास्तव, (सम्पा.) *शैली और शैलीविज्ञान,* केन्द्रीय हिन्दीसंस्थान, आगरा

१२. कृष्ण गौतम, *आधुनिक आलोचना: अनेक रूप, अनेक पठन,* साझा प्रकाशन, काठमाडौं
१३. अभि सुवेदी, *रचना र माध्यम,* साझा प्रकाशन काठमाडौं
१४. मोहनराज शर्मा, *समकालीन समालोचना: सिद्धान्त र प्रयोग,* नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, काठमाडौं

पाठालोचन र अध्ययनपत्र (७)
समालोचनासमूह - ५

Nep.510-11

दसौं पत्र
पूर्णाङ्क: १००
वार्षिक पाठ्यभार: १५०

१. पाठ्यांशपरिचय

पाठालोचनको विकासप्रक्रियाका साथै आधुनिक पाठालोचनका आङ्ग्ल, अमेरिकाली जर्मन र फ्रान्सेली पद्धतिका आधारभूत स्वरूप र प्रक्रियासंग सम्बद्ध प्रमुख मान्यता, पद्धति, नियम र प्रविधि एवं नेपाली पाठालोचन परम्पराको अध्ययन र पाठालोचनात्मक प्रायोगिक कार्यसम्पादन

२. पाठ्यांशको उद्देश्य

यस पाठ्यांशका अध्ययनबाट विद्यार्थीहरूले निम्नलिखित ज्ञान, सीप- क्षमता प्राप्त गर्नेछन्:

(क) हस्तलिखित पाण्डुलिपि र मुद्रित कृतिका पाठहरूको संरक्षण, पाठभेद अध्ययन र आदर्श पाठको निर्धारणसम्बन्धी पाश्चात्य परम्पराको जानकारी प्राप्त गर्न,

(ख) लेखकका कृति-लेखनप्रक्रियाका क्रममा मस्यौदा र परिमार्जनका चरणमा देखापर्ने पाठगत विकल्पको आलोचनात्मक अध्ययन गरी सृजनप्रक्रियाका बारेमा आधारभूत जानकारी प्राप्त गर्न,

(ग) लेखकको सम्पूर्ण ग्रन्थावलीको सम्पादन गर्न र त्यस परिप्रेक्ष्यमा लेखकीय सृजनात्मक विकासक्रमको पाठगत आलोचनात्मक अध्ययन गर्न,

(घ) पाठसम्पादनका सन्दर्भमा आधुनिक पाठालोचनका आङ्ग्ल-अमेरिकाली, जर्मन र फ्रान्सेली पद्धतिका आधारभूत स्वरूप र प्रक्रियाका भिन्नताका साथै तिनका प्रमुख मान्यता, पद्धति, नियम र प्रविधिको जानकारी प्राप्त गर्न

(ङ) नेपाली अभिलेख र पाण्डुलिपिका साथै मुद्रित सामग्रीको सङ्कलन र संरक्षण एवं पाठभेदगत निर्धारण तथा सम्पादनका परम्पराको जानकारी प्राप्त गर्न

(च) नेपाली अभिलेख, पाण्डुलिपि तथा मुद्रित सामग्रीको वस्तुगत र आदर्श पाठको अनि लेखकीय सम्पूर्ण ग्रन्थावलीको र लेखकीय कृतिगत मस्यौदा र लेखन-संशोधनको सन्दर्भमा पाठालोचनात्मक प्रायोगिक अध्ययन गरी त्यसका प्रतिवेदनका रूपमा अध्ययनपत्र प्रस्तुत गर्न

३. एकाइविभाजन

क) पाश्चात्य पाठसम्पादनको परम्परा र पाठालोचनको स्वरूप

(पा.घ. १, वार्षिक कक्षा ३०)

ख) आधुनिक पाश्चात्य पाठालोचनका आङ्ग्ल - अमेरिकाली, जर्मन र फ्रान्सेली मान्यता तथा तिनका प्रमुख पद्धति

(पा.घ. १, वार्षिक कक्षा ३०)

ग) नेपाली पाठालोचनका परम्परा र पद्धति, (पा.घ. ०½, वार्षिक कक्षा १५)

घ) नेपाली पाठालोचनासम्बन्धी प्रायोगिक कार्यमूलक अध्ययनपत्र, (पा.घ. २½ , वार्षिक कक्षा ७५)

४. पाठ्यवस्तु विवरण

एकाइ क) पाश्चात्य पाठसम्पादनपरम्परा र पाठालोचनको आधारभूत स्वरूप

१) सांस्कृतिक उत्तराधिकारका प्राचीन लिखित पाण्डुलिपिको सङ्ग्रह, संरक्षण, प्रतिलिपिकरण र पाठसम्पादनको प्राचीन ग्रिसेली परम्परा र त्यसको परवर्ती प्रभाव

२) (क) युरोपका परवर्ती युगका प्रतिलिपिकारिता र पाठभेदका सन्दर्भमा स्थापित पाठसम्पादनको परम्परा र यसका मुख्य प्रवृत्तिहरू, (ख) मूल पाठको खोज र प्रतिलिपि पाठका पाठभेदका तुलनामा आधारित पाठसम्पादन र पाठसुधारको प्रक्रिया

३) (क) वैज्ञानिक तथ्यवाद र ऐतिहासिक भाषाविज्ञानको उदयका सन्दर्भमा प्राचीन ग्रिसेली तथा ल्याटिन ग्रन्थ एवं नव्य युरोपेली भाषाका ग्रन्थका उपलब्ध विभिन्न पाठका पाठभेदको तुलनात्मक अध्ययनको परम्परा र यसका मुख्य प्रवृत्तिहरू ; (ख) पाठभेदको व्याख्या र पाठालोचनका जर्मन र आङ्ग्ल / अमेरिकाली पद्धतिको अभ्युदय र तिनका मुख्य विशेषता; (ग) पाठअनुवंशविज्ञान र पाठ संपादनका नियम तथा उपलब्धि (घ) विवेकवादको उदय र बाइबलको पाठव्याख्यापरक विद्वत्ता, (ङ) फ्रान्सेली पाठव्याख्या विज्ञान र उत्कृष्ट पाठका अवधारणा तथा तत्सम्बन्धी अध्ययनपद्धति, (च) मुद्रित ग्रन्थका आधिकारिक पाठनिर्धारणका सन्दर्भमा लेखकीय अभिप्राय र सहमतिका अवधारणा र तत्संबन्धी अध्ययनपद्धति

४) (क) पाठालोचन: उद्देश्य, स्वरूप, परिभाषा, अभिनियम र उपयोगितास, (ख) सामग्रीसङ्कलन, पाठचयन, पाठसुधार र पाठात्मक आलोचना;

एकाइ ख) आधुनिक पाश्चात्य पाठालोचनका आङ्ग्लो अमेरिकाली, जर्मन र फ्रान्सेली मान्यता तथा तिनका प्रमुख पद्धति

१) आङ्गल अमेरिकाली आधुनिक पाठालोचन : प्रमुख मान्यता र पद्धति

क) सन्दर्भविवरण (विब्लिओग्राफी) को नवरूप र पाठसम्पादन पद्धतिमा त्यसको प्रयोग;

(ख) समीक्षात्मक सन्दर्भविवरण र पाठालोचन ;

(ग) लेखकीय अधिकृत पाठ र अनधिकृत पाठविचलन;

(घ) मूल पाठको लोप र निकटतम उपलब्ध पाठको साक्ष्य

(ङ) प्रतिलोम पाठअनुवंशका अवधारणा र पद्धति

(च) आधारभूत उपलब्ध प्रतिलिपि पाठ (कपीटेक्स्ट) को चयन र सुधारितस सम्पादित आदर्शपाठ;

(छ) पाठसम्पादनका क्रममा लेखनपद्धति र विरामका चिह्नका समस्या,

(ज) मुद्रित पाठका सम्पादनका क्रममा छपाइत्रुटि तथा लेखकीय अभिप्राय र संशोधनका अवधारणाको पुन: प्रवेश;

(झ) पाठालोचनका नवप्रवृत्ति र सिर्जनप्रक्रियासंबन्धी विश्लेषणस

२) **जर्मन आधुनिक पाठालोचन**

(क) संरचनावादको प्रभाव र जर्मन पाठालोचनमा नवचिन्तनको प्रवेशस

(ख) पाठका स्थायित्व, अस्थायित्व र मध्यस्थताका अवधारणा;

(ग) एक लेखकका सम्पूर्ण ग्रन्थावलीको ऐतिहासिक पाठालोचनात्मक सम्पादन: पद्धति र प्रवृत्ति:

(घ) कृतिगत पाठको रचना र सम्पादन (संशोधन परिमार्जन) का क्रममा निर्धारक तत्वको क्रममा लेखकीय अभिप्राय र प्रकाशनका सामाजिक सञ्चारिक सन्दर्भको भूमिका;

(ङ) सिर्जनक्रियाको मनोविज्ञानसंवन्धी मान्यता;

(च) मस्यौदापाण्डुलिपिका अनियत पाठ र वैकल्पिकता;

(छ) लेखकीय रचनाकालीन टिपोट र पाण्डुलिपिका विभिन्न संशोधन एवं कृतिपरित्यागसंबन्धी अध्ययन;

(ज) लेखकीय कृतिपरिष्कारका क्रममा पाठगत आङ्गिक विकास ;

(झ) अन्विति र सौन्दर्यका संभावना;

(ञ) कृतिगत परिष्कारका सन्दर्भमा त्रुटि र गुणवत्ताका अवधारणा;

(ट) पाठगत विकल्पका बहिरङ्ग र अन्तरङ्ग निर्धारकहरू र तिनका परस्पर परिपूरकता र विरुद्धताका मान्यता;

(ठ) कृतिका पाठगत संशोधनका क्रममा लेखक स्वयंको पाठकीय भूमिका;

(ड) कृतिको उद्भवविन्दु र अन्तरङ्ग विकासप्रक्रियासंबन्धी पाठकीय विश्लेषण;

(ढ) उक्त पाठालोचनका क्रममा कृतिका पाठभेदसंबन्धी पादटिप्पणी, समीक्षात्मक सन्दर्भविवरण र परिशिष्टको प्रयोग;

(ण) लेखकस्वीकृत पाठ (क्लेयर्ड टेक्स्ट) र परिमार्जन असमाप्त (अनफिनिस्ड टेक्स्ट) पाठ;

(३) **फ्रान्सेली आधुनिक पाठालोचन**

(क) जर्मन प्रभाव र फ्रान्सेली सिर्जनात्मक समालोचना बीचको अन्तर्क्रिया र पाठालोचनका नवप्रवृत्ति;

(ख) लेखकस्वीकृत पाठका सन्दर्भमा प्राथमिक पाठ (अभांगार्द टेक्स्ट)

(ग) पाठगतविकल्प र भिन्नताका सन्दर्भमा सिर्जनप्रक्रिया र साहित्यको तृतीय आयाम

(घ) पाठालोचन र संरचनावादी भाषाविज्ञानको संबन्ध,

(ङ) ऐतिहासिक, सामाजिक, मनोविश्लेषणात्मक, सङ्रथनात्मक र सौन्दर्य वादी समालोचनासंग पाठालोचनको संबन्ध

एकाइ ग) नेपाली पाठालोचनका परम्परा र पद्धति

१) संस्कृत पाठसम्पादनपद्धति र नेपाली पाठसम्पादनमा त्यसको प्रभाव;

२) पाश्चात्य पाठसम्पादनपद्धतिबाट नेपाली पाठसम्पादन/पाठालोचनले प्राप्त गरेका प्रमुख उत्प्रेरणा र प्रभाव

३) नेपाली पाठसम्पादन/ पाठालोचनप्रक्रियाका प्रमुख प्रयास, प्रवृत्ति, उपलब्धि, चुनौति र संभावनाहरू

एकाइ घ) नेपाली पाठालोचनसंबन्धी प्रायोगिक कार्यमूलक अध्ययनपत्र

१) नेपाली पाठालोचनसंबन्धी प्रायोगिक कार्यको तयारी र अध्ययनप्रस्ताव

क) यो पाठ्यांश लिने विद्यार्थीले पाठालोचनसम्बन्धी प्रायोगिक कार्यका निम्ति क्षेत्र र शीर्षकको चयन गर्ने क्रममा नेपाली प्राचीन वाङ्मयको कुनै हस्तलिखित ग्रन्थका पाण्डुलिपिका पाठहरू, नेपाली साहित्यका कुनै मुद्रित ग्रन्थका पाठहरू वा नेपाली साहित्यको कुनै कृतिको रचनाकालीन/परिमार्जनकालीन र प्रकाशित पाठहरूको पाठालोचन प्रस्तुत गर्नुपर्नेछ । यस क्रममा सम्बन्धित विद्यार्थीहरूले त्यस्ता पाठहरूको उपलब्धता, तत्संबन्धी अध्ययनपद्धति र अध्ययनयोजना समेत निश्चित गरी पाठालोचनसंबन्धी अध्ययनप्रस्ताव (अवधारणापत्र) तयार गरी विभागमा पेश गर्नुपर्नेछ । *प्राइवेट परीक्षार्थीहरूले पनि नेपाली स्नातकोत्तर पठनपाठन हुने कुनै विभागमा सो प्रस्ताव प्रस्तुत गर्न सक्नेछन् ।*

(ख) सामग्रीसङ्कलन, अध्ययन र पाठविश्लेषणसंबन्धी कार्य

(ग) पाठालोचनसंबन्धी अध्ययनपत्रका मस्यौदा, परिमार्जन, टङ्कन, सिलाइ र विभागमा वाह्यमूल्याङ्कनका निम्ति प्रस्तुति

द्रष्टव्य:

१) पाठालोचनसंबन्धी अध्ययनपत्र कम्तीमा पचास पृष्ठसम्मको हुनु पर्नेछ । यसको स्वरूप र ढांचा सामान्यत: शोधपत्र कै अनुरूप हुनेछ ।

२) सामान्यत: *अध्ययनपत्र चालु शैक्षिक सत्रको वार्षिकपरीक्षाको: समयतालिका सकिएपछिको ३ महिनाभित्र तयार गरी ३ वा विभागले तोकेअनुसारका प्रति संबन्धित विभागमा प्रस्तुत गर्नुपर्नेछ ।*

३) अध्ययनपत्रको *मूल्याङ्कनशुल्क संबन्धित विभागद्वारा तोकिए बमोजिम हुनेछ ।*

४) यस पाठ्यांश अन्तर्गतका एकाइ क, ख र ग का पूर्णाङ्क ५० का निम्ति दुई घण्टाको लिखित वाह्यपरीक्षा हुनेछ ।

५) यस पाठ्यांशको एकाइ "घ" को पाठालोचनसंबन्धी प्रायोगिक कार्यको पूर्णाङ्क ५० को शिक्षण कक्षागत सामूहिक मार्गदर्शन, गोष्ठी र कार्यशालाको संचालन, सम्पर्ककक्षा आदि प्रक्रियाहरू पूर्वअध्ययनपत्रहरूमा निर्देशित विधिका आधारमा संबन्धित शिक्षक वा शिक्षकहरूले गर्नेछन् । यसका निम्ति कुनै निर्देशक तोकिनेछैनन् ।

५. सहायक पुस्तक (संबद्ध अंश मात्र)

१, एस.एम. कात्रे, *भारतीय पाठालोचना की भूमिका* (अनु.) डा. उदयनारायण तिवारी, मध्यप्रदेश हिन्दीग्रन्थ अकादमी, भोपाल

२, सावित्री सिन्हा र विजयेन्द्र स्नातक, (सम्पा.) *अनुसन्धान की प्रक्रिया,* नेशनल पब्लिशिंग हाउस, दिल्ली
३. कन्हैया सिंह, *पाठ सम्पादन के सिद्धान्त,* महामनाप्रकाशन मन्दिर, इलाहावाद
४. डा. गोविन्दनाथ राजगुरु, *पाठालोचन के सिद्धान्त,* हरियाणा साहित्य अकादमी, चण्डीगढ
५. फ्रेड्सन बोवेर्स, *टेक्स्च्युयल एण्ड लिटेरेरी क्रिटिसिज्म,* क्याम्ब्रिज युनिभर्सिटी प्रेस, लण्डन
६. मिचेल ग्रोडेन र मार्टिन क्रेइस्वर्थ, *द जोन हप्किन्सन गाइड टु लिटेरेरी थ्योरी एण्ड क्रिटिसिज्म,* द जोन हप्किन्स युनिभर्सिटी प्रेस, बाल्टिमोर, लण्डन ।

TEXT BOOK

CDC - T.U./025/2056 (99) - M.A.